# अनुसन्धानमूलक शिक्षण पद्धतिबाट पठनपाठनमा जोड

भक्तपुर । विद्यार्थी निकेतन माध्यमिक विद्यालयको ७९ औं स्थापना दिवसको अवसरमा 'शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भन्नुभयो, "विद्यार्थी निकेतन रहेको स्थानमा एसियाकै ठूलो मध्यकालीन ऐतिहासिक अभिलेखालय थियो । सो स्थानमा मुस्लिम शासकहरू र एकीकरणको क्रममा भएको हमलाले सम्पूर्ण प्रमाण नष्ट भएकोले त्यसलाई नयाँ तरिकाले जीवित राख्न शैक्षिक ल्याव, पुस्तकालय एवं रिडिङ सेन्टरको रूपमा विकास गर्ने योजना थियो, त्यस कुराले सार्थकता पाउन सकेन । यो योजना सफल भएको भए भक्तपुरलाई शैक्षिक केन्द्रको विकासमा थप टेवा पुग्ने थियो ।"

"प्रजातन्त्र पनि कहिलेकाहीँ प्रत्युत्पादक हुनसक्ने, बहुमतले सही र दीर्घकालीन योजनालाई समेत विफल बनाउँदा जनताको सुविधाबाट वञ्चित हुनुपर्ने हुन्छ", उहाँले भन्नुभयो ।

कुनै पनि नयाँ काम गर्दा बाधारहित नहुने, नागबेली बाटोबाट अगाडि बढ्ने हुँदा विद्यार्थी शिक्षकहरूले पनि उत्साहित भएर नयाँ तरिका अपनाई शैक्षिक क्रियाकलापमा लाग्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, "नयाँ पुस्ताका विद्यार्थीहरू धेरै अध्यावधिक भएको हुनाले प्रयोगात्मक एवं अनुसन्धानमूलक शिक्षण पद्धतिबाट पठनपाठनको कार्य जोडतोडले अगाडि बढाउनुपर्दछ ।"

धनीवर्गका छोराछोरीलाई तालिम दिएर नेपालमा अमेरिका र भारतले आन्दोलन गराएको यथार्थ हामीसामु रहेकोले गरीबका छोराछोरीहरू पनि राजनैतिक रूपमा शिक्षित भई देश जोगाउनको लागि होमिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

गणेश मावि भार्वाचोका प्रअ गणेशराम थुसाले स्थानीय समुदायको योगदानको कारण भक्तपुर नगरमा सामुदायिक भवनको जग बसेको हुनाले त्यस योगदानको मूल्याङ्कन गर्दै कार्यरत शिक्षक कर्मचारीहरूले जागिरे प्रवृत्ति छोडी सेवामूलक भावले काम गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

समाजसेवी हिमालयश्वरलाल मूलेले विद्यालयले माध्यमिक कक्षालाई पनि विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्न सुझाव दिनुभयो ।

शिक्षासेवी नारायणप्रसाद त्वायनाबासुले विद्यार्थीहरूलाई अनुशासित बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुशल अभ्यासलाई जोड दिनसके उत्कृष्ट

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २२ ✪ ९ असार २०८३, मङ्गलबार ✪ 23 June 2026, Tuesday ✪ मूल्य रू. १०/-

# "सरकारको स्वास्थ्य नीति र औषधि उपचारको राम्रो व्यवस्था भएको भए आधा मान्छे मर्ने थिएनन्"




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) की जीवन साथी तथा नेपाल क्रान्तिकारी महिला सङ्घकी पूर्व केन्द्रीय कोषाध्यक्ष शोभा प्रधानको चौथो स्मृति सभा सोमबार सम्पन्न भएको छ । कार्यक्रममा वक्ताहरूले नेतृ प्रधानको जीवन र योगदानबारे विभिन्न कोणबाट प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा अध्यक्ष नारायणमान बिजुक्छेँले जीवनको लामो अवधि निर्वासन, जेल र डेरामा बिताएको हुँदा घर पनि डेराजस्तो लाग्ने गरेको बताउनुभयो। पैसा कमाउने, ठूलो हुने, झिलिमिली खानेजस्ता ठूलो इच्छा-आकाङ्क्षा नराख्ने गरेकोमा शोभा प्रधानले घर सम्हाल्ने गरेको उहाँले स्मरण गर्नुभयो ।

सरकारले क्यान्सरको औषधिको व्यवस्था गर्न नसकेकैले शोभा प्रधानको निधन भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "सरकारको स्वास्थ्य नीति राम्रो र औषधि उपचारको व्यवस्था भएको भए आधा मान्छे मर्ने थिएनन् ।"

उहाँले नेता तथा कार्यकर्तालाई जनताको सक्दो सेवा गर्न जोड दिनुभयो। २०१५ सालमा भक्तपुरमा जम्मा एक जना इन्जिनियर भएकोमा आज घनत्वको हिसाबले भक्तपुरमा देशकै धेरै इन्जिनियर उत्पादन भएको उहाँले जिकिर गर्नुभयो। भक्तपुर नगरपालिकाले सञ्चालन गरेका अस्पताल र शिक्षालयले देशभरिकै गरिब जनताका छोराछोरीलाई सस्तो सेवा दिइरहेको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "क्रान्ति गर्न नसके पनि जनताको सेवा त गर्यौं । धेरै ठूलो कुरा नगरेर सानो काम गरेर पनि जनताको सेवा गर्न सकिन्छ ।"

स्मृति सभामा वाग्मती प्रदेशसभा सदस्य सुजना सैँजूले नेतृ प्रधानले कार्यकर्ताहरूको राम्रो हेरविचार गर्ने गरेको स्मरण गर्नुभयो ।

नेतृ प्रधानले २०४५ सालको भक्तपुर काण्डमा सहेको यातना र योगदानलाई इतिहासले लेखाजोखा गरेको बताउनुभयो । उहाँलाई शैक्षिक आन्दोलन, महिला आन्दोलन र साक्षरता तथा स्वास्थ्य अभियन्ताको रूपमा बुझ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा पोषणविद् डा. कान्ति श्रेष्ठले नेपालका रैथाने बोटबिरुवा र

बाँकी पृष्ठ १२ मा

# समाजलाई सही दिशामा अघि बढाउन विद्यार्थी, युवा तथा जनप्रतिनिधिहरूलाई शिक्षित र प्रशिक्षित बनाउन आवश्यक

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको बीसौँ नगरसभाको आइतबार एक विशेष समारोहबिच उद्घाटन गर्नुभयो ।

उद्घाटन सत्रमा प्रमुख अतिथि बिजुक्छेँले विकास निर्माणको कामलाई अघि बढाउँदा ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

उहाँले विकासको क्रममा भएका कामहरूको समीक्षा गर्दै कहाँ र कसरी कमजोरी भएका छन् भन्ने विषयमा आत्मसमीक्षा गर्न आवश्यक रहेको उल्लेख गर्दै जनप्रतिनिधिहरूले जनताको आवश्यकता र अपेक्षाअनुसार काम गर्नुपर्ने तथा जनतामाझ सही सूचना प्रवाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

समाजमा देखिएका कमजोरी र विकृतिलाई सुधार्दै अघि बढ्नुपर्ने उल्लेख गर्दै उहाँले विकासको नाउँमा सम्पदामाथि असर पुग्ने गतिविधि गर्न नहुने बताउनुभयो । उहाँले भक्तपुरको ऐतिहासिक पहिचान जोगाउनु सबैको साझा दायित्व भएको धारणा व्यक्त गर्नुभयो ।

पुरातात्त्विक महत्त्वका क्षेत्रहरूमा कुनै पनि निर्माण, पुनर्निर्माण वा उत्खनन् कार्य गर्नुअघि सम्बन्धित विज्ञसँग परामर्श, अध्ययन तथा अनुसन्धान गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले अज्ञानतावश गरिने निर्णयले ऐतिहासिक सम्पदामा क्षति पुग्न सक्ने भएकोले यस विषयमा जनप्रतिनिधि र सरोकारवाला निकाय सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले समाजलाई सही दिशामा अघि बढाउन विद्यार्थी, युवा तथा जनप्रतिनिधिहरूलाई निरन्तर शिक्षित र प्रशिक्षित बनाउन आवश्यक रहेको उल्लेख गर्दै दूरदर्शी सोच, अनुशासन र जिम्मेवार नेतृत्वबाट मात्र समाजको समग्र विकास सम्भव हुने बताउनुभयो ।

उहाँले विकास र संरक्षणलाई सँगसँगै अघि बढाएर भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक पहिचान जोगाउँदै समृद्ध समाज निर्माण गर्न सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीजस्ता जनताका आधारभूत आवश्यकतालाई प्राथमिकतामा राख्दै निर्वाचन घोषणापत्रअनुसार काम गर्दै आएको चर्चा गर्नुभयो ।

"नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' ले हामीलाई काम गर्न दिशानिर्देश गरिरहेको छ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात गर्दै हामी सम्पूर्ण जनप्रतिनिधि भक्तपुरको विकासको निम्ति अगाडि बढ्दै छौं ।", उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आन्तरिक र बाह्य सीमित स्रोत र साधनहरूको आधारमा जनताको असीमित आवश्यकतालाई पूरा गर्नुपर्ने जिम्मेवारी रहेको बताउँदै उहाँले प्राथमिकता क्रमको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भूकम्प र कोभिड-१९ महामारीपछिको कठिन परिस्थितिका बिच भक्तपुर नगरपालिकाले हासिल

बाँकी पृष्ठ १२ मा

# विद्यार्थीलाई देशभक्त र निःस्वार्थ बनाउनु जरूरी

भक्तपुर । वि.सं.२०७२ सालको भूकम्पले क्षतिग्रस्त बनाएको भक्तपुर वडा नं. २ स्थित ऐतिहासिक शारदा मा.वि.को भवन मौलिक शैलीमा सम्पन्न गरी शुक्रबार एक समारोहबिच उद्घाटन कार्यक्रमको आयोजना गरियो ।

उक्त उद्घाटन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' लेखेर भक्तपुरको संस्कृति र कलाको महत्त्वबारे संसारको अगाडि राख्नुभएको हो । शारदा माविको भवन नेपाली शैलीमा पुनः निर्माण भई आज उद्घाटनसमेत हुनुले भक्तपुरको संस्कृति र कलाको महत्त्व थप उजागर भएको छ ।"

उहाँले भन्नुभयो, "जग बलियो भए घर बलियो हुन्छ भनेजस्तै विद्यालय शिक्षा राम्रो भए विश्वविद्यालय शिक्षा राम्रो हुनेछ ।"

विद्यालय र कलेजमा वैज्ञानिक सोचाइसहितको शिक्षा दिई विद्यार्थीहरूलाई देशभक्त र निःस्वार्थ बनाउनु जरूरी रहेको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "देशभक्तहरूको आन्दोलन समाजमा भएको रूढीवादी विचार अन्त्य गर्न र देश निर्माणको लागि हुनु आवश्यक छ ।"

"कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन र निर्णय अंश अध्ययन गर्दा गत भदौ २३ र २४ गतेको आन्दोलन उपद्रव मच्चाउन भएको पुष्टि हुन्छ । यो उपद्रवको जिम्मेवार ३५ वर्ष यता पालैपालो सरकारमा गएका शासक दलहरू पनि हुन्", उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "आन्दोलनका आयोजकहरूले

बाँकी पृष्ठ १२ मा

# कैलालीमा शोभा प्रधानको स्मृतिसभा

कैलाली । नेपाल क्रान्तिकारी महिला सङ्घ कैलालीको आयोजनामा सङ्घका केन्द्रीय पूर्वकोषाध्यक्ष शोभा प्रधानको चौथो स्मृति सोमबार सभा पार्टी कार्यालय बघौरा लम्किमा गरियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले शोभा प्रधानप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोभा प्रधानको मृत्युले पार्टीलाई अपूरणीय क्षति पुगेको बताउनुभयो । नाता सम्बन्धले नेपाल कम्युनिस्ट आन्दोलनका वरिष्ठ नेता, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँकी जीवनसङ्गिनी शोभा प्रधानले नेमकिपाका विभिन्न जनवर्गीय सङ्गठनमा आवद्ध रही पार्टी गतिविधिमा सक्रिय रहनुभएको उहाँले स्पष्ट पार्नुभयो ।

पार्टी गतिविधि र सक्रिय राजनीतिको व्यस्तताले निजी जीवनमा कमै मात्र समय दिन भ्याउनुहुने अध्यक्ष नारायणमान बिजुक्छेँको घर, परिवार, सामाजिक जिम्मेवारी र आर्थिक बन्दोबस्त समालेर उहाँले अध्यक्ष बिजुक्छेँलाई देश र जनताको सेवामा समर्पित भएर लाग्न अथक मद्दत गर्नुभएको बताउनुभयो । राजनीति गुलाफको ओछ्यान होइन, काँडैकाँडाले भरिएको बाटो हो भन्ने थाहा भएर पनि बिजुक्छेँको जीवन साथी बन्ने शोभा प्रधानको निर्णय देश र जनताको सेवामा आफ्नो तर्फबाट पनि केही योगदान गर्ने उद्देश्यबाट अभिप्रेरित भएको उहाँले प्रस्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले प्रधानप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको जीवनीबारे बताउनुभयो ।

कार्यक्रम नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव एवं कैलाली अध्यक्ष लक्ष्मी पुनको अध्यक्षतामा भएको थियो । जानकी सिजापति, हरिकला विष्ट, तारा तिरुवा र प्रतिभा रावलले प्रधानप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको राजनीतिक जीवनबाट धेरै पाठ सिक्न आवश्यक छ भन्नुभयो ।

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

❖ घर वरिपरि पानी जम्न नदिऔं,
❖ सुत्दा अनिवार्य रुपमा झुल/मच्छरदानी प्रयोग गरौं,
❖ लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
❖ घर तथा वातावरण सफा र स्वच्छ राखौं,
❖ झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
❖ डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
❖ फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
❖ समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



क्रिस हानी
(दक्षिण अफ्रिकी जननेता)

स्वतन्त्रता आन्दोलनको सबैभन्दा ठुलो डर स्वतन्त्रताका नेताहरू आफै मर्सिडिज बेन्ज चढेर डुल्ने, देशको स्रोतसाधन दुरुपयोग गरी महलमा बस्ने र धनीहरूको बिचमा रमाउने नवधनाढ्यमा रुपान्तर हुनु हो ।

## सम्पादकीय

# भनपाको २० औँ नगरको नीति तथा कार्यक्रम प्रस्तुत

भक्तपुर नगरपालिकाको २० औँ नगरसभामा आफ्नो नीति तथा कार्यक्रममा सांस्कृतिक र ऐतिहासिक सम्पदालाई संरक्षण र संवर्द्धन गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्ने, गुणस्तरीय इन्जिनियरिङ, वातावरण र पर्यावरण, अनुसन्धानमूलक शिक्षा, राजनीतिदेखि दर्शनशास्त्र एवं अर्बान डिजाइन एन्ड कन्जरभेसन विषयको उच्च शिक्षा अध्ययन गर्ने स्नातक, स्नातकोत्तरदेखि विद्यावारिधीसम्म छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिने, शिशु स्याहारदेखि आदर निकेतनलाई चालू राख्ने, ख्वप अस्पताललाई स्तरोन्नति गर्ने नीतिदेखि मेडिकल कलेजसमेत स्थापना गर्ने उल्लेख छ ।

नगर प्रमुख सुनिल प्रजापतिले आ.व. २०८३/८४ को बजेटमा खेलकुद, डकर्मी, सिकर्मी आदि सीपको तालिम सञ्चालन गरी स्वरोजगारको निम्ति थप कार्यक्रम अगाडि बढाउँदै भक्तपुर नगरलाई देशका स-साना नगर र पालिकाहरूको निम्ति एक 'टेस्टट्युव' अर्थात् एक उदाहरण प्रस्तुत गर्ने 'नीति तथा कार्यक्रम' प्रस्तुत गर्ने बताइएको छ ।

भक्तपुरका बुद्धिजीवी र साधारण कामदार जनता अहिले काठमाडौँ उपत्यकालाई इटालीको रोम सहरजस्तै 'महानगर' र भक्तपुरलाई 'भेटिकन सिटी' सँग तुलना गर्दै छन् । रोमको 'भेटिकन सिटी' पनि संसारको सबभन्दा सानो नगर (देश) को रूपमा हेरिन्छ । त्यसको क्षेत्रफल ०.४४ वर्गकिलोमिटर वा ०.१७ वर्ग माइल मात्र छ ।

भेटिकन सिटी क्याथोलिक धर्मावलम्बीहरूको केन्द्र हो भने भक्तपुर लायकु, (दरबार स्क्वायर) पाँचतले मन्दिर र भैरव मन्दिर अर्थात् टौमढी, दत्तात्रय मन्दिर र क्षेत्र विश्व सम्पदा हो । भक्तपुरको टोल टोल र चोक चोकमा हिन्दू धर्मका विद्यापिठ र बौद्ध धर्मका बहाहरू पनि यथेष्ट छन् ।

यसरी प्राचीन कला र सांस्कृतिक भक्तपुर नगरलाई नपाले आधुनिक विज्ञान र प्रविधियुक्त देशको एक उदाहरणीय नगरको रूपमा प्रस्तुत गर्ने उद्देश्य राख्दै छ ।

**रास्वपाको प्रथम महाधिवेशन**

'रास्वपा प्रथम महाधिवेशन उद्घाटन', 'केन्द्रमा पुग्न बग्रेल्ती आकाङ्क्षी तर कसरत सर्वसम्मतिको' (राजधानी, ८ असार २०८३)

आश्चर्य के छ भने वर्तमानमा 'महानगर', 'उपमहानगर' र 'नगरपालिका' एवं 'गाउँपालिकाहरू' समेत भद्रगोल भइरहेको बेला 'सरकारले संविधानले तोकेकै आधारमा सङ्घीय संरचना पुनःसंरचना अभ्यास सुरू' गरेको छ । ( राजधानी, ८ असार २०८३)

सरकारले नयाँ नयाँ नगर घोषणा गर्नुभन्दा पहिले सम्भावित नगरहरूको खानेपानीको बन्दोबस्त गर्न, रिजरभभ्वायर, फोहर व्यवस्थापनको निमित्त बस्तीदेखि कमसेकम २०-२५ किलोमिटर टाढा क्षेत्रलाई डम्पिङ साइट घोषणा गर्ने, बस पार्कहरू र ढल (उपचार पोखरी) एवं 'उद्योग क्षेत्र' घोषणा गर्ने क्षेत्रसमेत नगर घोषणा गर्नुभन्दा पहिले नै खाका वा योजना बनाउनु बुद्धिमानी हुनेछ ।

हरेक विषय हचुवाको आधारमा र कुनै अर्कै उद्देश्यलाई लुकाएर गाउँ, नगर, महानगरहरू घोषणा गर्नु बुद्धिमानी हुनेछैन भन्ने देशकै अनुभवले बताउँछ ।

XXX

**नेकपा पनि महाधिवेशनमा केन्द्रित र नेपाली कम्युनिस्ट पार्टीमा आपसी हानथाप**

२०८३ असार ८ कै 'राजधानी' ले लेख्यो - 'गगनदेखि बाबुरामसम्म पुग्दा हर्कको बहिष्कार ।'

रास्वपाका वरिष्ठ नेता एवं प्रधानमन्त्रीले संसद्मा 'नेपालले पनि भारतको सीमा मिचेको' अभिव्यक्तिमा माफी नमाग्दा श्रम संस्कृति पार्टी रास्वपाको प्रथम महाधिवेशनमा शुभकामना दिन उपस्थित हुन नसकेको बताइयो । तर, अरू पुराना शासक दल र प्रधानमन्त्रीसमेत भएकाहरूले 'रास्वपाको प्रथम महाधिवेशनमा उपस्थित भई' शुभकामना दिनु 'भालुलाई पुराण' हुने जनतामा व्यापक चर्चा छ ।

'नेकपा पनि महाधिवेशनमा केन्द्रित' (नयाँ पत्रिका - ८ असार २०८३) । 'अध्यक्षसहित पदाधिकारीले पनि पद छाड्नुपर्छ', 'ओलीलाई मात्र दोष थोपरेर उम्कन मिल्दैन' जस्ता एमालेभित्र पनि भनाभन भइरहेको बताइएको छ । ( नागरिक समाचार, ८ असार २०८३)

सुनिन्छ, २६ दलको 'नेपाली कम्युनिस्ट पार्टी' मा पनि नेताहरू आपसमा हिलो छ्यापाछ्यापमा छन् ।

# के शासक दलहरूको 'कोर्ट' मा नेपालको सार्वभौमिकता सुरक्षित होला ?

✍ **प्रज्ज्वल**

राजनीतिक पार्टीहरूले राजनीति देश र जनताको निःस्वार्थ सेवाको लागि गर्ने हो । उत्पादनका मुख्य-मुख्य साधन र सेवा व्यक्तिले कब्जा गर्ने पुँजीपतिवर्गको पार्टी राजनीतिले देश कब्जा गरेसम्म व्यापक जनताको हित हुनेछैन । संरा अमेरिका, क्यानडा, बेलायत, अस्ट्रेलिया, भारत सबै पुँजीपतिवर्गले आफ्नो अनुकूलका पार्टीले सरकार चलाएका देशहरू हुन् । उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण गर्ने पार्टीले सरकार चलाएका देशमात्र जनताको हितमा काम गर्न सक्छन् ।

रास्वपाको बालेन सरकारले आर्थिक उदारीकरणमार्फत नेपाल र नेपाली जनताको समस्या समाधान गर्ने बताएको सम्भव होइन । रास्वपाको आर्थिक उदारीकरणको अर्थ उत्पादनका मुख्य-मुख्य साधन र सेवा केही व्यक्तिको मातहतमा दिने हो । रास्वपा सरकारको गत जेठ १५ गतेको बजेटमा मित्र देश रूसले सहयोग गरेको गोरखकाली रबर उद्योगसमेत सात ओटा सरकारी उद्योग केही व्यक्तिलाई बेच्ने उल्लेख छ ।

रास्वपाको पहिलो महाधिवेशन असार ७ गते चितवनमा सुरु भयो । रास्वपाको सरकार प्रमुख बालेनले आफ्नो सरकार स्थानीय सडकमा नहिँडेको बरु एक्सप्रेस सडकमा हिँडेको बस भएको र गन्तव्यमा नपुगेसम्म नरोकिने दाबी गरे ।

उनले महाधिवेशन उद्घाटनमा रास्वपालाई हावा चलेजस्तो नभएको र बाढी ल्याएर खोला फर्काएको जस्तो भएको, जनताको दुईतिहाइ समर्थन प्राप्त भएको, बिकासवादी र काम गर्ने पार्टी भएको, विगतका सरकारको सम्पत्ति दोहन भएको ठाउँमा निहुँ खोज्ने, निहुँ खोज्दा अख्तियारलाई ५ घण्टा सोधपुछ र सल्लाहका लागि मात्र होइन ५ वर्षसम्म गर्ने, कालापानी र लिपुलेकको प्रमाण भएको र त्यो प्रमाण बेलायतले भारतमा राज गरेको बेलाको ल्याउनुपरे ल्याउँछौँ भनेको, बेलायतको मध्यस्थता नखोजेको आदि उल्लेख गरे ।

बालेनले थपे - "मेरो राष्ट्रियताप्रति कसैले शङका मान्नु पर्दैन ।" उनले पार्टीमा गुट, उपगुट बनाउन नहुने, आफ्नो कार्यकालको सरकारले सुकुमवासी, सहकारी समस्या समाधान गर्ने र अर्को चुनावमा नयाँ विषय बोकेर जाने बताए । रास्वपा र यसको सरकारको दुई महिनाको हिँडाइ अध्ययन गर्दा ३५ वर्षयताका शासक दलको भन्दा नयाँ र फरक भएन ।

रास्वपाको निम्तामा चितवन महाधिवेशन पुगेका नेकाका गगन थापाले रास्वपाका कार्यकर्ताहरूलाई पार्टी शुद्ध बनाउन रास्वपाभित्र प्रश्न उठाउनुपर्ने औँल्याए ।

एमालेका प्रदीप ज्ञवालीले रास्वपा र यसको सरकारमा गतिसँगै ब्रेक हुनुपर्ने र नभए दुर्घटना हुने औँल्याए ।

राप्रपाका राजेन्द्र लिङ्देनले रास्वपालाई राजावादीहरूको पनि मत गएको हुँदा रास्वपा र यसको सरकारमा राजतन्त्र पुनःस्थापनातर्फ लाग्नुपर्ने औँल्याए ।

जनमत पार्टीका सीके राउतले जनता र हावा उस्तै हुने र हावा भरिएको बेलुन सानो प्वालसँगै फुस्कने औँल्याए ।

माओवादी सशस्त्र द्वन्द्वका एक नेता बाबुराम भट्टराईले रास्वपाको संवैधानिक समाजवाद स्पष्ट नभएको उल्लेख गरे । माओवादीका वर्षमान पुनले रास्वपाको अहिलेको सङ्ख्या अस्थायी हुने औँल्याए ।

रास्वपा सभापति रवि लामिछानेले रास्वपासँग देश सुरक्षित हुने र विकासको 'बल' बालेनको खुट्टामा भएको उल्लेख गर्दै केही गरी 'बल' आफूतिर आएमा बालेनतर्फ पास गर्ने बताए ।

रास्वपा सरकार प्रमुख बालेनले गएको जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा "नेपालले भारतको सीमा मिचेको छ" बोलेका थिए । नेपाली जनताले बालेनको सो भनाइको विरोध चालू राखेका छन् । सो दिनयता सार्वजनिक कार्यक्रममा नबोलेका बालेनले चितवनमा कालापानी र लिपुलेकको प्रमाण भएको दाबी गरे । तर, लिम्पियाधुरासम्मको नेपाली भूमि दाबी गरेनन् । रवि र बालेन दुवैले राजावादीलगायतको मत आएको स्वीकार गरे ।

सिक्किमको लेण्डुप दोर्जेले पनि संसद्मा झन्डै शतप्रतिशत स्थान कब्जा गर्दै देश सुरक्षित हुने दाबी गरेका थिए । तर, लेण्डुपले सिक्किम भारतको पोल्टामा राखे ।

पूर्वरास्वपा मुकुल ढकालले रवि लामिछानेको भारतीय दूतसँगको भेटबारे बोल्दै रविले आफूलाई प्रधानमन्त्री बनाइए देश सिक्किम बनाउन तयार भएको भारतीय दूतावासमा पुऱ्याउन अऱ्हाएको तर आफूले नगरेको उल्लेख गरेका थिए । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपूर्व रास्वपा उपसभापति स्वर्णिम वाग्लेले संरा अमेरिकाका पाँचौँ राष्ट्रपति जेम्स मुनरोको ल्याटिन अमेरिकी देशहरूलाई अमेरिकाको 'करेसाबारी' बनाउने 'मुनरो डक्ट्रिन' बारे उल्लेख गर्दै दक्षिण एसियामा भारतको 'मोदी डक्ट्रिन' को समर्थन गरेका थिए ।

रास्वपाको महाधिवेशनको लागि चितवनमा ३३ ओटा होटलमा अतिथिको लागि रिजर्भ गरिएको, बालेनको लागि १६ ओटा कोठा भएको पूरै होटल भाडामा लिइएको, वरिष्ठ नेतामा बालेन निर्विरोध हुने, आनन्दबहादुर चन्द केन्द्रीय सदस्य उम्मेदवार हुने चुनाव प्रचारको पानीको बोतल वितरण गरिएको, आधुनिक अस्थायी सभा हल निर्माण गरिएको आदि महत्त्वको विषय नहोला । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा रास्वपालाई कसले आन्दोलनको मोहडामा पठाए ? संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरि आगजनी कसले गर्न लगाए ? संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई निर्वाचन सरकारको प्रम बनाई प्रतिनिधिसभा भङ्ग र नयाँ चुनाव कसले गराए ? यी घटनामा नेपाली सेनाको संलग्नता के कस्तो रह्यो ? आदि प्रश्नहरूको जवाफ महत्त्वपूर्ण होला ।

अघिल्ला सरकारहरूले जस्तै रास्वपा सरकारले करोडौँ नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउने, साम्राज्यवादीहरूसँग ऋण ल्याएर देशलाई डुबाउने, कर्मचारीलाई खुसी पार्ने र बाँकी नेपाली जनताको टाउकोमा महँगीको मकै भुट्ने काम चालू राखेमा विकासको बल रास्वपा र यसका नेता कार्यकर्ताको खुट्टामा होइन अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीको खुट्टामा पुग्नेछ । त्यतिबेला नेपाल सुरक्षित कसरी होला ? के शासक दलहरूको 'कोर्ट' मा नेपालको सार्वभौमिकता सुरक्षित होला ?

*२०८३ असार ८ गते*

# व्यक्तिको नाममा दर्ता भएको सरकारी जग्गा पुनः सरकारकै नाममा ल्याउनुपर्छ




**शुक्र**

सरकारी, सार्वजनिक, पर्ती जग्गा सरकारी निकायको असावधानी, भूल वा प्राविधिक त्रुटिका कारण कुनै निजी व्यक्तिका नाममा स्रेस्ता खडा हुन गए वा दोहोरो दर्ता कायम हुन पुगे, त्यस्तो दर्ता स्वतः शून्य हुने फैसला सर्वोच्च अदालतले गरेको छ । काठमाडौँ बुढानीलकण्ठ स्कूल र व्यक्तिबिचको दोहोरो स्वामित्वको जग्गा विवादको मुद्दामा सर्वोच्च अदालतको संयुक्त इजलासले यस्तो फैसला गरेको हो ।

सर्वोच्च अदालतको फैसलाले भन्यो– "फगत कित्ता नम्बर उल्लेख नभएको प्राविधिक छिद्रलाई समातेर जग्गाको भौतिक र भौगोलिक अवस्थितिलाई नजरअन्दाज गर्न मिल्दैन । छुट जग्गा दर्ता नै कानुनी रूपमा शून्य, त्रुटिपूर्ण र आधारहीन भएका कारण उक्त दर्ताको हैसियत अहिले पनि शून्य रहेको र वैध मान्न सकिँदैन । अवैध जगमा निर्माण भएको स्रेस्ताको महल जतिसुकै आकर्षक र तह-तह सरेको भए तापनि त्यसले कानुनी संरक्षण प्राप्त गर्न सक्दैन ।"

"जग्गा दर्ताको स्रेस्ता आफैमा स्वामित्वको अकाट्य स्रोत होइन, बरु यो स्वामित्वको एउटा प्रथमदृष्टि प्रमाणसम्म हो । यदि दर्ताको आधारभूत जग नै कानुनविपरीत, शून्य वा त्रुटिपूर्ण छ भने त्यसमाथि खडा गरिएका उत्तरवर्ती स्रेस्ता वा लिखतहरूले कानुनी वैधता प्राप्त गर्न सक्दैनन्" अदालतको फैसलामा उल्लेख छ ।

२०४८ सालमा गठन भएको पूर्वसचिव रामबहादुर रावल आयोगले काठमाडौँ महानगरभित्रका तत्कालीन ३५ वटा वडाको अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाबारे मात्रै अध्ययन गरी प्रतिवेदन बुझाएको थियो । काठमाडौँ उपत्यकाभित्रका अन्य स्थानीय तहका अतिक्रमण गरिएका सरकारी तथा सार्वजनिक जग्गाको यकिन तथ्याङ्क सरकारसँग छैन ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणले काठमाडौँ उपत्यकाका सरकारी, सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाउन निर्देशन दिएको सार्वजनिक भयो । काठमाडौँ उपत्यकाभित्र हजारौँ रोपनी सरकारी तथा सार्वजनिक जग्गा विभिन्न रूपमा अतिक्रमण परेको यसअघि नै सार्वजनिक भएको थियो ।

काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमित भएको उजुरी परेमा उपत्यका विकास प्राधिकरणले आवश्यक प्रक्रिया अघि बढाउने जनायो । तर, भक्तपुर झौखेलको कमलपोखरी, बोडेको कमलपोखरी, हनुमन्ते खोला, नगरकोटको वन, दुवाकोट बसपार्कसँगैको १९ रोपनीलगायतका सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता भएको खारेज गर्न भक्तपुर मालपोत कार्यालयका हाकिम किन लागेनन् ? काठमाडौँ उपत्यकामा हालसाविकको नाममा हजारौँ रोपनी सरकारी, सार्वजनिक, पर्ती जग्गा व्यक्तिको नाममा दर्ता गरिएको कहिले खारेज हुने हो ? अतिक्रमित जग्गाको किनबेच, नामसारी वा धितो बन्धक राख्न नमिल्ने गरी तत्काल रोक्का गर्न नेपाल सरकारले आवश्यक निर्णय किन गर्दैन ?

२०२१ सालको नापीको लगतलाई आधार मानी जग्गाको वास्तविक सिमाना यकिन गर्नुपर्छ । सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचना जारी गरी अतिक्रमित जग्गामा बनेका अनधिकृत घर, टहरा र पर्खालहरू हटाउनुपर्छ । कुनै व्यक्तिले आफ्नो नाममा दर्ता गराएको सरकारी, सार्वजनिक, पर्ती जग्गाको लगत मालपोत कार्यालयले कट्टा ( बदर) गरी सरकारको नाममा ल्याउनु जरुरी छ ।

# भक्तपुर नगरपालिकाको २० औँ नगरसभामा
# नगर प्रमुख प्रजापतिद्वारा प्रस्तुत आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम

*(भक्तपुर नगरपालिकाको २० औँ नगरसभामा असार ७ गते आइतबार नगर प्रमुख प्रजापतिद्वारा प्रस्तुत आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम)*

नेपालको संविधान कार्यान्वयनमा आएपछि भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको चार वर्ष पूरा भई पाँचौँ वर्षमा प्रवेश गर्दै छौँ । यो वर्ष हाम्रो कार्यकालको अन्तिम वर्ष हो । यो कार्यकालको अन्तिम बजेट पेस गर्ने अवसर पनि हो । २०७९ साल जेठ ६ गते दोस्रो कार्यकालका लागि सपथ ग्रहण गरेदेखि नै निरन्तर जनताको सेवामा समर्पित भएर काम गर्दै छौँ । शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीजस्ता जनताका आधारभूत आवश्यकताहरूलाई प्राथमिकतामा राख्दै निर्वाचन घोषणापत्रअनुसार काम गर्दै छौँ ।

भक्तपुरलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन हाम्रा धेरै अग्रजहरूले दुःख गर्नुभयो । पञ्चायती व्यवस्थाको निरङ्कुश शासनकाल र त्यसपछिका अवधिमा धेरै राजनीतिक कार्यकर्ताहरूले कुनै पद र पैसाको लोभ नगरी आफ्नो जीवनको महत्त्वपूर्ण समय जेलको कठोर चौघेरामा बिताउनुभयो, प्रवास र भूमिगत भएर जनताको सुख दुःखमा साथ दिनुभयो र आजको गणतान्त्रिक व्यवस्था स्थापना गर्न योगदान गर्नुभयो । जनप्रतिनिधि भएर वा नभएर पनि भक्तपुरको गौरव बढाउने काममा महत्त्वपूर्ण योगदान गर्नुभएका ती तमाम अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौँ ।

भक्तपुर राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चामा रहँदै आएको छ । ई.ए. पावेलले सन् १९२९ मा आफ्नो पुस्तक 'द लास्ट होम अफ मिस्ट्री' मा भक्तपुर दरबार क्षेत्रको प्रशंसा गर्दै लेख्नुभएको थियो, "भक्तपुरको दरबार क्षेत्र अवलोकन गर्दा संसारको आधा भूगोल भ्रमण गरेसरह हुनेछ ।" विद्वान् जगदीश शमशेर राणाले भक्तपुरलाई 'नाचगानको राजधानी' को उपमा दिनुभयो भने जर्मन वास्तुकलाविद् निल्स गुत्सोभले भक्तपुरलाई 'संसारकै ठुलो जीवित सङ्ग्रहालय' को संज्ञा दिनुभएको छ । मूर्त र अमूर्त सम्पदाहरूले भरिएको यस सांस्कृतिक नगरको नेतृत्वमा रहेर जनताको सेवा गर्न पाएकोमा हामी अत्यन्त खुसी छौँ ।

भक्तपुर सम्पदा र सभ्यताको सहर हो र यहाँका सम्पदाहरू विश्व प्रसिद्ध छन् । ती सबैको संरक्षण र संवर्द्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नुलाई हामीले आफ्नो कर्तव्य र जिम्मेवारी ठानेका छौँ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' ले हामीलाई काम गर्न दिशानिर्देश गरिरहेको छ । नगरवासीहरूको रचनात्मक सल्लाह, सुझाव र आलोचनालाई आत्मसात गर्दै हामी सम्पूर्ण जनप्रतिनिधिहरू भक्तपुरको विकासको निम्ति अगाडि बढ्दै छौँ ।

नगरपालिकाका स्रोत र साधनहरू सीमित छन् । त्यसको आधारमा हाम्रा असीमित आवश्यकताहरू पूरा गर्नुपर्ने बाध्यता हामीसँग छ । भक्तपुर नगरपालिकाको आन्तरिक र बाह्य सीमित स्रोत र साधनहरूको आधारमा जनताको असीमित आवश्यकतालाई पूरा गर्नुपर्ने जिम्मेवारी पनि हामीसँग छ । प्राथमिकता क्रमको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै यो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छौँ :

**क) शिक्षा** :

१) नगरपालिकाले ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज अफ ल, ख्वप बहुप्राविधिक अध्ययन संस्थानलगायत सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । नगरपालिकाद्वारा सञ्चालित ती शैक्षिक संस्थाहरूमा समयको आवश्यकता र विद्यार्थीहरूको मागबमोजिम नयाँ नयाँ विषयहरू थप गर्दै लगिने छ ।

२) विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, वातावरण र पर्यावरण, संस्कृति-सम्पदा संरक्षण, अर्थतन्त्र, स्वास्थ्यलगायतका विषयमा अध्ययन अनुसन्धान, प्रकाशन, नवप्रवर्तनसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिनेछ ।

३) नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाको कार्यालय, वडा कार्यालय, कलेज, अस्पताल तथा नपाअन्तर्गतका संस्थाहरूमा इन्टर्नसीप र स्वयंसेवक भई कार्य गर्ने अवसर प्रदान गरिनेछ ।

४) भक्तपुरको बौद्धिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि बौद्धिक सम्पत्तिसम्बन्धी कानुनी विश्लेषण, डिजिटल प्रवर्द्धन र रणनीतिक कार्य योजना बनाइनेछ ।

५) भक्तपुर नगरपालिकामा आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाबारेमा अध्ययन तथा अनुसन्धान सुरु गरिनेछ ।

६) भक्तपुर नगरपालिकाभित्र विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट प्रदान गरिँदै आएको अनुसन्धान वृत्तिलाई निरन्तरता दिइनेछ । राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्म छात्रवृत्ति प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । यस वर्षदेखि अर्वान डिजाइन एन्ड कन्जरभेसन विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

७) गरिब तथा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । खेलकुदका विभिन्न विधाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडी विद्यार्थीहरूलाई नगरपालिकाद्वारा सञ्चालित मावि तथा कलेजहरूमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

८) शैक्षिक गुणस्तर वृद्धि गर्न हाजिरीजवाफ प्रतियोगिता, चित्रकला, वक्तृत्वकला, निबन्ध, वादविवादलगायतका अतिरिक्त गतिविधिहरू सञ्चालन गरिनेछ । विद्यालयहरूमा सांस्कृतिक र खेलकुद प्रशिक्षकको व्यवस्था गरिनेछ ।

९) नगरभित्रका विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा विज्ञान, गणित तथा सामाजिक प्रयोगशालाहरू स्थापना गर्दै लगिनेछ ।

१०) शिक्षकहरूको लागि विभिन्न विषयहरूमा आवश्यक तालिमको बन्दोबस्त गरिनेछ । विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या नपुगेका विद्यालयहरूका लागि अनुदानको व्यवस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरूमध्ये एसईई परीक्षा नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान गरिनेछ ।

११) विद्यालय तहदेखि नै सीपमूलक तथा व्यावसायिक तालिमहरू प्रदान गरी शिक्षालाई उत्पादन श्रमसँग जोड्न पहल गरिनेछ । विद्यालयहरूमा सूचना प्रविधिको (ICT) विस्तार, एआई (AI) तालिम र विद्यालयलाई प्रविधिमैत्री बनाउन स्मार्टबोर्डहरूको व्यवस्था मिलाइनेछ ।

१२) पठन संस्कृतिको विकास गर्ने उद्देश्यले वडा वडामा रहेका पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।

१३) 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४) हाल सञ्चालनमा रहेका वडा-वडाका शिशु स्याहार केन्द्रको स्तरोन्नति गरी वडा नं. १० मा निर्माणाधीन शिशुस्याहार केन्द्र सञ्चालनमा ल्याइनेछ ।

१५) स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरूलाई तालिमसँगै आवश्यक शिक्षण सामग्रीहरू उपलब्ध गराइनेछ । नेपालभाषा र लिपि कक्षाको प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

१६) ख्वप मेडिकल कलेज सञ्चालनको लागि भनपा १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

१७) वडा-वडामा बालबालिकाका लागि गृहकार्य कक्षा सञ्चालनको लागि आवश्यक शिक्षकको व्यवस्था गरिनेछ र शैक्षिक ऋण रकमको सीमा वृद्धिका साथै सोमा लाग्ने ब्याजको प्रतिशतलाई समय सापेक्ष बनाइनेछ ।

**ख) स्वास्थ्य** :

१८) ख्वप अस्पताललाई स्तरोन्नतिसँगै आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गरी एम.आर.आई. सेवा, आई.सी.यू. सेवालगायत आधुनिक स्वास्थ्य उपचार सेवा सञ्चालनको तयारी गरिनेछ । साथै मृगौला रोगको उपचारका लागि डायलाइसीस सेवा विस्तारमा पहल गरिनेछ ।

१९) भक्तपुरमा सञ्चालित सरकारी तथा निजी अस्पतालहरूसँग समन्वय र सहकार्य गरी भक्तपुर नपालाई स्वास्थ्य उपचार सेवाको गन्तव्य बनाउन पहल गरिनेछ ।

२०) नगरवासीहरूमा बढ्दो रूपमा देखिएका चिनी रोग, उच्च रक्तचाप र कोलेस्ट्रोलजस्ता नसर्ने रोगहरूको अध्ययन अनुसन्धान गर्ने र 'घरदैलो नर्सिङ सेवा' लाई थप प्रभावकारी बनाइनेछ । नगरवासीहरूको स्वास्थ्य विवरण प्रोफाइल तयार गर्ने र क्यान्सर, मृगौला, नाक, कान, घाँटी र श्वासप्रश्वाससम्बन्धी नसर्ने रोगहरूको नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२१) वडा-वडामा सञ्चालित स्वास्थ्य केन्द्रहरूलाई क्रमशः स्तरोन्नति गर्दै विशेषज्ञ उपचार सेवा विस्तार गर्दै लगिनेछ । भनपा-७ खँचामा आधारभूत स्वास्थ्य उपचार केन्द्र सञ्चालन गरिनेछ र नगरवासीहरूलाई रगत, अक्सिजन तथा शव वाहन सेवा, मनोपरामर्श सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

२२) नगरपालिकाको व्यवस्थापनमा सञ्चालित नागरिक आरोग्य केन्द्र, श्वास प्रश्वास पुनः स्थापना केन्द्रको सेवा विस्तार र नगरवासीहरूलाई स्वस्थ राख्न शारीरिक व्यायामशाला निर्माण गर्दै थप प्रभावकारी बनाउँदै लगिनेछ ।

२३) ख्वप तिलगङ्गा आँखा अस्पतालको स्तरोन्नति गर्दै आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत आँखा उपचार सेवा विस्तार गरिनेछ ।

२४) महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरू तथा फोहरमैला व्यवस्थापनमा लाग्ने कर्मचारीहरूलाई नियमित स्वास्थ्य परीक्षण तथा उपचार सेवाको प्रबन्ध मिलाइनेछ ।

२५) नगरपालिकाद्वारा सञ्चालित अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज उपचार सेवाको व्यवस्था गरिनेछ ।

**ग) सम्पदा र संस्कृति** :

२६) भक्तपुरलाई 'सांस्कृतिक नगर' घोषणा गर्न पहल गरिनेछ । दाफाभजन र परम्परागत बाजागाजाको बोल लिपिबद्ध गर्नुका साथै संस्कृतिको संरक्षण तथा अभिलेखीकरण गरिनेछ । परम्परागत बाजा तथा भजनको प्रतियोगिता एवम् प्रदर्शनीहरू गरेर सांस्कृतिक संरक्षणमा जोड दिइनेछ ।

२७) परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक गतिविधिसँगै समय-समयमा नगरका विभिन्न ठाउँमा आलोपालो गरी मेला र उत्सवहरू सञ्चालन गरेर आर्थिक गतिविधि बढाइनेछ । भक्तपुरलाई जीवन्त सम्पदा सहरको रूपमा विकास गर्न बिहान र बेलुकीको समयमा सत्तल, पाटीपौवामा भजनलगायतका सांस्कृतिक गतिविधिहरू गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरिनेछ ।

२८) ऐतिहासिक थन्थु दरबार निर्माण सम्पन्न गरी सङ्ग्रहालयको रूपमा विकास गरिनेछ र परम्परागत शैलीमा निर्मित हाडा छेँको समुचित प्रयोगको नीति अवलम्बन गरिनेछ । खौमास्थित उमा महेश्वर, क्वाछेँको नारायण मन्दिर, चासुखेलको दही विनायक द्योछेँ र टौमढीको नवदुर्गा द्योछेँ पुनःनिर्माण प्रक्रिया अगाडि बढाइनेछ । ऐतिहासिक नवदुर्गा जात्रा सञ्चालनमा नगरपालिकाको तर्फबाट सहजीकरण गरिनेछ ।

२९) परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई नगरपालिकाको तर्फबाट प्रोत्साहनस्वरूप दिँदै आएको अनुदानलाई निरन्तरता दिँदै ऐतिहासिक महत्त्वका निजी घर निर्माणमा सहजीकरण गरिनेछ ।



सुनिल प्रजापति, प्रमुख, भनपा

३०) सम्पदा क्षेत्रमा रात्रिकालीन बत्ती तथा सीसी क्यामेराको व्यवस्था गरिनेछ ।

३१) भक्तपुरमा पर्यटकहरूको बसाइँ लम्ब्याउने उद्देश्यले सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गरी नियमित सांस्कृतिक प्रदर्शनी थालनी गरिनेछ ।

३२) टोल-टोलको मौलिक नामकरणका साथै मन्दिर, द्योछेँ, देवालय, शिवालय, बहाबही, चोक, ननी, पाटी, सत्तल, ढुङ्गेधारा, पोखरीलगायतका सम्पदाहरूको संरक्षण गरी डिजिटल अभिलेखीकरण गरिनेछ ।

३३) भक्तपुरको पहिचानको रूपमा रहेका जुजु धौ, तका तपुली (भादगाउँले टोपी), कवाँचा प्याखँ, बिस्काको घातु म्ये र कसिमला पायँ् सूचीकरण प्रक्रियामा छन् भने यहाँका मूर्त र अमूर्त सम्पदाहरूको राष्ट्रिय सूचीकरणमा समावेश गर्न प्रक्रिया अगाडि बढाइनेछ । भक्तपुरका परम्परागत एवम् मौलिक उत्पादनहरूको प्रवर्द्धन गर्दै पर्यटन विकाससँग जोड्ने नीति अगाडि बढाइनेछ ।

**घ) पर्यटन** :

३४) भक्तपुरलाई धार्मिक तथा सांस्कृतिक पर्यटनसमेतको आकर्षण केन्द्र बनाउन अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गर्न इतिहास र संस्कृतिका विज्ञहरू तथा सरोकारवाला समूहहरूको प्रतिनिधित्व गर्दै सम्भाव्यता अध्ययन समिति गठन गरिनेछ ।

३५) भक्तपुरका चाडपर्वहरूको परिचयसहित सांस्कृतिक क्यालेन्डर निर्माण र सांस्कृतिक सम्पदा पदयात्रालगायत पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ ।

३६) भक्तपुरको पर्यटन प्रवर्द्धनका लागि भक्तपुर पर्यटन विकास समिति, होटल एसोसियसन अफ भक्तपुर, ट्राभल एजेन्सी र डिजिटल विषयवस्तु सर्जक (कन्टेन्ट क्रियटर) हरूसँग समन्वय र सहकार्य गरिनेछ ।

३७) नगरका मुख्य-मुख्य सम्पदा क्षेत्रहरू, गल्ली र चोकहरूमा समेत पर्यटन प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरिनेछ । होमस्टे, फेमिलिस्टे र पथप्रदर्शक तालिमहरू सञ्चालन गरिनेछ ।

३८) आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि भाज्यापुखु, नपुखु, बाहारे पुखु (कमलविनायक पोखरी) लगायतका स्थानहरूमा नियमित रूपमा स्थानीय तथा घरेलु उत्पादन, सांस्कृतिक गतिविधिसहित मेला तथा उत्सवहरू सञ्चालन गरिनेछ । नःपुखुमा वाटर साइक्लिङ सञ्चालनमा ल्याइनेछ ।

**ङ) खेलकुद** :

३९) शिक्षा र खेलकुदलाई सँगसँगै लाने नीति लिइनेछ । विद्यालयका खेल प्रशिक्षकहरूलाई आवश्यक तालिमसँगै खेलको स्तर वृद्धि गर्ने प्रयास गरिनेछ ।

४०) राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न नियमित प्रशिक्षण तथा आवश्यक खेलकुद पूर्वाधारहरू तयार गर्ने र नगरभित्रका खेल मैदानहरूको सुधार तथा स्तरोन्नति गरिनेछ । विद्यालयस्तरीय तथा अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । खेलाडीहरूको बीमा गर्ने कार्य आरम्भ गरिनेछ ।

४१) वडा-वडामा सञ्चालनमा रहेको छिकोङ व्यायामलाई स्तरोन्नति गर्दै त्यसलाई विद्यालय स्तरसम्म विस्तार गर्ने नीति लिइनेछ ।

४२) खेल विकासको लागि उपयुक्त स्थानमा कभर्ड हल तथा फुटसल खेलका निम्ति खेलमैदान निर्माण गर्ने तयारी गरिनेछ । नगरको उपयुक्त स्थानमा पौडी पोखरी निर्माण गरिनेछ । महेश्वरी खेलमैदान र सहिद स्मृति खेल मैदानको स्तरोन्नति गरिनेछ ।

४३) स्थानीय खेलकुद समिति, टीम-क्लव, पुस्तकालय, वाचनालयहरूलाई परिचालन गर्दै वडास्तरीय, नगरस्तरीय खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

**च) वातावरण र सरसफाइ** :

४४) नगरभित्रका सम्पदा क्षेत्र, खुला क्षेत्र, खोला, पोखरीलगायतका स्थानहरूमा नगरपालिकाका जनप्रतिनिधिहरू र कर्मचारीहरूको नेतृत्वमा स्थानीय जनताको उपस्थितिमा नियमित पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै उपयुक्त स्थानहरूमा वृक्षरोपण गरी हरियाली व्यवस्थापन गरिनेछ ।

४५) हनुमन्ते खोला तथा कासन खोला सुधार गर्दै खोलाको डिलमा टेवा पर्खाल (रिटेनिङ वाल) निर्माण गरी वृक्षरोपण गरिनेछ ।

४६) नगरका उपयुक्त स्थानहरूमा पार्कहरू निर्माण गरिनेछ र सम्पदास्थललगायतका महत्त्वपूर्ण स्थानहरूमा बिरुवासहितको गमला राखी सौन्दर्यकरणमा प्राथमिकता दिइनेछ ।

४७) बिजुली, टेलिफोन तथा इन्टरनेटका तारहरू अव्यवस्थित भई दृश्य प्रदूषण देखिएकोले ती तारहरूको उचित व्यवस्थापन गरी भूमिगत तार व्यवस्थापन शीघ्र सम्पन्न गरिनेछ । नगरको मुख्य बजार क्षेत्रमा पसल कवलमाथि पाखा राख्नेमा एकरूपता ल्याउनुका साथै रात्रिकालीन बत्ती र आकर्षक गमलाहरूको व्यवस्था गरिनेछ ।

४८) सल्लाघारी र हनुमानघाट (खँचा) मा निर्माणाधीन उपचार पोखरीहरूको निर्माण कार्य सम्पन्न गरी उपचारपछिको पानी खोलामा पठाई खोलाको पर्यावरणलाई स्वस्थ र जीवन्त बनाउन पहल गरिनेछ ।

४९) वातावरणीय प्रदूषण घटाउन प्लास्टिकको झोलालगायत सामग्रीहरूको प्रयोगमा न्यूनीकरण गरिनेछ ।

५०) सरोकारवाला सरकारी निकायहरूसँग समन्वय गरी नगरको ढल निकास व्यवस्थापनमा सुधार तथा आवश्यक पूर्वाधार

*बाँकी पृष्ठ ९ मा*

## सन्दर्भ : का. शोभा प्रधानको चौथो वार्षिक स्मृति दिवस

# कामरेड शोभा प्रधानको सङ्क्षिप्त परिचय



**कामरेड शोभा प्रधानको सङ्क्षिप्त परिचय**

समय एकनास बग्दो हो त शोभा प्रधान (बिजुक्छैं) कक्षा कोठामा विद्यार्थीलाई मायाले ज्ञानका अनेकन कुरा सिकाउँदै हुनुहुने थियो । घरमा आएका पाहुनालाई हँसिलो स्वागतसहित चिया पस्कँदै हुनुहुने थियो । सामाजिक तथा राजनीतिक गतिविधिमा सक्रिय महिलाहरूको बैठकमा सहभागी हुनुहुने थियो । बैठक कक्षमा पत्रिका वा पुस्तक गहिरिएर पढ्दै गर्नुहुने थियो । राजनीतिक सभा सम्मेलनमा व्यस्त श्रीमान्‌को खानपिन र सहजताको निम्ति केही न केही गरिरहनुहुने थियो । तोते बोली बोल्न थालेकी नातिनीलाई माम खुवाउन फकाउँदै हुनुहुने थियो । तर, सबै उस्तै गतिमा नबहनु नै समयको चरित्र हो ।

लामो समयदेखि क्यान्सर रोगबाट पीडित शोभा प्रधानको २०७९ असार ८ गते बुधबार अपराह्न ३:४५ मा ललितपुर, हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा निधन भयो । उहाँको असामयिक निधनले परिवारजनलाई मात्र शोकमा डुबाएन, हामी सबै असङ्ख्य जनतालाई आँसुमा डुबायो । धेरैले अथक महिला कार्यकर्ता, असल शिक्षिका, मृदुभाषी र सहयोगी व्यक्ति गुमाएको अनुभव गरे ।

नाता सम्बन्धले नेपाल कम्युनिस्ट आन्दोलनका वरिष्ठ नेता नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैंकी जीवनसङ्गिनी शोभा प्रधान जीवनका झन्डै चार दशक नेमकिपाका विभिन्न जनवर्गीय सङ्गठनमा आबद्ध रही पार्टी गतिविधिमा सक्रिय रहनुभयो । पार्टी गतिविधि र सक्रिय राजनीतिको व्यस्तताले निजी जीवनमा कमैमात्र समय दिन भ्याउनुहुने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैंको घर परिवार, सामाजिक जिम्मेवारी र आर्थिक बन्दोबस्त सम्हालेर उहाँले अध्यक्ष बिजुक्छैंलाई देश र जनताको सेवामा समर्पित भएर लाग्न अथक मद्दत गर्नुभयो ।

शोभा प्रधानको जन्म २०१७ साल पुस १४ गते बुधबारको दिन रामेछाप जिल्लाको ठोसेमा भएको थियो । पिता श्यामलाल प्रधान र माता नारायणदेवी प्रधानका पाँच छोरी र एक छोरामध्ये सबभन्दा जेठी शोभा प्रधानको बाल्यकाल रामेछापमै व्यतीत भयो । पिता श्यामलाल प्रधान पेसाले शिक्षक हुनुभएकोले उहाँको परिवारका सबै सन्तानको शिक्षादीक्षा राम्रो भयो । शोभा प्रधान २०३५ साल भदौ २० गते आफूले शिक्षारम्भ गरेको शारदा प्रावि रामेछाप, ठोसेमै प्राथमिक शिक्षक पदमा अस्थायी नियुक्ति पाई शिक्षण पेसामा प्रवेश गर्नुभयो । २०३६ साल पुस ४ गते प्राथमिक शिक्षक पदमा स्थायी हुनुभयो ।

शोभा प्रधानसँग विवाह हुनुभन्दा धेरै अगाडि नै नारायणमान बिजुक्छैं राजनीतिक गतिविधिमा सक्रिय हुनुहुन्थ्यो । उहाँले नेपालमा ५ वर्ष भूमिगत र भारतमा दस वर्ष प्रवास जीवन बिताइसक्नुभएको थियो । एक दशकभन्दा लामो समय भारतमा प्रवास जीवन बिताउनुभएका बिजुक्छैं नेपालमा २०३६ सालमा फर्किनुभयो । वि.सं. २०३९ मा शोभा प्रधानसँग उहाँको भेट भयो । त्यही भेट २०४० मङ्सिर ११ गते वैवाहिक सम्बन्धमा परिणत भयो । क्रान्तिकारी राजनीतिक गतिविधिमा लाग्नुभएका अध्यक्ष बिजुक्छैंको जीवन सङ्घर्षपूर्ण हुने थाहा भएर पनि उहाँको व्यक्तित्वबाट प्रभावित शोभाले व्यापक जनताको हित हुने उहाँको राजनीतिक यात्राको सहयात्री बन्ने लक्ष्यसहित वैवाहिक सम्बन्धमा गाँसिने निर्णय गर्नुभयो । राजनीति गुलाफको ओछ्यान होइन, काँडैकाँडाले भरिएको बाटो हो भन्ने थाहा भएर पनि बिजुक्छैंकी जीवनसाथी बन्ने शोभा प्रधानको निर्णय देश र जनताको सेवामा आफ्नो तर्फबाट पनि केही योगदान गर्ने उद्देश्यबाट अभिप्रेरित थियो ।

नारायणमान बिजुक्छैं र शोभा प्रधानबिच वैवाहिक सम्बन्ध गाँसिएको केही वर्षमै तत्कालीन पञ्चायती व्यवस्थाले नेपाल मजदुर किसान सङ्गठनलाई समुल नष्ट गर्ने बदनियतसहित २०४५ साल भदौ ९ गते भक्तपुर काण्ड रच्यो । नेमकिपाका अध्यक्ष बिजुक्छैंलगायत सयौँ नेता कार्यकर्ता पक्राउमा परे । सयौँ नेता कार्यकर्ता भूमिगत हुन बाध्य भए । पञ्चायती व्यवस्था आफैले पूर्वराष्ट्रिय पञ्चायत सदस्यको हत्या गरी कुनियतवश नेमकिपाका नेता कार्यकर्तामाथि दोष थोपरेर पञ्चायती व्यवस्थाभित्र पसेर पञ्चायतकै जरा काट्ने राजनीति गरिरहेको नेमकिपालाई समाप्त गर्न खोज्यो । अध्यक्ष बिजुक्छैं पक्राउ पर्दा शोभाको काखमा चार वर्षको छोरा सुवेग र कोखमा छोरा सुवान थिए । पक्राउ परेको चार महिनापछि छोरा सुवानको जन्म भयो ।

त्यसबखत शोभा प्रधानले नेमकिपाका सम्पूर्ण कार्यकर्ता चिनिसक्नुभएको थिएन । भूमिगत सङ्गठन संरचनाका कारण त्यो सम्भव पनि थिएन । त्यतिबेला श्रीमान् झूटो आरोपमा पक्राउ र देवरहरू पनि सबै भूमिगत हुनुपरेको थियो । ज्येष्ठ सासूआमा र अबोध छोरासहित गर्भवती शोभा प्रधानले भोग्नुपरेको त्यतिबेलाको परिस्थिति त्यसै पनि कठिन थियो । त्यसमाथि त्यतिबेलाका प्रतिक्रियावादीहरूले शोभा प्रधानलगायत नेमकिपाका नेता, कार्यकर्ता र समर्थकका जहान परिवारलाई दिएको मानसिक यातना देखिने घाउभन्दा बढी पीडादायी थियो । दिनरात कुनै पनि बेला हुने खानतलासी, बाटोमा हिँड्दा ज्यानमाराकी श्रीमतीजस्ता कटुवचन उहाँको निम्ति सह्य हुने कुरै थिएन । भक्तपुर काण्डको प्रतिकूल समयको स्मरण गर्दै उहाँले लेख्नुभएको छ, "म बाटोमा हिँडिरहेकी हुन्थेँ । तीनचार जनाको समूह कराइरहेको सुनियो, ऊ हत्याराकी स्वास्नी ! मेरो जीवनका अतिशय पीडादायी लाञ्छनाका ती संवाद कहिल्यै बिर्सन्नँ । किनभने, हत्यारा त पञ्चायती सरकार थियो ।"

वास्तवमा शोभा प्रधानलाई त्यतिबेलासम्म राजनीतिका धेरै कुरा थाहा थिएन । औपचारिकरूपमा उहाँ कुनै सङ्गठनमा आबद्ध पनि भइसक्नुभएको थिएन । उहाँको भूमिका विशेषत: ममतामयी आमा, कर्तव्यपरायण बुहारी, जिम्मेवार श्रीमती र असल शिक्षिकामा सीमित थियो । तर, कुटिल राजनीतिको कारण उहाँको जीवनमा अनपेक्षितरूपमा ठूलो सङ्कट आइलाग्यो । प्रतिक्रियावादीहरूका हजार थरी बात, दमनकारी राज्यको चौबीसै घण्टा सन्त्रास, एक्लोपनाबिच पनि उहाँले हिम्मत नहारी अध्यक्ष बिजुक्छैंलगायत निर्दोष नेता कार्यकर्तामाथि लागेको झूटो मुद्दाको विरोधमा कानुनी तथा राजनीतिक सङ्घर्ष गर्ने सङ्कल्प गर्नुभयो । नेमकिपाका निर्दोष नेता कार्यकर्तालाई पञ्चायती व्यवस्थाले दिएको सजायको विरोधमा उभिएका वकिल, पत्रकार र राजनीतिक नेताहरूको साथमा शोभा प्रधानसहित पीडित महिलाहरूले पञ्चायती व्यवस्थालाई हाँक दिए । शोभाको निम्ति त्यतिबेलाको सङ्घर्ष परिवारलाई न्याय दिने सङ्घर्षमात्र बनेन, बरु राजनीतिक र कानुनी चेतना पाउने राम्रो विद्यालय सिद्ध भयो । पत्रकार, वकिल र राजनीतिक कार्यकर्ताहरूको सङ्गत र साथ उहाँको निम्ति समयान्तरमा राजनीतिक गतिविधिमा सक्रिय हुने र आफूजस्तै राजनीतिक नेता कार्यकर्ताका जहान परिवारको निम्ति प्रोत्साहन बन्ने हौसला बन्यो ।

विवाह भएको केही वर्षमै शोभाले सामना गर्नुपरेको प्रतिकूल परिस्थितिबाट निराशा नआओस् भनेर नख्खु जेलबाट अध्यक्ष नारायणमान बिजुक्छैंले शोभाको नाममा नियमित पत्र लेख्नुभयो । ती पत्रहरूको सङ्कलन नै २०६९ भदौमा 'जेलका चिट्ठीहरू' नाममा पुस्तकाकारमा प्रकाशित भयो ।

शोभा प्रधान २०४० साल फागुन १९ गते रामेछाप, ठोसेको शारदा प्राविबाट वागीश्वरी मावि भक्तपुरमा सरुवा हुनुभयो । मृदुभाषी, धैर्यवान् एवम् साहसी असल शिक्षिका प्रधानले निम्न माध्यमिक तहसम्म नेपाली विषय अध्यापन गर्नुहुन्थ्यो ।

पेसाप्रति प्रतिबद्ध एक समर्पित शिक्षिका शोभा प्रधानको सक्रियतामा वागीश्वरी माविले शैक्षिक क्षेत्रमा प्रगति गरेको कुरा स्मरणयोग्य छ । उहाँ धेरै विद्यार्थी र सहपाठीका प्रिय शिक्षिका पनि हुनुहुन्थ्यो ।

२०४७ सालमा बहुदलीय व्यवस्था स्थापना भएपछि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैंसहित नेता कार्यकर्ता रिहा हुनुभयो । रिहाइपछि उहाँ राजनीतिक गतिविधिमा थप सक्रिय हुनुभयो । २०४७ सालपछि भने शोभा आफै पनि नेमकिपाका जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी महिला सङ्घ र नेपाल क्रान्तिकारी शिक्षक सङ्घमा आबद्ध भई विभिन्न जिम्मेवारीमा सक्रिय हुनुभयो ।

शिक्षिका शोभा प्रधान २०५४ सालदेखि २०६५ सालसम्म नेक्राशिसङ्घ भक्तपुर जिल्ला समितिका सदस्य र २०६५ साल माघ (१४-१५) को प्रथम राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य हुनुभयो । २०७० चैत २४-२५ गते सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनमा अध्यक्ष मण्डलको सदस्य भई सम्मेलन सफल पार्न उहाँले योगदान पुऱ्याउनुभयो । उहाँ पुन: केन्द्रीय सदस्यमा सर्वसम्मतले चयन हुनुभयो । २०७५ कार्तिक १७-१९ गते सम्पन्न तेस्रो राष्ट्रिय सम्मेलनले उहाँलाई पुन: केन्द्रीय सदस्यमा सर्वसम्मतले चयन गऱ्यो ।

शिक्षकहरूको हकहितको लागि भएका गतिविधिहरूमा सक्रिय हुनुभएका शिक्षिका शोभा प्रधान शिक्षक आन्दोलनको समयमा २०६० साल पुसमा काठमाडौंको भोटाहिटीमा पक्राउ पर्नुभयो । सशस्त्र प्रहरीको हलचोकमा राखिएका शिक्षकहरूलाई उत्साहित गर्न उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । उहाँले 'शिक्षक' र 'शिक्षिका' बुलेटिन प्रकाशन गर्ने काममा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै 'केटीहरू' बुलेटिन प्रकाशनमा पनि जिम्मेवारी पूरा गर्नुभयो ।

प्रकाशित बुलेटिनहरूको अन्तरक्रिया, छलफल र बैठकहरूमा सहभागी भई आयोजकको भूमिकासमेत निर्वाह गर्नुभएका शिक्षिका शोभा प्रधानले अस्थायी शिक्षक, विद्यालय कर्मचारी, राहत शिक्षक आदिको पक्षमा भएका आन्दोलनमा सङ्गठनले दिएको जिम्मेवारी पूरा गर्नुभयो । उहाँको अनिवार्य अवकास २०७७ साल पुस १३ गते भएको थियो । उहाँले २०७७ फागुन १२ गते भएको बिदाइ कार्यक्रममा रु. २ लाख प्रदान गरी शिक्षक कर्मचारी स्वास्थ्योपचार कोष निर्माण गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो ।

राजनीतिकरूपमा सचेत र सक्रिय हुन नपाउँदै २०४५ सालको काण्डमा भोग्नुपरेको समस्याबाट पाठ सिकेर शोभा प्रधान नेपाल क्रान्तिकारी महिला सङ्घमा आबद्ध हुनुभयो र कामदार महिलालाई राजनीतिकरूपमा सचेत र सङ्गठित बनाउने अभियानमा जुट्नुभयो । २०५३ सालबाट पुन: प्रकाशन हुन थालेको 'केटीहरू' नामको महिला बुलेटिन प्रकाशनको उहाँ सल्लाहकार हुनुहुन्थ्यो । 'केटीहरू' बुलेटिनमा उहाँले महिला अधिकार, महिला स्वास्थ्य, सम्पत्ति आदि विभिन्न विषयमा नियमित कलम चलाउनुभयो । २०६३ सालको चैतमा भएको नेपाल क्रान्तिकारी महिला सङ्घको प्रथम राष्ट्रिय सम्मेलनपछिको पहिलो बैठकमा शोभा प्रधानलाई कोषाध्यक्ष पदको जिम्मेवारी दिइयो ।

२०५६ सालमा उहाँ स्तन क्यान्सरले बिरामी पर्नुभयो । शल्यक्रियालगायत विभिन्न उपचार विधिबाट त्यतिबेला सो रोगबाट मुक्त हुनुभयो । आफूजस्तै देशका धेरै महिलाले क्यान्सरलगायत प्राणघातक रोगबाट पिरोलिएको बोध गरी उहाँ नेपाल क्रान्तिकारी महिला सङ्घले आयोजना गरेका महिला स्वास्थ्य शिविरहरूमा सक्रिय हुनुभयो । सो क्रममा आयोजित स्वास्थ्य शिविरमा झन्डै ७/८ हजार महिलाको पाठेघरको परीक्षण गरिएको थियो । नेक्रामसङ्घले देशका विभिन्न जिल्ला र सहरमा आयोजना गरेका विविध विषयका अन्तरक्रिया कार्यक्रममा उहाँ वक्ताको रूपमा सहभागी बन्नुका साथै देशभरका महिलाको अवस्था र समस्याबारे अध्ययन पनि गर्नुभयो । २०४५ साल भदौ ९ को भक्तपुर काण्डको भर्त्सना गर्न हरेक वर्ष आयोजना गरिने कार्यक्रममा उहाँ वक्ताको रूपमा सहभागी बनी देश र जनताको पक्षमा सक्रिय हुनु भई राजनीतिक पार्टीहरूविरुद्ध फेरिफेरि पनि भक्तपुर काण्ड हुनसक्ने भनी सजग बनाउनुभयो । प्रतिकूल स्वास्थ्यबिच पनि महिलाहरूका गतिविधिमा सहभागी बन्न उहाँलाई केहीले छेकेन ।

२०५३ सालमा तत्कालीन लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारको गृहमन्त्री वामदेव गौतमले ल्याएको आतङ्कवाद नियन्त्रण (कालो) विधेयकको विरोधमा नेमकिपाले गरेको सङ्घर्षमा उहाँ पक्राउ पर्नुभयो । त्यस्तै, शिक्षकको हकहितको निम्ति भएका सङ्घर्षमा पटक-पटक पक्राउ पर्नुभयो ।

उहाँका सहकर्मी महिला कार्यकर्ताहरू उहाँको धैर्य, हँसिलो मुहार, मिजासिलो व्यवहार स्मरण गर्छन् । परिवारका सबै साना-ठूला उमेरका सदस्य उहाँलाई स्नेही अभिभावकको रूपमा स्मरण गर्छन् । पार्टी अध्यक्ष नारायणमान बिजुक्छैंका विभिन्न क्षेत्रका प्रबुद्ध मित्रहरू उहाँलाई कुशल व्यक्तिको रूपमा स्मरण गर्नुहुन्छ भने पार्टी कार्यकर्ताहरू अनुहार नियालेर नै भोकाएको, थाकेको ठम्याउन सक्ने पार्टी कार्यकर्तालाई माया गर्ने कामरेडको रूपमा स्मरण गर्छन् ।

आफू क्यान्सरको बिरामी भए पनि उहाँले क्यान्सरसम्बन्धी विभिन्न संस्थाले आयोजना गरेका कार्यक्रममा सहभागी बनेर, पत्रपत्रिकामा लेख लेखेर क्यान्सरसम्बन्धी जनचेतना फैलाउन सहयोग गर्नुभयो ।

देश र जनताको सेवामा राजनीति गरेका कार्यकर्ताको जीवनमा प्रतिकूलता स्वाभाविक सिलसिला हुने गर्छ । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छैंले राजनीतिलाई आफ्नो व्यक्तिगत महत्त्वाकाङ्क्षा पूरा गर्ने, सत्ता प्राप्तिको बाटो, सुख सुविधाको मार्गको रूपमा कहिल्यै पनि लिनुभएन । उहाँले सधैँ देश र संसारका श्रमिक जनतालाई केन्द्रमा राखी समाजवाद र साम्यवादी व्यवस्था स्थापनाको कठिन बाटोलाई नै जीवनको लक्ष्य मान्नुभयो र त्यसमा अथक एवम् सम्झौताहीन ढङ्गमा लाग्नुभयो । उहाँ सिद्धान्तनिष्ठ र नैतिकवान् राजनीतिज्ञको उदाहरण हुनुहुन्छ । उहाँको यो निष्ठाको राजनीतिको असल बाटोमा अथक र अविचलितरूपमा साथ दिनुभयो शोभा प्रधानले । अध्यक्ष बिजुक्छैंको स्वास्थ्य, समयमा खानपिन, कार्यक्रमको व्यवस्थापन उहाँको सधैँको प्राथमिकताको विषय बन्यो । बिजुक्छैं निवासमा लगातार आइरहने पाहुना, नेता कार्यकर्ता र सर्वसाधारणको सत्कार एवम् स्वागतमा उहाँले कहिल्यै थकानको अनुभव गर्नुभएन । उहाँले उही हँसिलो मुहारका साथ स्वागत गरिरहनुभयो ।

तर, २०५६ सालमा स्तन क्यान्सरलाई पराजित गरी जीवनमा नयाँ सङ्घर्ष थाल्नुभएकी शोभालाई २०७४ सालमा पाठेघरको क्यान्सर भयो । क्यान्सरजस्तो प्राणघातक रोग लाग्दा पनि उहाँ कत्ति पनि विचलित हुनुभएन । उहाँको आत्मविश्वास देखेर उपचारमा लागेका स्वास्थ्यकर्मी र चिकित्सक नै चकित भएका थिए । क्यान्सरले आफ्नो शरीर शिथिल बन्दै गए पनि उहाँले अध्यक्ष बिजुक्छैंका नियमित गतिविधिमा सकभर कुनै बाधा अड्चन नआओस् भन्ने मनसाय राख्नुहुन्थ्यो । पार्टी गतिविधिमा विगतमा जस्तो सक्रिय हुन नसके पनि उहाँले पार्टी कार्यकर्ता र महिलाहरूलाई हौसला दिने काम गरिरहनुभयो । निधनको केही दिनअघि मात्र उहाँलाई भेट्न अस्पताल पुगेका शुभचिन्तकहरू उहाँको उच्च मनोबल र हँसिलो मुहार देखेर खुसी भएर फर्के । यो पटक पनि क्यान्सरलाई परास्त गरेर घर फर्कने विश्वास धेरैले लिए ।

तर, आधुनिक चिकित्साशास्त्रको सीमाभन्दा पर पुगेर क्यान्सरले हमला गरेपछि उहाँको केही लागेन । २०७९ असार ८ गते उहाँको निधनपछि नेपालको क्रान्तिकारी महिला आन्दोलनले एक जना समर्पित कार्यकर्ता, ज्ञानको ज्योति बाँडेर समाजलाई उज्यालो बनाउने सपना देख्नुभएका उदाहरणीय शिक्षिका र परिवारको अभिभावक गुमाएको छ । नेपाल मजदुर किसान पार्टीले गहिरो क्षति व्यहोरेको छ । शोकलाई शक्तिमा बदलेर सङ्घर्षलाई चालू राख्नु पार्टीका सम्पूर्ण कार्यकर्ता, सदस्य, समर्थक तथा शुभचिन्तकहरूको जिम्मेवारी हो । त्यो नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

पूर्वशिक्षिका शोभा प्रधानप्रति भावपूर्ण श्रद्धाञ्जली । उहाँको योगदान र सहृदयी व्यक्तित्वलाई भावी पुस्ताले सधैँ स्मरण गरिरहनेछ ।

***साभार : स्मृतिमा कामरेड शोभा***

पुस्तक परिचय


● समा

# विश्वशान्ति, विकास र मानव जातिको हितको निम्ति चीनको कूटनीति

**विश्वलाई बस्न लायक उत्कृष्ट विश्व बनाउन हरेक देशको उत्तिकै भूमिका हुन्छ तर चीनले नेतृत्वकारी देशको जिम्मेवारी बहन गर्ने विश्वास छ । विश्वशान्ति, विकास र जित-जित सहकार्यको झण्डालाई उँचो फहराउन चीनको कूटनीतिसम्बन्धी विचार सामयिक र व्यावहारिक ठहर हुने विश्वास विश्व समुदायले गरेको छ । साझा भविष्यसहितको मानव समुदाय निर्माणसँगै चीन आफ्नो पुनर्जागरणको सपना बाँच्दै छ । चीन र चिनियाँ जनताको सपनालाई विश्वको हितसँग जोड्ने, विश्वको शान्ति समृद्धिसँग जोड्ने विचार नै आजको विचार हो, चिनियाँ विशेषतासहितको समाजवादी चीनको विचार हो ।**

'कन्टेम्पोररी वर्ल्ड' बुलेटिन समसामयिक विश्वलाई हेर्ने एउटा पृथक ऐना हो । यसका हरेक अङ्कले अन्तर्राष्ट्रिय जगतलाई हेर्ने तथ्यसङ्गत दृष्टिकोण प्रदान गर्छ । तसर्थ, यो बुलेटिन वर्तमान समय र परिस्थिति बुझ्न निकै पठनीय छ । चीन र बाँकी विश्व, संरा अमेरिका र बाँकी विश्वको सत्य यस बुलेटिनले उजिल्याउँछ । यो अङ्कले चीनको कूटनीति, चीनको अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वसँग सहकार्यको सहयात्रा, चीनको पार्टी राजनीति र नेता सी चिङफिङको विश्व दृष्टिकोणबारे जानकारी दिन्छ । आज विश्व शान्ति, विकास र मानव जातिको हितका निम्ति चीनको कूटनीतिक प्रयासहरूबारे चर्चा सामयिक होला ।

नयाँ युगमा चिनियाँ विशेषतासहितको समाजवादका लागि नेता सी चिङफिङको विचार र चीनलाई विश्वसँग जोड्ने कूटनीतिक पहलहरू युग र मानवजातिको हितमा केन्द्रित छन् । ऐतिहासिक घटनाक्रमले विकास भएको चीन–विश्व सम्बन्धको पृष्ठभूमिमा नयाँनयाँ पहलकदमी, सोच, प्रस्ताव र अङ्कगणित हुर्कँदै छन् । नेता सीले सन् २०१२ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको १८ औं राष्ट्रिय सम्मेलनमै चीनको विदेश सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्धमा जोड दिनुभएको थियो । त्यतिबेलै विदेश




सम्बन्धका लागि शान्ति, विकास र सबैको हित हुने 'जित-जित' सहकार्यसहित 'दश प्राथमिकताहरू' अघि सारिएको थियो ।

विश्व मानवजातिको भलाइ चिनियाँ कूटनीतिको अन्तर्य हो । विश्वका जनताको साझा स्वार्थ पूरा गर्न, साझा मूल्यमान्यताको विकास गर्न नेता सीको कूटनीतिले जोड दिन्छ । विश्वमा आएको परिवर्तनहरूलाई मध्यनजर गर्दै नेता सीले निकै रचनात्मकरूपले चीनको कूटनीतिमा नयाँ अगुवाइहरू थाल्नुभयो । जसले समयसँगै आएका पहाडजस्ता चुनौतिसँग पनि लड्ने सामर्थ्य राख्यो र आज निरन्तर चीन अघि बढ्दै छ । विश्वको निम्ति साँचो बहुपक्षीयताको विकास र प्राथमिकता हितकर हुने तर्क चीनको हो ।

अहिलेको परिस्थिति र कोभिड महामारीको प्रभावसँग वर्तमान विश्व जुझिरहेको छ । आजको परिस्थिति भन्नाले चरम भूराजनीतिक द्वन्द्व र शक्तिसङघर्ष नै हो, प्रत्यक्षपरोक्ष ढङ्गले आइरहेको युद्ध या शीतयुद्ध भड्काउने धम्की नै हो । विश्वव्यापी शासनप्रणालीको एउटा महत्त्वपूर्ण सदस्य र योगदानकर्ता भएको नाताले चीन अन्तर्राष्ट्रिय प्रणालीमा संयुक्त राष्ट्रहरूको मूलभावना र अन्तर्राष्ट्रिय कानुनअनुसार बनेको अन्तर्राष्ट्रिय व्यवस्थालाई सिरोपर गर्छ । अन्तर्राष्ट्रिय सम्बन्धका उद्देश्य र सिद्धान्तहरू उल्लङ्घन नगरी व्यापक परामर्श, साझा भलाइका निम्ति संयुक्त प्रयास आवश्यक ठान्छ । त्यतिमात्र होइन बहुपक्षीयता र बहुध्रुवीय विश्वको निम्ति एकपक्षीयता र एकध्रुवीय विश्वविरुद्धको आवाज आजको आवश्यकता हो भन्छ । न्यायपूर्ण, समतामूलक शासनप्रणाली निर्माणका लागि देश-देशबिचको साझेदारी र सहकार्य, जनता–जनताबिचको मित्रता र भाइचारा आवश्यक छ भन्छ ।

मानवताको समतामूलक र सुन्दर भविष्य सारा विश्वको निम्ति पहिलो प्राथमिकता हुनुपर्दछ । नेता सीले त्यसकारण मानवजातिको साझा भविष्यसहितको विश्व समुदाय निर्माणको प्रस्ताव अघि सार्नुभयो । उहाँले जोड दिनुभयो -"विश्वका सारा देशहरू एकताबद्ध हुनुपर्छ, सारा जनता हातमा हात मिलाई, काँधमा काँध जोडी विकास र न्यायपूर्ण समाज निर्माणको यात्रामा जुट्नुपर्छ ।"

चीनले विश्वसँग वार्ता र परामर्शको कूटनीति हुर्कायो । सबैको हित हुने सहकार्य, साझा फाइदाका निम्ति संयुक्त प्रयास, आपसी सिकाइको अवधारणा हुर्कायो । जलवायु परिवर्तन आजको प्रमुख मुद्दा हो । चीनले हरित र कम कार्वन उत्सर्जन हुने विकासको मोडलबारे सघन छलफल थाल्यो । विश्वशान्ति, विश्वव्यापी सुरक्षा र साझा समृद्धि नै चिनियाँ कूटनीतिको मूलमर्म हो भन्दा गलत हुँदैन । विश्वलाई खुला, समावेशी, सफा र सुन्दर बनाउने सन्देश पनि चीनको कूटनीतिक पहलहरूले दिन्छन् ।

सम्पूर्ण देशहरू एक आपसमा प्राकृतिक रूपमै जोडिएको हुन्छ । देशहरू सार्वभौम र स्वतन्त्र हुन्छन् । सभ्यता-सभ्यताबिचको सम्बन्धले पनि देशहरू जोडिएका हुन्छन् । कुनै एउटा देशले शक्तिको आडमा कुनै अर्को देशमाथि बलमिचाइँको हक कदापि राख्दैन । कुनै देशलाई विनाआधार नाकाबन्दी गर्नु अस्वाभाविक मात्र होइन आपराधिक कार्य पनि हो भन्ने मान्यता चीनको हो । चीनले सदैव अमानवीय र आपराधिक नाकाबन्दीको विरोध गऱ्यो । त्यतिमात्र होइन चीनले कुनै पनि देशको छिमेकी मार्ने या दबाउने आर्थिक नीतिको विरोध निरन्तर गऱ्यो । त्यसले छिमेकको आर्थिक र व्यापार नीतिको विपरीत हस्तक्षेपको नीतिविरुद्ध लड्यो । हरेक देश व्यापार व्यवसाय गर्न स्वतन्त्र हुन्छन् । व्यापार र अर्थतन्त्रमा एकध्रुवको मानसिकताविरुद्ध लड्नुको विकल्प नै छैन । व्यापारमा अब संरक्षणवाद सहनु भनेको विश्वको प्रगतिलाई रोक्नु या पछाडि धकेल्नुसरह हुनेछ । चीनले विश्वलाई व्यापार संरक्षणवादी नीति र आर्थिक दमन या दादागिरी नसहन आह्वान गरेको छ । चीनले एक अर्काको सफलता-असफलताबाट सिकेर बहुध्रुवीय विश्वतर्फ अघि बढ्न आग्रह गरेको छ । अन्याय र एकपक्षीयताको अन्त्यले नै मानव जातिको भविष्य सुरक्षित हुनेछ ।

पुरानो अर्थात् पश्चिमा अवधारणाको विश्व आज शितयुद्धको फोहरी मानसिकता र 'जिरोसम' अर्थात् आफूमात्र जित्ने जुवाको फोहोरी खेलको दलदलमा फसेको छ । आफ्नो पुरानो प्रभुत्व कायम गर्ने र अन्तर्राष्ट्रिय मामिलामा आफ्नो नियन्त्रणको निम्ति संरा अमेरिकाको हरसम्भव प्रयत्न गर्दै छ । यस्तो परिस्थितिमा विश्वशान्ति र विकासको रथ गुडाउन निकै चुनौतिपूर्ण देखिन्छ ।

पश्चिमा अवधारणाको पुरानो विश्वव्यवस्थाविरुद्ध अर्थात् विश्व प्रभुत्ववाद र दमनविरुद्ध नेता सीले अघि सार्नुभएको कूटनीति विश्वको निम्ति हितकर हुने विश्वशान्ति र विकासको निम्ति सहयोगी हुने विश्वास लिइएको छ । मानवजातिको साझा भविष्य, साझा नियति, साझा विकास परिणाम, सुरक्षाको साझा प्रत्याभूतिको अवधारणाले न्यायपूर्ण, समतामूलक र समृद्ध विश्व निर्माणमा टेवा पुग्नेमा कुनै शङ्का नहोला । विविध अनिश्चितताका चुनौतिहरू सामना गरिरहेको विश्वलाई शान्ति, विकास र सबैको हित हुने (जित-जित) अवधारणाबारे अवगत गराउनुलाई चीनले आफ्नो कर्तब्य ठान्यो ।

बहुपक्षीयताको पक्षपाती र संवाहक हुनुको नाताले चीनले साना-ठूला देशबिच समानताको सिद्धान्त विकास गऱ्यो । त्यतिमात्र होइन देश-देशबिचको भिन्नतालाई हटाउन परामर्श र छलफलको कार्यशैली हुर्कायो । विश्वको सामाजिक, आर्थिक विकासमा हरेक सानाठूला देशहरूको उत्तिकै चासो र योगदान हुनुपर्छ । तीमध्ये एक महत्त्वपूर्ण दायित्व भएको देश चीनले विश्वलाई जोड्न 'क्षेत्र तथा मार्ग अगुवाइ (बीआरआई)', 'विश्वव्यापी विकास अगुवाइ (जीडीआई)' र 'विश्वव्यापी सुरक्षा अगुवाइ (जीएसआई)' जस्ता महत्त्वपूर्ण विकास र सुरक्षा अगुवाइहरू अघि सार्यो । त्यतिमात्र होइन विशेषत: साना तथा विकासोन्मुख मुलुकका निम्ति साम्राज्यवादी आर्थिक हतियारको विरुद्धमा एसियाली पूर्वाधार लगानी बैङ्क र नयाँ विकास बैङ्क (New Development Bank) खडा गऱ्यो । समतामूलक र न्यायपूर्ण विश्वव्यापी शासन प्रणालीमा यी अगुवाइहरूले अतुलनीय भूमिका या योगदान पुऱ्याएको छ ।

नेता सीले प्रस्ताव गर्नुभएको साझा भविष्यसहितको मानवजातिको समुदाय निर्माणको यात्राले सारा देशहरूलाई अन्तर्राष्ट्रिय सम्बन्धको प्रजातान्त्रीकरण गर्न सहज बनायो । आज जटिल अन्तर्राष्ट्रिय सम्बन्ध, प्रभुत्ववाद, एकहट्टी शक्ति राजनीति अलोकप्रियमात्र होइन निकै कमजोर बन्दै छ ।

विश्व व्यवस्थालाई साँच्चै प्रजातन्त्र, समता र न्यायतर्फ लाने हो भने विश्वव्यापी सुशासनको आधार बहुपक्षीयता नै हो, एकहट्टी शक्ति राजनीति होइन । सन् २०१७ मा संयुक्त राष्ट्रको ७१ औं साधारणसभा र विश्वव्यापी आर्थिक शासनप्रणालीले समेत चीनले प्रस्ताव गरेको व्यापक परामर्शको सिद्धान्त, संयुक्त योगदान र साझा फाइदाको सङ्कल्पलाई आत्मसात् गरेको थियो ।

करिब-करिब सम्पूर्ण विश्वव्यापी अन्तरसरकारी सङ्गठनहरूको सदस्य र ६०० वटाभन्दा बढी सभा र संशोधनहरूमा हस्ताक्षरकर्ताको हैसियतबाट चीनले १६० वटाभन्दा बढी देशहरूमा सहयोग र आर्थिक सहायता प्रदान गरिसकेको छ । यसले कम विकसित देशहरूलाई व्यापक सहयोग मिल्यो । चीनका परियोजनाहरू र चीनले अबलम्बन गरेको पछिल्लो कूटनीतिक पहलहरूले विश्वव्यापी शासनको दृष्टिकोण नै बदलेको छ ।

आज विश्व अर्थतन्त्र निकै कमजोर देखिएको छ । अर्थात्, स्वस्थ लयमा फर्कन सकेको छैन । सुशासनमा ह्रास, विश्वासमा आएको ह्रास, विकासमा देखापरेको ह्रास र शान्तिमा देखिएको ह्रास थप चुलिँदै छ । यसले राम्रो सङ्केत पक्कै गरेको छैन । आर्थिक विश्वव्यापीकरणले वर्तमानमा नकारात्मक परिणाम दिइरहेको देखाएको छ । अन्तर्राष्ट्रिय अवस्था त दिन प्रतिदिन बदलिएको मात्र छैन अनिश्चित पनि बन्दै छ ।

कोभिड महामारी र ऊर्जा, वस्तु कच्चा पदार्थमा उकालोलाग्दो मूल्यसहित अन्य पक्षहरूको संयुक्त प्रभावले विश्वव्यापी औद्योगिक र पूर्तिचक्रमा गम्भीर अवरोध एवम् क्षति पुऱ्याएको छ । विश्वको आर्थिक अवस्था गम्भिर ढङ्गले ओरालो झरेपछि नेता सीले विकासको नयाँ अवधारणामा जोड दिनुभयो । विश्व अर्थतन्त्रको स्थायित्व र प्राप्तिका लागि बलियो प्रेरक शक्ति स्वरूप उच्च गुणस्तरको विकास मोडल र शैली प्रदान गर्नुभयो । विश्वव्यापी विकास अगुवाइ (जीडीआई) त्यही चिन्तनको प्रतिफल थियो ।

सन् २०२१ सेप्टेम्बरमा राष्ट्रपति सीले पहिलो पटक संयुक्त राष्ट्र सङ्घको ७६ औं सभामा विश्वव्यापी विकास अगुवाइको अवधारणा अघि सार्नुभएको हो । साथै, उहाँले छ वटा छुट्टाछुट्टै क्षेत्रमा विश्वव्यापी विकास अगुवाइका निम्ति अभियान सञ्चालनको प्रतिबद्धता पनि जाहेर गर्नुभयो ।

सन् २०२२ जुन महिनामा नेता सीले विश्वव्यापी विकासमा साझेदारी आह्वान गर्नुभयो । विश्वव्यापी विकाससम्बन्धी उच्चस्तरीय वार्तामा ऐक्यबद्धता, समानता, सन्तुलन र समावेशिताका निम्ति देशहरूको संयुक्त योगदानको आग्रह गर्नुभयो । त्यही नै समय चीन आफ्नो खुलापनलाई अझ व्यापक र द्रुत बनाउँदै थियो । क्षेत्रीय र विश्वव्यापी आर्थिक एवम् व्यापार प्रणालीहरू आपसी हित र जित-जित प्रतिफलका निम्ति निर्माण गर्दै थियो ।

सन् २०१९ नोभेम्बरमा चीनसहित १५ वटा एसिया प्रशान्त देशहरूले क्षेत्रीय व्यापक आर्थिक साझेदारी (आरसीईपी) मा हस्ताक्षर गऱ्यो । त्यसले देशहरूलाई आर्थिक सुधारका निम्ति प्रेरित गऱ्यो ।

यसबाहेक चीन औद्योगिक उत्पादनमा विश्वकै सबैभन्दा ठूलो देश हो । त्यतिमात्रै होइन चीन विश्वकै सबैभन्दा ठूलो व्यापार गर्ने देश हो । विश्वमा करिब १३० देश र विभिन्न क्षेत्रहरूसँग चीनको व्यापार साझेदारी छ । यसर्थ विश्वमा सबैभन्दा बढी व्यपार साझेदार हुने देश पनि चीन नै हो । चीनले आफ्नो घरेलु अर्थतन्त्र बलियो बनाएको छ । घरेलु मागलाई व्यापक बनाउन कुनै कसर छोडेको छैन । चिनियाँ अर्थतन्त्रको आधारशिला घरेलु बजारसँगै उच्च-गुणस्तरको खुलापन, विश्व अर्थतन्त्रमा चीनको ठोस र महत्त्वपूर्ण योगदान हो भन्दा फरक नपर्ला ।

चीनको क्षेत्र तथा मार्ग अगुवाइले अन्तर्राष्ट्रिय आर्थिक सहकार्य विकासमा महत्त्वपूर्ण मञ्च प्रदान गऱ्यो । सन् २०१३ मा बीआरआई अवधारणा प्रस्ताव भएपछि अन्तर्राष्ट्रिय समुदाय विशेषगरी विकासोन्मुख देशहरूमा सम्बन्ध विस्तारका निम्ति बीआरआईले सकारात्मक भूमिका खेल्यो । सन् २०२२ जुलाई सम्ममा चीनले १४९ देशहरू र ३२ अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग करिब २०० वटा सहकार्यका दस्तावेजहरूमा हस्ताक्षर गरिसकेको छ । बीआरआई मानव इतिहासमै सबैभन्दा प्रभावशाली अन्तर्राष्ट्रिय सहकार्य अगुवाइ हो भन्ने तथ्याङ्कले देखाउँछ । त्यसमाथि 'पाँच फैलिएको अवधारणा' मार्फत सम्पूर्ण सहभागीले विश्वव्यापी विकास अगुवाइको निम्ति सघाए । बीआरआई अन्तर्राष्ट्रिय वित्तीय साझेदारीको नयाँ कोसिस थियो । जसले आर्थिक विकासको निम्ति विकासोन्मुखदेखि विकसित मुलुकसमेतलाई सहकार्य, समन्वय र साझेदारीको मार्गमा जोड्यो ।

चीनले एसिया प्रशान्तका देशहरू, अफ्रिकी, ल्याटिन अमेरिकी, मध्यपूर्वी र दक्षिण प्रशान्त क्षेत्रका देशहरूमा मित्रवत् सहकार्य व्यापक र द्रुत बनायो । चीन र आसियान देशहरू एक आपसमा ठूलो व्यापार साझेदार बने । चीन-आसियान मुलुकको सम्बन्धमा त्यो ऐतिहासिक फड्को थियो । सहकार्यको माध्यमबाट चीन र आसियान देशहरूले आपसी क्षमता अभिवृद्धिसँगै उत्पादन र व्यापारमा प्रभावकारिता बढायो । उत्पादन क्षमता बढाउने र कृषि एवम् ऊर्जाको पूर्ण विकास एवम् प्राथमिकीकरणको क्षेत्रमा चीनले केन्द्रीय एसियाली देशहरूसँग सहकार्य गऱ्यो । दुवै पक्षले आर्थिक एवम् व्यापार रूपान्तरण र स्तरोन्नतिको भविष्यका लागि संयुक्त प्रयास गऱ्यो ।

चीन-अफ्रिका सम्बन्धको हकमा चीन-अफ्रिका सहकार्य दृष्टिकोण २०३५ स्थापित छ । करिब ९ वटा कार्यक्रमहरू कार्यान्वयनकै क्रममा छन् । दुवै पक्षले अफ्रिकाको विकासका निम्ति संयुक्त राष्ट्र सङ्घमा प्रस्ताव गर्नुका साथै साझेदारीको अगुवाइ गरेको थियो ।

चीन र ल्याटिन अमेरिकी देशहरूले संयुक्त रूपमा चीन र ल्याटिन अमेरिकी एवम् क्यारेवियाली राज्यहरूको समुदायको संयुक्त फोरम खडा गरेको छ । दुई पक्षबिच संस्थागत सहकार्यले निरन्तर उकालो चढेको देखिन्छ । चीन ल्याटिन अमेरिकाको दोस्रो ठूलो व्यापार साझेदार हो । चीन ल्याटिन अमेरिकाका लागि तेस्रो ठूलो लगानी प्रदान गर्ने देश हो । दुई पक्षबिचको व्यापार आकारले ऐतिहासिक रेकर्ड नै तोडेको तथ्याङ्क छ ।

चीन र गल्फ सहकार्य काउन्सिलले स्वतन्त्र व्यापार संवादमा निरन्तर प्रगति गर्दै छ । दुवै पक्षले व्यापार उदारीकरण र सहजीकरणको स्तरोन्नतिमा जोड दिइरहेको देखिन्छ । प्रशान्त टापु देशहरूसँग साझा विकास र आपसी सम्मानका लागि चिनियाँ

*बाँकी पृष्ठ ८ मा*

# सुन र सिक्री : तिब्बतको यात्रा विवरण - १

✍ फेलिक्स एबट



विहार, मठ र गाउँहरूको चहलपहल । स्थानीय भाषामा कुराकानी । तीन–तीन जना लोग्ने भएका नारीहरू । तिब्बतमा राज्यले संस्कृति दबाउँछ भन्ने हल्ला छ । तर, वास्तविकतासँग त्यो हल्लाको कुनै साइनो छैन । बरु यात्राको क्रममा मैले त्यहाँ एकदम जीवन्त संस्कृति देखेँ ।

राजधानी ल्हासाबाट एकदम टाढा दुर्गम गाउँमा एक तिब्बती महिलाले म र मेरा भियतनामी मित्रलाई घरमा बोलाइन । उनी आफ्ना तीन लोग्नेसँग बस्छिन् । उनका पाँच सन्तान छन् । उनका छोराछोरीले विद्यालयमा दुई भाषा सिक्दै छन् - राष्ट्रिय भाषा मेन्डारिन र मातृभाषा तिब्बती । आफ्ना छिमेकीहरूले जस्तै यो परिवारले पनि आफ्नो धर्म र संस्कृतिलाई सगर्व जोगाएका छन् ।

पश्चिमा मिडियाहरू हेर्दै हुर्केका व्यक्तिहरूलाई अचम्म लाग्न सक्छ । चीनले तिब्बती संस्कृतिलाई नराम्ररी दबाएको छ भन्ने भाष्यको व्यापक प्रचार छ पश्चिममा । तर, यथार्थ अर्कै छ । यो विरोधाभाषबारे अलि पछि चर्चा गरौँला । सुरुमा हामी तिब्बतको इतिहास हेरौँ । चीनमा तिब्बतलाई सिज्याङ भनिन्छ ।

### प्रारम्भिक इतिहास : तिब्बती साम्राज्य (तुबो)

तिब्बती साम्राज्यको स्थापना सोङत्सेन गम्पोले गरेका थिए । प्रथम 'तुबोका राजा' का रूपमा उनले ७ औँ ( सन् ६१८–६४९) शताब्दीमा शासन गरेका थिए । उनको शासनमा तुबो साम्राज्यको ठुलो विस्तार भएको थियो । तिब्बतमा बुद्ध धर्म भित्र्याएर उनले चीन र नेपालसँग कूटनीतिक सम्बन्ध जोडेका थिए ।



सोङत्सेन गम्पोले चीनको ताङ दरबारमा दूत पठाए र विवाह सम्बन्धको प्रस्ताव गरे । सुरुमा ताङ वंशका सम्राट ताइजोङले अस्वीकार गरे । वार्तापछि उनले एक घरानियाँ युवती राजकुमारी वेनचेङसँग तिब्बती राजाको विवाह गरिदिने भए । सम्राटले आफ्नै छोरी भने दिन मानेनन् ।

राजकुमारी वेनचेङ तिब्बती रानी भइन् । यो विवाह राजनीतिक थियो । पछि यसले सांस्कृतिक महत्त्व पनि पायो । उनी चीन र तिब्बत दुवैतिर एक किंवदन्ती बनिन् । उनले 'हेछिङ' ( शान्तिकामी) पुलको काम गरिन् । यो कन्फुसियस कूटनीतिको एक नमुना थियो; विवाह सम्बन्धबाट 'तियान्सिया' (स्वर्ग) निर्माण गर्ने नीति थियो । यो सैन्य बलको प्रयोगभन्दा बढी सांस्कृतिक प्रसार थियो ।

वेनचेङ कन्फुसियस परम्परामा दीक्षित नारी थिइन् । त्यो परम्परा अनुसार जनताको कल्याण नै शासकको पहिलो कर्तव्य हो । उनले खासगरी गरिबगुरुवाको हेरविचारमा ध्यान दिइन् । यसमा सदाचार वा भनौँ लोककल्याण झल्किन्छ । यसरी उनको विवाहलाई राजनीतिक सम्बन्धभन्दा बढी नैतिक जिम्मेवारी ठानियो । उनले आफ्ना नयाँ प्रजाको जीवनस्तर उकास्नमा मन लगाइन् ।

उनले तिब्बतमा लगेका 'कोसेलीहरू' मा पनि यही कुरा झल्किन्छ । कन्फुसियस विचारअनुसार कृषि, शिक्षा र पूजापाठको जगमा मात्र एक समृद्ध समाजको निर्माण हुन्छ । उनले तिब्बतमा खेतीपातीका प्रविधिहरू, सिलाइबुनाइ र औषधिको ज्ञान लगेकी थिइन् । यसबाट उनले त्यहाँ एक सुस्थिर, ताङ शैलीको व्यवस्था स्थापना गर्ने जमर्को गरेको देखिन्छ । यसबाट उनी त्यहाँको गरिबी घटाउन र सामाजिक व्यवस्थालाई बलियो पार्न चाहन्थिन् ।

वेनचेङको आध्यात्मिकता बुद्ध धर्ममा आधारित थियो भने उनको शासनकला कन्फुसियस विचारमा आधारित थियो । उनले कन्फुसियसको व्यवहारिकता (कृषि, रेशम उत्पादन, पात्रो) लाई बौद्ध करुणासँग जोडिन् । यसरी उनले जनताको भौतिक समृद्धि र आध्यात्मिक चाहना दुवैलाई सम्बोधन गरिन् । यसका लागि उनले तिब्बतमा बौद्ध सूत्रहरू, बौद्ध मूर्ति र भिक्षुहरू पनि सँगै लगेको बताइन्छ ।

तिब्बतमा राजकुमारी वेनचेङले झन्डै ४० वर्ष बाँचिन् । उनी आफ्ना लोग्नेभन्दा पनि बढी बाँचिन् । जति बाँचिन्, त्यति उनी जनतासँग नजिक रहेर बाँचिन् । यसकारण, त्यहाँको संस्कृतिमा उनको ठुलो प्रभाव पर्‍यो । उदाहरणको लागि, उनले वयोवृद्ध र दरिद्रजनलाई सताइरहेका कतिपय 'कुप्रथा' हरूलाई निरुत्साहित गरेको बताइन्छ । तिब्बतमा बुढापाका बाआमालाई अलपत्र छोड्ने चलन थियो । यो चलन बौद्ध मूल्यविपरीत छ भनेर वेनचेङले त्यसलाई निरुत्साहित गरिन् ।

एक किंवदन्ती अनुसार उनले आफ्नो सुनको गहना चोर्ने एक परिचारिकालाई माफ गरेकी थिइन् । आफ्ना बुबाको उपचारका लागि गहना चोरेको थाहा पाएपछि उनले सजाय दिनुको साटो एक डाक्टर पठाइदिएकी थिइन् ।

ल्हासामा मैले एउटा साङ्गीतिक कार्यक्रम हेरेँ । महान् करुणा मन्त्र नामक त्यो गीतिनाटकमा दार्शनिक कथ्य थियो । त्यसमा समकालीन चीनको साझा समृद्धि (गोङतोङ फुयू) को दृष्टिकोण झल्काइएको थियो । चीन सरकारले राजकुमारी वेनचेङको कथालाई आधुनिक सुशासनको उदाहरणको रूपमा पेश गर्छ; इतिहासबाट आजको भाष्यलाई पोषण गर्छ ।

राजकुमारी र राजा सोङत्सेन गम्पोको सशक्त गीतमा यो विचार प्रतिविम्बित हुन्छ । उनीहरूले सँगै गाउँछन्, "म चाहन्छु मानिस भोकमरीबाट मुक्त हुन् । गरिबहरू दु:खबाट मुक्त हुन् । बुढापाकाहरू पीडादायी बुढ्यौलीबाट मुक्त हुन् । मरेकाहरू अमन र शान्तिले बस्न पाउन् । हो, यही मेरो सपना : तुबोलाई धर्तीकै स्वर्ग बनाउने यही मेरो जपना ।"

गीतिनाटकमा राजकुमारीले पतिको सहयोगमा कन्फुसियस विचारको प्रचार अभियान चलाएको देखाइएको छ । यो विचारले भन्छ - लोकहित र अमनचयन कायम गर्नाले राजनीतिक वैधानिकता उत्पन्न हुन्छ । आज चीन सरकारले लोकहितका यिनै शास्त्रीय विचारलाई 'सबैका लागि समुन्नत समाज' को आफ्नो लक्ष्य पूरा गर्न उपयोग गर्दै छ ।

सुखशान्तिको यो सन्देश बाँचिरह्यो । तर, ९ औँ शताब्दीमा तुबो राजतन्त्रको अन्त्य भयो ।

### राजमुकुट खस्यो : विग्रहको युग आयो (९-१० औँ शताब्दी)

तिब्बतको शक्तिशाली साम्राज्य रातारात ढलेन । सन् ८४२ मा सम्राट लाङदर्माको हत्या भयो । यसपछि राजतन्त्रले ठुलो धक्का खायो । बौद्ध विवरणमा लाङदर्माले बुद्धविरोधी पजनी गरेको बताइन्छ । उनको स्पष्ट युवराज तोकेनन् । यसले गर्दा सिंहासनका लागि



उनका छोराहरूबिच हिंस्रक गृहयुद्ध चल्यो । सयौँ वर्षसम्म चलेको केन्द्रीकृत शासन प्रणालीमा विग्रह आयो ।

लगत्तै तिब्बती साम्राज्य भद्रगोल भयो । देश विभिन्न भुरेटाकुरे राजा, युद्धसरदारका मौजा र आपसमा लडिरहने कुलघरानामा बाँडियो । केन्द्रीय सत्ता निस्प्रभावी बन्यो । मध्य तिब्बतमा सङ्गठित बुद्ध धर्मको अन्धयुग सुरु भयो । राज्यले विहार र मठहरूलाई दिने सहयोग बन्द भयो र धार्मिक शासन ठप्प भयो । आम्दो र टाढा पश्चिमी भेगमा पर्ने ङारी क्षेत्रमा मात्र आस्थाको दियो बलिरह्यो । त्यहाँका शासकहरूले धर्मग्रन्थको जतन गरे र आध्यात्मिक परम्परा कायम राखे ।

### खरानीबाट नवजीवन पायो बौद्ध धर्मले (१०-१३ औँ शताब्दी)

१० औँ शताब्दीसम्म तिब्बत राजनीतिक विग्रहको अन्धयुगबाट बाहिरिन थाल्यो । यो बदलावको पछाडि 'चिदर' नामक गहिरो सांस्कृतिक र धार्मिक पुनर्जागरण थियो । यही पुनर्जागरणले परिवर्तनको झिल्को बालेको थियो । 'चिदर' को अर्थ हुन्छ बुद्ध धर्मको 'पछिल्लो प्रसार' । बुद्ध धर्मको पहिलो लहर मूलत: शाही फरमानमा निर्भर थियो । 'पछिल्लो प्रसार' मा यो जनस्तरको आन्दोलन बनेर आयो । निडर विद्वान् र अनुवादकहरूले यसलाई अघि बढाएका थिए । उनीहरू डरलाग्दा हिमाल नाघेर तिब्बत, नेपाल र भारतको यात्रा गर्थे । सुन दिएर धर्मग्रन्थहरू खरिद गरी तिब्बत ल्याउँथे ।

### अतीश दीपङ्करको प्रभाव

यो आन्दोलनको जग सन् १०४२ मा बस्यो । पश्चिम तिब्बतका शासकहरूले भारतका चर्चित आचार्य अतीश दीपङ्कर श्रीज्ञानलाई तिब्बत बोलाए । अतीशको आगमनले तिब्बतको आध्यात्मिक जीवनमा क्रान्ति ल्यायो । उनी विहारको अनुशासित आधार प्रदान गरेर जटिल र तान्त्रिक अभ्यासलाई व्यवस्थित गर्न सफल भए । यसरी बुद्धत्व प्राप्त गर्ने पथलाई संरचनाबद्ध गरियो । उनले 'बोधिसत्व प्राप्ति पथको दीप' नामक प्रसिद्ध कृति लेखे । यसरी उनले एउटा नयाँ र व्यवहारिक मानक स्थापित गरे । यसले तिब्बती बौद्ध संसारलाई सयौँ वर्षसम्म बाटो देखाउने काम गर्‍यो ।

### चार महापरम्पराको उदय

यो बौद्धिक र आध्यात्मिक पुनर्जागरणले गर्दा एउटा दार्शनिक बहसको विस्फोट नै भयो । विभिन्न



विचार र विद्वत परम्परा देखापरे । प्रत्येक परम्पराको जगमा कुनै प्रतिभाशाली धर्मगुरु, विशेष तान्त्रिक परम्परा वा बेजोड अनुदित रचना ( संस्कृतबाट तिब्बतीमा) हुन्थे । केही उदाहरण हेरौँ :

**निङ्मा (प्राचीनहरू) :** यो परम्परामा तिब्बत एक साम्राज्य छँदा प्रचलनमा रहेका सुरुका आधारभूत शिक्षा र मिथकीय अभ्यासहरू पाइन्छ । यो धर्मगुरु पद्मसम्भवको तान्त्रिक विरासतमा आधारित छ ।

**कादम (भाववेष्टित) :** यो परम्परा अतीश दीपङ्करका शिष्यहरूले सुरु गरेका थिए । यसले मठको कठोर अनुशासन, सदाचारको पालना र मनको तालिम (लोजोङ) मा जोड दिन्छ । यो परम्पराले पछि अर्को धार्मिक धारा गेलुङको संरचनात्मक र दार्शनिक जग हाल्यो ।

**काग्यु (मौखिक परम्परा) :** यो परम्पराले कठोर ध्यान र प्रत्यक्ष प्रयोगसिद्ध अनुभवमा जोड दिन्छ । यसले तिलोपा र नारोपाजस्ता भारतीय महासिद्धको शिक्षा प्रचार गर्छ । तिब्बतका तीन प्रसिद्ध धर्मगुरुहरू अनुवादक मारपा, योगी मिलारेपा र विद्वान् गामपोपाका वचनमार्फत त्यो शिक्षा दिइन्छ ।

**शाक्य (खैरो धर्ती) :** यो परम्परा शक्तिशाली खोन घरानाले सुरु गरेको थियो । पछि शाक्य परम्परा आफ्नो खोटरहित दार्शनिक प्रणाली, सुसङ्गत तर्कपद्धति र लाम्द्रे (पथ र त्यसको फलको) शिक्षाका लागि प्रसिद्ध भयो ।

### सत्ताको केन्द्र वा शक्तिपीठका रूपमा मठहरू

यी परम्पराहरू फैलिँदै गए । यसपछि तिब्बतको भौतिक स्थितिमा परिवर्तन आयो । बौद्ध मठहरू अब अरुबाट अलग धाम वा ध्यान गर्ने खोपीजस्ता रहेनन् । अब यिनीहरू विशाल र किल्लाबद्ध भवन बन्न थाले । पुरानो केन्द्रीकृत तिब्बती राजतन्त्र हटिसकेको थियो । त्यसको ठाउँमा तिब्बती पठारभरि राजनीतिक शून्यता व्याप्त थियो ।

छिट्टै यी मठहरूले त्यो रिक्तता भर्ने काम गरे । यी मठहरू विशाल पुस्तकालय, फराकिलो कृषिभूमि र संरक्षकहरूको बढ्दो सञ्जालले गर्दा निकै बलिया भए । यी मठहरू धनसम्पत्ति, उच्च शिक्षा र क्षेत्रीय शासनका प्रमुख केन्द्रमा विकसित भए । यसरी एउटा अलग्गै प्रणालीको पृष्ठभूमि तयार भयो, जहाँ आध्यात्मिक र धर्मनिरपेक्ष सत्ताको लगनगाँठो बाँधियो ।

### भिक्षु र खानहरू : मङ्गोल प्रभाव र शाक्य प्रभुत्व (१३-१४ औँ शताब्दी)

१३ औँ शताब्दीमा मङ्गोल साम्राज्य युरेसियाभरि फैलियो । तिब्बतमा कब्जा र विध्वंसको खतरा आइलाग्यो । तिब्बती नेताहरूले सैन्य प्रतिकार गर्नुको साटो व्यवहारिक कूटनीति अपनाए । सन् १२४७ मा धर्मगुरु शाक्य पण्डितले मङ्गोल दरबारको यात्रामा गए । त्यहाँ उनले चो-योन (गुरु-संरक्षक) सम्बन्ध गाँसे ।

यो व्यवस्थाअनुसार तिब्बती लामाहरूले मङ्गोल शासकहरूलाई आध्यात्मिक वैधता प्रदान गर्ने, ब्रतबन्ध गराउने र धार्मिक मार्गदर्शन गर्ने हुन्थ्यो । बदलामा मङ्गोल खानहरूले शाक्य परम्परालाई सैन्य सुरक्षा र राजनीतिक समर्थन दिने हुन्थ्यो । कुब्लाइ खानले युआन वंशको स्थापना गरेपछि उनले शाक्य पण्डितका भतिजा फागपालाई तिब्बतका प्रमुख धर्मगुरु र प्रशासक नियुक्त गरे । साम्राज्यकालपछि पहिलोपल्ट तिब्बतले एकहदको राजनीतिक एकता अनुभव गर्‍यो । यो एकता साम्राज्यवादी कब्जाबाट आएको थिएन । बरु मङ्गोल सत्ताको आडमा धार्मिक सत्ताबाट आएको थियो ।

### प्रतिद्वन्द्वी युग : प्रमुख बौद्ध परम्पराको उदय (१४-१६ औँ शताब्दी)

१४ औँ शताब्दीको आधाआधीतिर मङ्गोल युआन वंशको पतन भयो । यसपछि तिब्बतको रुग्ण राजनीतिक एकता भङ्ग भयो । तिब्बती पठारमा फेरि एकपल्ट आन्तरिक विग्रहको युग सुरु भयो । युआन वंशको आडभरोसा खस्केपछि शाक्य परम्पराको वर्चस्व खतम भयो । फेरि भेगीय हानथाप सुरु भयो । वर्चस्वका लागि फागमोद्रुप, रिनपुङ्गा र साङ्पाजस्ता तिब्बती वंशहरू आपसमा भिड्न थाले । यो हानथापले राजनीतिलाई पेचिलो खेलमा परिणत गर्‍यो । प्रत्येक वंशले आफूलाई एउटा न एउटा बौद्ध परम्परासँग जोड्न थाल्यो । झन्डै तीन सय वर्षसम्म तिब्बतमा यो क्षेत्रीय भिडन्त चलिरह्यो । खासगरी काग्यु र शाक्य परम्पराबिच घमासान द्वन्द्व चल्यो । स्थानीय संरक्षण, धनसम्पत्ति र भूभागका लागि उनीहरू भिडिरहे ।

*-क्रमश*

# एक अर्थहीन युद्धको अन्त्य

✍ अमिकन सैकल

अन्ततः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेब्रुअरीको अन्त्यदेखि मध्यपूर्व क्षेत्र र विश्वव्यापी ऊर्जा बजारलाई तहसनहस पारेको युद्ध अन्त्य गर्न इरानी शासनबाट सम्झौता सुरक्षित गरेका छन् । शुक्रबार सम्झौतामा हस्ताक्षर हुने भनिएकोमा एक दिनअघि नै सहमतिमा हस्ताक्षर भयो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको उक्साहटमा ट्रम्पले फेब्रुअरी २८ मा इरानी शासनलाई ध्वस्त पार्ने र तेहरानलाई आत्मसमर्पण गराउने लक्ष्यका साथ युद्ध सुरु गरे, जसरी उनले भेनेजुयलामा गरेका थिए । यद्यपि, तेहरानको बलियो रक्षात्मक प्रतिक्रियाको सामना गर्दै उनले यो लक्ष्य हासिल गर्न सकेनन् । विशाल घरेलु र अन्तर्राष्ट्रिय दबाबमा ट्रम्पले अन्ततः द्वन्द्वलाई सकेसम्म चाँडो अन्त्य गर्न उपलब्ध कूटनीतिक समाधान लिनुपर्ने निर्णय गरे ।

वासिङ्टन र तेहरानले हालै घोषणा गरेको समझदारी पत्र यस वास्तविकताको पुष्टि हो । यसले इरानलाई युद्धअघिको भन्दा बलियो स्थितिमा छाड्नेछ, अमेरिकाको यस क्षेत्रमा धेरै कम प्रभाव हुनेछ र इजरायल अन्योलमा पर्नेछ । यो सम्झौताले फारसी खाडीका अरब राज्यलाई अमेरिकासँगको आफ्नो सुरक्षा गठबन्धनको पुनर्मूल्याङ्कन गर्न र प्रभावशाली क्षेत्रीय खेलाडीको रूपमा इरानसँग सम्झौता गर्न पनि प्रेरित गर्नेछ ।

इरानी र अमेरिकी उपलब्ध गराएको सम्झौताका संस्करणमा दुवै पक्षले हर्मुजको जलमार्गमा डुङ्गा र जहाज पुनः सुरु गर्न र इरानको बन्दरगाहमा अमेरिकी नौसेना नाकाबन्दी हटाउन सहमत भएको देखिन्छ । इरानको आणविक कार्यक्रममा आगामी ६० दिनसम्म वार्ता पनि जारी रहनेछ । यसबाहेक, अन्य मुद्दामा दुवै पक्ष धेरै फरक देखिन्छन् ।

सम्झौतामा इजरायलले लेबनानमा गरेको बमबारीसहित सबै मोर्चामा लडाइँ रोक्ने कुरा पनि उल्लेख छ । ६० दिने वार्ताको क्रममा पश्चिमका बैङ्कमा फ्रिज रहेका करिब २४ अर्ब अमेरिकी डलरबराबरको इरानी सम्पत्ति रिहा गर्ने कुरा पनि छ । त्यस्तै, सम्झौताले अमेरिका र यसका सहयोगीलाई कम्तीमा ३०० अर्ब अमेरिकी डलरको इरानको लागि पुनर्निर्माण योजना प्रदान गर्न बाध्य पार्छ ।

अमेरिकी मिडिया आउटलेट एक्सियोसका अनुसार सम्झौताले तुरुन्तै विनाकुनै क्षति स्ट्रेट खोल्न आह्वान गर्छ । एक अमेरिकी अधिकारीले एक्सियोसलाई बताएअनुसार स्ट्रेट फेरि खोलेपछि इरानलाई तेल बेच्न अनुमति दिन 'अस्थायी प्रतिबन्ध छुट' दिइनेछ । ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथमा सम्झौताको घोषणामा लेबनानबारे पनि कुनै उल्लेख गरेनन्, यद्यपि पाकिस्तानी मध्यस्थकर्ताले लेबनानलाई सम्झौतामा समावेश गरेको बताए । इरानको आणविक कार्यक्रमसँग सम्बन्धित धेरै विवादास्पद मुद्दा पनि समाधान हुन बाँकी छन् । यसमा इरानको अत्यधिक समृद्ध युरेनियमको भण्डारको भविष्य र शान्तिपूर्ण उद्देश्यका लागि सहमतस्तरमा इरानलाई युरेनियम समृद्ध गर्न अनुमति दिनुपर्छ कि पर्दैन भन्ने कुरा समावेश छ ।


ट्रम्प र नेतन्याहुले इरान युद्ध सुरु गर्दा इरानको खामेनी शासनलाई पतन गर्ने, यसको आणविक कार्यक्रम तथा क्षेप्यास्त्र क्षमतालाई नष्ट गर्ने र यसका क्षेत्रीय सहयोगीहरू लेबनानी हिज्बुल्लाह, यमनी हुथी, इराकी सिया मिलिसिया र प्यालेस्टिनी हमास र इस्लामिक जिहादसँगको सम्बन्ध तोड्ने लक्ष्य घोषणा गरेका थिए । मुख्यत मध्यपूर्वको अवस्था अमेरिका र इजरायलको फाइदाका लागि परिवर्तन गर्नु थियो । यसले नेतन्याहुलाई इरानलाई कमजोर अस्तित्वमा परिणत गर्ने र रणनीतिक रूपमा महत्त्वपूर्ण र तेलका दृष्टिले धनी मध्यपूर्वमा 'ग्रेटर इजरायल'को आफ्नो दृष्टिकोणलाई पछ्याउने आफ्नो लामो समयदेखिको उद्देश्य हासिल गर्न अनुमति दिनेछ ।

यद्यपि, यसको अधिनायकवादी प्रकृति र यसको सामना गरिरहेका सबै घरेलु तथा विदेशी नीतिगत चुनौतीका बाबजुद इरानको इस्लामिक शासन प्रणाली कायम रह्यो । अर्थात, यसको निर्माण सामान्य धक्कामा नढल्ने गरी बनाइएको रहेछ । यसले आफ्नो नेतृत्वको हत्या, अमेरिका-इजरायलको विशाल सैन्य बमबारी र त्यसपछि इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी सहेको छ ।

इरानमा निश्चित रूपमा आफ्नो पूर्वाधार र अर्थतन्त्रमा ठुलो क्षति भएको छ, साथै नागरिक हताहत पनि भएको छ । तर, वर्तमान इस्लामिक शासनले अमेरिका, यसको क्षेत्रीय खाडी अरब सहयोगी र इजरायलका लागि धेरै महँगो साबित गर्ने प्रतिक्रिया दिन सक्षम भयो । युद्धअघि तेहरानको कहिल्यै नभएको हर्मुज जलमार्गमाथिको प्रभावलाई विश्वव्यापी ऊर्जा र मलसङ्कट निम्त्याउन प्रयोग गऱ्यो र तेहरानलाई ठुलो लाभ प्रदान गर्न सक्यो ।

यसैबिच, ट्रम्पले युद्धको बढ्दो घरेलु विरोध, घट्दो हवाई रक्षा अवरोधकहरू र परम्परागत अमेरिकी सहयोगीबिचको समर्थनको अभावसँग जुधिरहेका थिए । यी सबैलाई ध्यानमा राख्दै ट्रम्पसँग द्वन्द्वलाई लामो समयसम्म चल्न नदिने मुख्य कारण आउँदो उपनिर्वाचन हो । यो सम्झौता नेतन्याहुका लागि धेरै निराशाजनक हुन सक्छ ।

लेबनानमा निरन्तर आक्रमण गरेर र सायद औपचारिक रूपमा गाजा र वेस्ट बैङ्कलाई कब्जा गरेर नेतन्याहुले अझै पनि शान्ति सम्झौतालाई कमजोर पार्ने प्रयास गर्न सक्छन् । आफ्नो सैन्य क्षमता र राजनीतिक अस्तित्व कायम राख्न नेतन्याहुको अमेरिकामाथिको निर्भरतालाई ध्यानमा राख्दै ट्रम्पसँग उनी र उनको मन्त्रिपरिषद्का उग्र दक्षिणपन्थी मन्त्रीहरूलाई आफ्नो पक्ष्यमा ल्याउन बाध्य पार्ने ठुलो शक्ति चाहिन्छ ।




अन्तिम शान्ति सम्झौतामा हस्ताक्षर भएपछि त्यसले इरान र अमेरिकाबिचको कुनै प्रकारको सम्बन्धका लागि बाटो खोल्ने सम्भावना राख्छ । यसले थप स्थिर र शान्तिपूर्ण मध्यपूर्वको बाटो खुलाउन सक्छ । तर, अत्यधिक खुसी मनाउने समय अझै आएको छैन । दुवै पक्ष पहिले पनि आजको अवस्थामा आएका थिए ।

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गर्नुभन्दा महिनौँअघिदेखि उनीहरूले इरानको आणविक कार्यक्रमबारे सम्झौताको वार्ता गरिरहेका थिए । ओमानी मध्यस्थकर्ताका अनुसार बम खस्न थालेपछि सम्झौता 'पहुँचभित्र' थियो । यसको अर्थ अहिले भएको कुनै पनि युद्धविराम धेरै कमजोर हुन सक्छ । यसले यो प्रश्न पनि उठाउँछ कि यो युद्ध अन्तर्राष्ट्रिय कानुन वा अमेरिकी काङ्ग्रेसको अनुमोदनको कुनै चासोविना भएको थियो ।

(सैकल अस्ट्रेलियन राष्ट्रिय विश्वविद्यालय, पश्चिमी अस्ट्रेलिया विश्वविद्यालय र भिक्टोरिया विश्वविद्यालयमा 'मध्यपूर्वी अध्ययन' का प्राध्यापक हुन् ।)

*- द कन्भर्सेसनबाट*

# एसिया-प्रशान्त क्षेत्रमा सन्तुलन कायम गर्न सघाउँदै चीन

✍ माया माजुएरा

एसिया-प्रशान्तको भूराजनीति सूक्ष्म तर परिणामात्मक परिवर्तनबाट गुज्रिरहेको छ । कुनै बेला सहयोगलाई पश्चिमा नेतृत्वको नियम, मान्यता र सुरक्षा पंक्तिबद्धताद्वारा परिभाषित गरिएकोमा अहिले चीनले सहयोगलाई सार्वजनिक सेवा प्रदान गर्ने मूर्त मोडेलको रूपमा अगाडि बढाइरहेको छ । भूराजनीतिक परिवर्तनसँगै सहयोगको शैलीमा पनि तीव्र परिवर्तन भएको छ ।

यस परिवर्तनको केन्द्रमा क्षेत्रीय प्रभावको भूमिका छ । स्थापित सिद्धान्तबाट वैधता प्राप्त गर्दै परम्परागत पश्चिमी दृष्टिकोण विशेषगरी नियम, मापदण्ड, अप्रत्यक्ष शासन र सुरक्षा गठबन्धनमा केन्द्रित थियो । यसविपरीत चीनले नेतृत्वको थप कार्यमुखी मोडेललाई अगाडि बढाइरहेको छ, जहाँ पूर्वाधार निर्माण, वित्तपोषण परिचालन र दृश्यात्मक आर्थिक लाभलाई जोड दिइन्छ । यस ढाँचामा एसिया-प्रशान्त सहयोग केवल नियम बनाएर मात्र होइन, बरु समाधान कार्यान्वयन गर्ने क्षमताद्वारा परिभाषित गरिएको छ ।

पूर्वाधार, वित्तपोषण, डिजिटल कनेक्टिभिटी र वास्तविक अर्थतन्त्रलाई प्राथमिकता दिएर चीनले सहयोगका सर्त र नेतृत्व दुवैलाई पुनः परिभाषित गरिरहेको छ । क्षेत्रीय सहयोग दशकौँदेखि व्यापार, शासन र सुरक्षालाई नियन्त्रित गर्ने ढाँचावरपर व्यवस्थित गरिएको छ । महत्त्वपूर्ण भए पनि यी ढाँचा विकासशील अर्थतन्त्रको दैनिक वास्तविकतासँग मेल नखाएको हुन सक्छ । तर, वास्तविकता यही हो । चीनको दृष्टिकोण व्यावहारिक प्रश्नमार्फत फरक तरिकाले सुरु हुन्छ, देशहरूलाई वास्तवमा के कुराको आवश्यकता छ ?

एसियाको धेरैजसो क्षेत्रमा चीनबारे साझा धारणा छ- सडक, रेलवे, बन्दरगाह, ऊर्जा प्रणाली र पुँजीमा पहुँच भएको शक्तिशाली अर्थतन्त्र भएको देश । यिनै आवश्यक विषयमा ध्यान केन्द्रित गरेर चीनले सहयोगलाई दृश्यात्मक र मापनयोग्य बनाएको छ । यात्रा समयावधिलाई घटाएर आधा (छिटो) बनाउने रेलवे सेवादेखि व्यापारको ढोका खुला गर्ने बन्दरगाह उनीहरूको दैनिक जीवनमा ठोस लाभ हो । यस परिवर्तनको केन्द्रमा पूर्वाधार रहेको छ । चीन-लाओस रेलवे, जकार्ता-बान्डुङ उच्च गतिको रेल सेवा र हम्बनटोटा अन्तर्राष्ट्रिय बन्दरगाहजस्ता परियोजना संयोजनकारी तन्तु हुन्, जसले एसिया प्रशान्त क्षेत्रलाई नजिकबाट जोड्छन् ।




यातायात लागत घटाएर, अन्तरदेशीय क्षेत्रलाई विश्वव्यापी बजारमा खुला राखेर र औद्योगिक वृद्धिलाई तीव्र बनाएर चिनियाँ परियोजनाले आर्थिक भूगोललाई पुनः आकार दिइरहेका छन् । परम्परागत सहायताविपरीत पूर्वाधारले दृश्यात्मक, विश्वलाई वास्तविक लाभ प्रदान गर्छ । पूर्वाधार पुँजी गहन छ, यही पुँजीमा चीनको भूमिका निर्णायक हुन्छ । बेल्ट एन्ड रोड इनिसिएटिभ, यसका नीति, लगानी कोष र एसियाली पूर्वाधार लगानी बैङ्कमार्फत चीनले एसियाको लामो समयदेखिको वित्तीय खाडललाई सम्बोधन गर्न सहयोग गरेको छ । धेरै विकासशील देशले पर्याप्त र समयमै कोष सुरक्षित गर्न सङ्घर्ष गरेका छन् । चीनको वित्तीय सहयोग प्रायः छिटो र कम बोझिलो छ, जसले गर्दा चीन बढ्दो रूपमा आकर्षक साझेदार बनेको छ ।

वित्तीय क्षेत्रमा उसको भूमिकाले चीनले परियोजना निर्माण मात्र गरिरहेको छैन, बरु क्षेत्रीय विकासका बृहत् प्रणालीलाई पनि आकार दिइरहेको छ भन्ने कुरा सुनिश्चित गर्छ । चीनको प्रभाव अब क्षेत्रीय आपूर्ति शृङ्खला र व्यापार सञ्जालमा गहिरो रूपमा जोडिएको छ, जसको केन्द्रमा बृहत् क्षेत्रीय आर्थिक साझेदारी रहेको छ ।

कम विकसित देशसँग कूटनीतिक सम्बन्ध भएका देशलाई शून्य भन्सार नीति अवलम्बन गर्ने उसको निर्णयले यो सहयोग भाषणमा मात्र होइन, व्यवहारमा पनि लागू हुन्छ भन्ने देखाउँछ । चीनको सहयोग केवल कूटनीतिक मञ्चमा मात्र होइन, बरु प्रशान्त क्षेत्रका रसद केन्द्र र डिजिटल प्लाटफर्मसम्म विस्तार भएको छ । वास्तविक अर्थतन्त्रमा जरा गाडेको यो सहयोग स्वाभाविक रूपमा बढी लचिलो छ, किनकि आपूर्ति शृङ्खला राजनीतिक कथनभन्दा पृथक हुन्छ ।

चीनको दृष्टिकोणले अब खाद्य सुरक्षा, गरिबी न्यूनीकरण, हरित ऊर्जा र डिजिटल कनेक्टिभिटीलाई समेट्छ । यी क्षेत्रले मानिसको जीविकोपार्जनलाई प्रत्यक्ष रूपमा असर गर्छ । यसैबिच, यो स्वास्थ्य सेवा, जैविक प्रविधि र कृत्रिम बुद्धिमत्ताजस्ता अग्रणी क्षेत्रमा अगाडि बढिरहेको छ, जसले यस क्षेत्रको विकास र प्राविधिक मार्गलाई आकार दिने महत्वाकांक्षालाई सङ्केत गर्छ ।

भौतिक पूर्वाधारभन्दा बाहिर डिजिटल क्षेत्रमा चीनको प्रवेश उत्तिकै परिणामकारी हुँदै गइरहेको छ । डिजिटल सिल्क रोडमार्फत, चीनले प्रशान्त क्षेत्रभर ५ जी नेटवर्क, इ-कमर्स इकोसिस्टम, डिजिटल भुक्तानी र स्मार्ट सिटी विकासमा आफ्नो उपस्थिति विस्तार गरिरहेको छ । अझ महत्त्वपूर्ण यो विस्तार बढ्दो रूपमा उदीयमान क्षेत्रका मानकसँग जोडिएको छ । यी केवल प्राविधिक क्षेत्र मात्र होइनन्, भविष्यको आर्थिक र राजनीतिक प्रभावको निर्माणरूपी ब्लक हुन् । डिजिटल प्रणाली दैनिक जीवनमा सम्मिलित हुँदै जाँदा तिनीहरूको मापदण्ड र वास्तुकलालाई आकार दिने क्षमता सडक वा बन्दरगाह निर्माणजत्तिकै महत्वपूर्ण हुनेछ, जसले चीनलाई क्षेत्रीय एकीकरणको डेटा-सञ्चालित तहको अग्रपंक्तिमा राख्नेछ ।

समग्रमा हेर्दा यो प्रयासले एउटा ठुलो महत्वाकांक्षालाई औँल्याउँछ, चीनले आफूलाई व्यापक विकास सामग्रीको प्रदायकका रूपमा स्थापित गरिरहेको छ । महत्वपूर्ण कुरा, चीनले विद्यमान क्षेत्रीय संरचनालाई भत्काएको छैन । बरु, तिनै संरचनामार्फत काम गरिरहेको छ ।

पूर्वी एसिया शिखर सम्मेलन आसियान प्लस ३ जस्ता आसियान नेतृत्को संयन्त्रलाई संलग्न गराएर चीनले दक्षिणपूर्वी एसियाली राष्ट्रको संघलाई विस्थापित गर्नुको सट्टा यसको केन्द्रीयतालाई सुदृढ बनाउँछ । आरसिइपीजस्ता ढाँचा र एआइआइबीजस्ता संस्थामा चीनको सहभागिताले यस दृष्टिकोणलाई अझ पूरक बनाउँछ ।

मूर्त सार्वजनिक वस्तु प्रदान गरेर चीनले यस क्षेत्र केन्द्रलाई पूर्वाधार, कनेक्टिभिटी र वास्तविक आर्थिक एकीकरणतर्फ बढाएको छ । एसिया-प्रशान्त सहयोगका लागि परिभाषित प्रश्न अब नियम कसले तय गर्ने होइन, बरु अरू निर्भर प्रणाली कसले बनाउने भन्ने हो ।

(लेखक बेल्ट एन्ड रोड इनिसिएटिभ-श्रीलङ्काका संस्थापक निर्देशक हुन् ।)

*- चाइना डेलीबाट*

# स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने




भक्तपुर। भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजना, भक्तपुर पर्यटन विकास समितिको सहकार्य तथा 'गो लोकल' अभियानको संयोजनमा असार ६ र ७ गते भक्तपुर नगरपालिका-२ स्थित न:पुखु परिसरमा 'हेरिटेज मार्केट एन्ड कल्चरल किचेन' मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो।

कार्यक्रममा उहाँले स्थानीय स्रोत, साधन र सीपमा आधारित घरेलु उत्पादनलाई प्राथमिकता दिन सके रोजगारीका अवसर वृद्धि हुने, युवाहरू आत्मनिर्भर बन्ने तथा वैदेशिक रोजगारीका लागि विदेशिने युवाहरूको सङ्ख्या घटाउन सकिने बताउनुभयो।

उहाँले घरेलु उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि मेला, उत्सव तथा प्रदर्शनीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै यस्ता कार्यक्रमले स्थानीय उत्पादनलाई व्यापक रूपमा चिनाउन सहयोग पुग्ने बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले विभिन्न विषयमा युवाहरूलाई सीपमूलक तालिम प्रदान गर्दै आएको र त:का: तपुली, जुजु धौलगायत स्थानीय उत्पादनको राष्ट्रिय सूचीकरण प्रक्रियालाई अगाडि बढाएको जानकारी दिनुभयो।

उहाँले ताइचिन च्युरा, हाकुपतासीलगायत स्थानीय उत्पादनको संरक्षण, प्रवर्द्धन र बजारीकरणका लागि नगरपालिकाले घरेलु उद्योग व्यवसायीहरूसँग समन्वय र सहकार्य गर्दै आएको पनि बताउनुभयो। घरेलु तथा साना उद्योगको विकासका लागि सरकारले सहुलियत ब्याजदरमा ऋण तथा अनुदानको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भक्तपुर नगरपालिकाले सीपमूलक तालिमसँगै युवा उद्यमशीलता ऋण कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामकुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाका अध्यक्ष सुन्दर शिल्पकारले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो भने भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

# सामुदायिक स्कूल सामूहिक भावनाबाट मात्र बन्ने




भक्तपुर। आदर्श आजाद मा.वि. भेलुखेलमा बिहीबार अनिवार्य अवकाश प्राप्त प्र.अ. चक्रबहादुर चाकतुको बिदाइ तथा पदभार हस्तान्तरण कार्यक्रम असार ४ गते सम्पन्न भयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले अवकाशपछि पनि शैक्षिक क्षेत्रमा सक्रिय रहन 'सेवा निवृत्त शिक्षक समाज' गठन गरिएको जानकारी दिँदै उक्त समाजमा आबद्ध हुन सेवा निवृत्त शिक्षक चक्रबहादुर चाकतुलाई अनुरोध गर्नुभयो।

विगत लामो समयदेखि एउटै शिक्षक सङ्घमा रहेर चाकतु सरसँग काम गर्दै आएको अनुभव सुनाउँदै उहाँले चक्रसर सामूहिक भावनामा विश्वास गर्ने व्यक्ति हुनुहुन्छ, अबको नयाँ नेतृत्वले पनि सामूहिक भावनालाई कदर गरी काम गर्न आग्रह गर्नुभयो।

विद्यालयको ६७ औं वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित स्मारिकामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले विद्यालयको नामअनुसार आजादी भावनाले काम गर्न दिनुभएको विचारलाई मनन गर्न अनुरोध गर्दै उहाँले आजादी भावनाले काम गर्न सजिलो नभएको उदाहरण दिनुभयो।

शिक्षण पेसा पैसा कमाउने पेसा होइन भन्दै उहाँले पैसाभन्दा धेरै मूल्यवान देश र समाजको लागि आवश्यक योग्य जनशक्ति बन्ने विद्यार्थीहरू नै शिक्षकका अक्षय सम्पत्ति हुन् भन्नुभयो।

हप्ताको दुई दिन बिदा दिने सङ्घीय सरकारको निर्णय विगतमा दुईपटक असफल भएको चर्चा गर्दै उहाँले शिक्षा र स्वास्थ्य क्षेत्रमा यो बिदा उचित नभएको तर्क गर्नुभयो।

कार्यक्रमका सभापति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले जान्ने भईटोपल्नुभन्दा नजान्ने भई जिज्ञासु हुनु धेरै श्रेयस्कर भन्दै विभिन्न दार्शनिकहरूको उदाहरण सुनाउनुभयो।

सामुदायिक शिक्षण सेवामा १०-४ को जागिरे दायित्वभन्दा अतिरिक्त सेवाको योगदानको खाँचो औँल्याउँदै उहाँले शैक्षिक नेतृत्वमा बस्नेहरूसँग केही थप योगदान गर्ने सङ्कल्प र प्रशासनिक कडाइको आवश्यकता हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष विश्वराम कवांले समितिले बनाइदिएको आवश्यक भौतिक पूर्वाधारलाई सही सदुपयोग शिक्षकहरूले गर्नसक्नुपर्नेमा जोड दिनुभयो।

पूर्वप्रअ प्रतिनिधि न्हुछेभक्त कवांले आफ्नो पालामा शिक्षकहरूले एक-एक महिनाको तलब राखेर बनाएको छाप्रोमा हुर्केको यो स्कूल आज ६-७ वटा ठुला भव्य भवनहरू भएको अवस्थामा पाउँदा खुसी लागेको चर्चा गर्दै प्रगतिको निम्ति त्यागको भावना पनि चाहिने बताउनुभयो।

कार्यक्रममा अवकाश प्राप्त शिक्षक चक्रबहादुर चाकतुले २०४३ सालदेखि २०८३ सालसम्मको करिब ४० वर्षको शिक्षण सेवाको क्रममा भोगेको अनेक आरोह अवरोहका अनुभवरू सुनाउँदै समाजमा रहँदा कहिले विद्यार्थी आन्दोलनमा त कहिले राजनीतिक आन्दोलनमा पनि लागियो भन्नुभयो।

उहाँले भन्नुभयो, "जुनसुकै आन्दोलनमा लागे पनि मूल कुरा समाजको आमूल परिवर्तनकै भावनाले सामूहिक भावनाले नै लागियो। यसै क्रममा २०५४ सालको स्थानीय निर्वाचनमा अध्यक्ष पदमा छालिङमा चुनाव पनि लडियो। तर, प्रतिक्रियावादीहरूले जालझेल गरेर निर्वाचनमा हराए।"

उहाँले आफ्नो राजनीतिक भावना कसै गरे पनि विचलित नहुने बताउनुभयो।

कार्यक्रममा शिक्षक प्रतिनिधिद्वय शिवराम बोहजु र सीताराम भ्वयद्योले पनि बोल्नुभएको थियो।

कार्यक्रममा अवकाश प्राप्त शिक्षक चाकतुलाई विद्यालय व्यवस्थापन समितिको तर्फबाट कदरपत्र, दोसल्ला र मायाको चिनोबाट सम्मानका साथ बिदाइ गरिएको थियो भने प्रअ चाकतुले प्र.अ.को निमित्त कार्यभार सहायक प्रधानाध्यापक सुभद्रा दुवाललाई हस्तान्तरण गर्नुभयो।

बिदाइ हुनुभएका नवनियुक्त प्रअलाई शिक्षक कर्मचारीहरूले पुष्पगुच्छा र खादाबाट सम्मान गरेका थिए।

# विद्यार्थीहरूले आफूसँग भएको सीपलाई निरन्तरता दिनुपर्ने

भक्तपुर। भक्तपुर नगरपालिकाको आयोजनामा सिथि नखा: पर्वको अवसरमा चित्रकला प्रतियोगिता असार ५ गते दरबार स्क्वायरमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूले आफूसँग भएको सीपलाई निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कलाकार देशको सम्पत्ति भएको धारणा राख्दै उहाँले चित्रकार चित्रले धेरै कुरा दर्शाउने भएकोले चित्रमार्फत भक्तपुरको कला, संस्कृति र सम्पदाको विषयमा देश विदेशमा प्रचारप्रसारमा सहयोग पुग्नेछ भन्नुभयो।

भक्तपुर नगरपालिकाले विभिन्न विषय अध्ययनको लागि छात्रवृत्ति वितरण गर्दै आएको र उच्च शिक्षा अध्ययनका लागि ऋण पनि उपलब्ध गराउँदै आएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो।

भक्तपुर नगरपालिका शिक्षा शाखाका प्रमुख साधुराम फुयालले चित्र कोर्ने कलाकारले चित्रमार्फत भक्तपुरको जनजीवनलाई उजागर गर्नुका साथै यहाँको कला, संस्कृति र सम्पदालाई चित्रमार्फत देखाएको बताउनुभयो।

कलाकार जगतराम धुख्वाले कलाकारले आफ्नो सीपलाई निरन्तरता दिनुपर्ने र आफूसँग भएको सीपलाई अरूलाई पनि सिकाउँदै लानुपर्ने बताउनुभयो।

चित्र लेखनको लागि प्रतियोगितामा कक्षा ५ सम्मका लागि कला, संस्कृति र सम्पदा विषय दिइएको थियो भने कक्षा ६ भन्दा माथिका लागि वातावरण र हाम्रो दैनिक जीवन दिइएको थियो।

प्रतियोगितामा २ सय ७२ जनाको सहभागिता थियो। प्रतियोगिताको कला, संस्कृति र सम्पदा विषयक कक्षा ५ सम्मको समूहबाट वागीश्वरी माध्यमिक विद्यालयका लोककुमारी मगर प्रथम, सूर्योदय सेकेन्डरी स्कूलका रिया मुस्याख्व द्वितीय र राजर्षी गुरूकुलका हार्पर नोरा प्रजापति तृतीय भएका थिए। वातावरण र हाम्रो दैनिक जीवन विषयमा सैनिक आवासीय महाविद्यालयबाट अमन श्रेष्ठ प्रथम, एभरेस्ट इङगलिस स्कूलका संचिता बाटी द्वितीय र साइनिङ स्टुडेन्टस् एकेडेमीका रेगन घटाने तृतीय भएका थिए।

प्रतियोगिताको उत्कृष्ट विद्यालय र विद्यार्थीहरूलाई प्रमुख प्रजापतिले ट्रफीसँगै नगद, प्रमाणपत्र र पुरस्कार वितरण गर्नुभएको थियो।

**विश्वशान्ति...**

पक्षले नै अगुवाइ गरेको हो। चीनले करिब १५ सिद्धान्त अघि सार्दै अगुवाइ गऱ्यो। दुवै पक्षको आपसी हितका लागि व्यावहारिक सहकार्यसहित २४ वटा सहकार्यका मापदण्ड अघि साऱ्यो।

चीनले सधैँ मानव मूल्यलाई नै प्राथमिकतामा राख्यो, सम्मान गऱ्यो। विश्वव्यापी हित, अन्वेषण र हरित विकासको सिद्धान्त र अवधारणालाई प्राथमिकतामा राख्यो। त्यतिमात्र होइन विश्व अर्थतन्त्रको हरित प्राप्तिका लागि अन्तर्राष्ट्रिय समुदाय एकै ठाउँमा गोलबद्ध हुन समेत चीनले आग्रह गऱ्यो। पेरिस सम्झौता जस्ता जलवायु सुशासनसम्बन्धी अन्तर्राष्ट्रिय अधिवेशन र सम्झौताहरू लागु गर्न चीन सक्रिय बन्यो। चीनले २०६० अघि कार्बन तटस्थतामा जाने र २०३० अघिसम्म मात्र कार्बन शिखर प्राप्तिका लागि राष्ट्रिय अडान र प्रतिबद्धता जाहेर गऱ्यो।

विश्व जगतमा देखापरेका सुरक्षा चुनौतिसँग सामना गर्न देश-देशबिच ऐक्यबद्धता र सहकार्यलाई प्राथमिकतामा राख्नुपर्छ भन्नुहुन्छ, नेता सी। मानवजातिको रक्षाका लागि सुरक्षा, विकास र समृद्धिका लागि शान्ति-सुरक्षाको प्रत्याभूति यतिबेला विश्वको आवश्यकता पनि हो। विश्वव्यापी सुरक्षा प्रणालीमा समयसँगै प्रभाव बढ्दो छ। परम्परागत अर्थात् पुरानो सुरक्षामा चुनौतिको सङ्केत रुस-युक्रेन युद्ध आफैं हो। वर्तमान सुरक्षा व्यवस्था पनि जलवायु घटनाहरूबाट निकै प्रभावित छ।

विश्वको सुरक्षाका लागि चीनले न्याय, निष्पक्षता र ऐक्यबद्धताको पक्ष लिँदै प्रभुत्व, धम्की र विभाजनको विपक्ष अर्थात् विरोधमा सम्झौताहिन सङ्घर्ष गर्दै छ। विश्वव्यापी सुरक्षा सुशासनको सवालमा सारा देशहरूको समान अधिकार, समान अवसर र नियमहरूलाई प्राथमिकतामा राख्नुपर्छ। बदलिँदो राजनीतिक तथा आर्थिक वास्तविकतालाई सुहाउँदो सुरक्षा प्रणालीको बन्दोबस्त हुनुपर्छ। सारा विश्व र विकासशील देशहरूको सुरक्षा चासोबिच सन्तुलन निकै जरुरी हुन्छ। विकसित विश्व र विकासशील विश्वबिच साझा हित अर्थात् जित-जित सहकार्य, शान्ति र विकासको ऐतिहासिक प्रवृत्ति जरुरी हुन्छ।

विश्वमा भूराजनीतिक द्वन्द्व र कलह बढ्न थालेपछि, वास्तविक परम्परागत सुरक्षा चुनौतिहरू बढ्न थालेपछि, गैर-परम्परागत सुरक्षा प्रभाव बढेपछि नेता सीले सुरक्षा व्यवस्थामा समाधानको उपाय स्वरूप विश्वव्यापी सुरक्षा अगुवाइ (जीएसआईं) अवधारणा अघि सार्नुभएको हो। जीएसआई भन्छ – "मानवता र विकासको आधार नै सुरक्षा हो। सुरक्षा मानव समुदायको अनिवार्य शर्त हो। साझा, व्यापक, सहकार्यमा आधारित र दिगो सुरक्षा अवधारणाको विकास आजको आवश्यकता हो।" जीएसआईले विश्वमा देखापरेको सुरक्षा अलमललाई स्पष्ट मार्ग प्रदान गऱ्यो। अन्तर्राष्ट्रिय द्वन्द्वको जरो कारण निर्मूल पार्न र अन्तर्राष्ट्रिय समुदायमा दिगो शान्तिसुरक्षा कायम राख्ने उद्देश्य जीएसआईको हो।

चीन पूर्णत: संरा अमेरिका नेतृत्वको पश्चिमको विरोध गर्दछ। विभिन्न विचारधाराको नाममा राष्ट्रिय मूल्यमान्यताको नाममा क्षेत्रीय विभाजन गर्ने, अन्तर्राष्ट्रिय व्यवस्था कमजोर बनाउने र सारा मानवजातिको कुभलो चिताउने पश्चिम नेतृत्वको सुरक्षा बन्दोबस्तको विरोध चीनले गऱ्यो।

रुस-युक्रेनको द्वन्द्वको समयमा पनि चीनले कूटनीतिक तवरले शान्तिपूर्ण माध्यमबाट, वार्ता र परामर्शको उपायबाट द्वन्द्व सल्टाउने सुझाव दिएको थियो। युद्धले कसैको हित गर्दैन तर युद्ध कसैले अन्यायपूर्ण ढङ्गले थोपर्छ भने प्रतिकार अनिवार्य हुन्छ। द्वन्द्वहरूबारे चीनको अवधारणाले साँचो अर्थमा विश्वको शान्ति, स्थायित्व जोगाउन, क्षेत्रीय अमनचयन कायम गर्न, सारा तनावहरू सल्टाउन मद्दत मिल्दछ।

चीन आफ्नो छिमेक र विराट विश्वको जल्दोबल्दो र गम्भीर मुद्दाहरूमा तुरुन्तै सत्यतथ्य प्रतिक्रिया दिन्छ। चीन सदैव संयमित ढङ्गले अन्तर्राष्ट्रिय मामिलामा बोल्दछ। इरान आणविक मुद्दा, अफ्गानिस्तान, कोरियाली प्राय:द्वीपको सवालमा संरा अमेरिकी हस्तक्षेप र अन्यायको विरोध गऱ्यो। छिमेकी र अन्य विकासशील देशहरूसँग सहकार्यमा आतङ्कवादविरुद्ध आवाज दियो। लागुऔषध दुर्व्यसनी, राज्ययन्त्रको दादागिरी र सिमा सुरक्षाका विषयमा पनि चीनले बोलेको छ। कसैसँग नझुक्ने विदेश नीतिको वकालत गरेको छ। जीएसआईमार्फत चीनले सीमा सार्वभौमिकता र समुद्री चासोका कलह सल्टाउने उपाय दिएको छ।

विश्वको विकासका निम्ति सुरक्षा र विश्व सुरक्षाका निम्ति साझा विकासको मान्यता आज लोकप्रिय छ। जीएसआईको आत्मसम्मान र समानता नै हो। पदानुक्रममा अधिनस्थ हुनुभन्दा सहकार्यलाई जोड दिनुले देशको स्वतन्त्रता र आजको हकमा बहुपक्षीयताले नै विश्व शान्तिमा स्थायित्व प्रदान गर्दछ।

कोभिड १९ महामारीजस्तो भइपरी आउने सुरक्षा चुनौतिविरुद्ध लड्न चीन मानवजातिको रक्षा र सुरक्षाका निम्ति अन्तर्राष्ट्रिय जगतसँग सहकार्य गर्न अग्रमोर्चामा उभियो। चीनले विश्वव्यापी रूपमै सबैका लागि 'स्वास्थ्य समुदाय' निर्माणमा जोड दियो। विश्व स्वास्थ्य सङ्गठन, संयुक्त राष्ट्र सङ्घ र जी-२० जस्ता निकायमा नेता सीले कोभिडविरुद्धको भ्याक्सिन उत्पादनलाई विश्वव्यापी रूपमै सार्वजनिक गरौँ भन्ने आग्रह गर्नुभयो। विश्वव्यापीरूपमा खोपको वितरण समान, व्ययसङ्कट र व्यावहारिक बनाउन देश-देशबिचको सहकार्यमा जोड दिनुभयो। चीनले विश्वलाई भौतिक सहयोग, मेडिकल सहायता, खोप सहयोग र महामारीविरुद्ध क्षमता अभिवृद्धिका लागि खोज र विकाससम्बन्धी सहयोग प्रदान गऱ्यो। विशेषत: विकासशील देशहरूमा प्रतिरोधात्मक क्षमता अभिवृद्धि सँगै मेडिकल सामग्री, मेडिकल ब्रिगेड पठाएर सहयोग गऱ्यो। एक किसिमको मेडिकल अन्तर्राष्ट्रवाद हुर्कायो।

विश्वले कोभिड महामारी सँगसँगै खाद्यान्न सङ्कट, जलवायु परिवर्तन, आप्रवासी र शरणार्थी समस्या र ऊर्जा सङ्कटजस्ता जटिल समस्याहरू सामना गर्दै छ। यी पक्षबाट सुरक्षा पाउनु आजको प्रधान विषय हो। चीनले विकास योजना र सहकार्य विस्तार गर्दा सबैभन्दा माथि न्याय र साझा स्वार्थ हुन जरुरी छ भन्छ। समस्या र सङ्कटको जरासम्म पुगी समाधानको उपायका लागि सहकार्य आजको आवश्यकता हो भन्छ।

जीएसआई त्यही आवश्यकताले जन्माएको सुरक्षासम्बन्धी अवधारणा हो। जीएसआईले सम्पूर्ण रूपमा मानवजातिको साझा स्वार्थ रक्षा गर्नुलाई आफ्नो उद्देश्य बनाएको छ। जीएसआई पश्चिम नेतृत्वको पुरानो सुरक्षा प्रणालीविरुद्ध नयाँ एवम् वैज्ञानिक भाष्य हो भन्नु उपयुक्त होला।

विश्वमा उठेको सुरक्षा सङ्कटको प्रश्नमा कूटनीतिसम्बन्धी नेता सीको विचार सशक्त जवाफ हो। उहाँको विचार यो समयकै निम्ति वैज्ञानिक उपाय र मार्गदर्शन हो, कन्टेम्पोररी बर्ल्ड यही लेख्छ।

चिनियाँ विशेषतासहितको मुख्य देशसम्बन्धी कूटनीति मार्क्सवादका आधारभूत सिद्धान्तहरूको संश्लेषण र महत्त्वपूर्ण विचारधारात्मक प्रतिफल हो। यो कूटनीतिमार्फत चीनले अन्तर्राष्ट्रिय सम्बन्धमात्र होइन नयाँ युगमा अन्तर्राष्ट्रिय व्यवस्थासमेतलाई मार्गदर्शन गर्ने निश्चित छ।

अन्तर्राष्ट्रिय कूटनीतिमा चिनियाँ विशेषता भन्नाले 'जनता प्रथम' को नीति हो, 'मानव जातिको रक्षा प्रथम' को नीति हो। चिनियाँ जनताको सुखको निम्ति लड्ने चिनियाँ कम्युनिस्ट पार्टीको भावना र मर्मलाई देशको कूटनीतिसँग जोडिएको छ।

विश्वलाई बस्न लायक उत्कृष्ट विश्व बनाउन हरेक देशको उत्तिकै भूमिका हुन्छ तर चीनले नेतृत्वकारी देशको जिम्मेवारी बहन गर्ने विश्वास छ। विश्वशान्ति, विकास र जित-जित सहकार्यको झण्डालाई उँचो फहराउन चीनको कूटनीतिसम्बन्धी विचार सामयिक र व्यावहारिक ठहर हुने विश्वास विश्व समुदायले गरेको छ। साझा भविष्यसहितको मानव समुदाय निर्माणसँगै चीन आफ्नो पुनर्जागरणको सपना बाँच्दै छ। चीन र चिनियाँ जनताको सपनालाई विश्वको हितसँग जोड्ने, विश्वको शान्ति समृद्धिसँग जोड्ने विचार नै आजको विचार हो, चिनियाँ विशेषतासहितको समाजवादी चीनको विचार हो।

# लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माणका सहयोगीहरूलाई कदरपत्र प्रदान

भक्तपुर । लक्ष्मीनरसिंह मन्दिरमा आयोजित अभिषेक पाठ तथा रुद्री पाठ कार्यक्रमको समापन समारोह असार २ गते एक भव्य कार्यक्रमबिच सम्पन्न भयो ।

समापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले लक्ष्मीनरसिंह मन्दिरको पुनर्निर्माणमा धेरै व्यक्ति तथा समुदायको योगदान रहेको बताउँदै यो कुनै एक व्यक्तिको प्रयासले नभई सम्पूर्ण नगरवासीको सहकार्य र मेहनतबाट सम्भव भएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले मूर्त र अमूर्त सम्पदाको संरक्षणलाई प्राथमिकतामा राख्दै आएको र सम्पदा पुनर्निर्माणका कार्यहरू अभिलेखीकरणसहित पारदर्शी ढङ्गले सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरको सम्पदा संरक्षणको मोडल देशकै लागि उदाहरणीय बनेको उल्लेख गर्दै हालसम्म १७८ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भइसकेको र केही पुनर्निर्माणको क्रममा रहेको बताउनुभयो ।

आर्थिक सहयोग र श्रमदान सम्पदा संरक्षणका महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै उहाँले आत्मनिर्भर भएर आफ्नो स्वाभिमान जोगाउन भक्तपुर सफल भएको धारणा राख्नुभयो । उहाँले अभिषेक पाठ तथा रुद्री पाठ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण ब्राह्मण, व्यवस्थापन समिति तथा भक्तजनहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष उपेन्द्र सुवालले भक्तपुर कला, संस्कृति र सम्पदाले सम्पन्न नगर भएको उल्लेख गर्दै नगरपालिकाले मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनमा निरन्तर काम गरिरहेको बताउनुभयो । उहाँले पुराना सम्पदाहरूको पुनर्निर्माण गर्न भक्तपुरका कालीगड सक्षम रहेको उदाहरण लक्ष्मीनरसिंह मन्दिर भएको धारणा राख्नुभयो ।

कार्यक्रममा लक्ष्मीनरसिंह व्यवस्थापन समितिका अध्यक्ष न्हुच्छेराम भेलेले पुरुषोत्तम मासको अवसर पारेर अभिषेक पाठ तथा रुद्री पाठ आयोजना गर्नुको उद्देश्य मानव कल्याण रहेको बताउनुभयो । उहाँले ८० भन्दा बढी ब्राह्मणहरूको सहभागितामा रुद्री पाठ सम्पन्न भएको जानकारी दिनुभयो ।

जोशी समाजका प्रतिनिधि कृष्णराज जोशी तथा राजोपाध्याय समाजका संयोजक गिरीशराज शर्माले लक्ष्मीनरसिंह मन्दिरको स्थापनाकालदेखि यति ठूलो धार्मिक अनुष्ठान नभएको उल्लेख गर्दै ब्राह्मणहरूको उत्साहजनक सहभागितामा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो । उहाँहरूले रुद्री पाठले धार्मिक चेतना अभिवृद्धि गर्नुका साथै समाजमा सद्भाव र सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यसैगरी विनोदराज शर्माले अभिषेक पाठको धार्मिक महत्त्वबारे प्रकाश पार्दै यस्ता अनुष्ठानले आध्यात्मिक उन्नयन तथा सांस्कृतिक परम्पराको संरक्षणमा योगदान पुऱ्याउने बताउनुभयो ।

सो अवसरमा नगर प्रमुख प्रजापतिले लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने इन्जिनियर रामगोविन्द श्रेष्ठ र सूर्यभक्त साँगाछेलाई अभिनन्दन तथा सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा इन्जिनियर रामगोविन्द श्रेष्ठले मन्दिर पुन:निर्माणका महत्त्वपूर्ण पक्षमाथि प्रकाश पार्नुभयो भने लक्ष्मीनरसिंह मन्दिर संरक्षण समितिका अध्यक्ष पशुपति प्रजापतिले धन्यवादज्ञापन गर्नुभयो ।

कार्यक्रमको अवसरमा अभिषेक पाठ तथा रुद्री पाठ सफल बनाउन आर्थिक, भौतिक सहयोग पुऱ्याउने विभिन्न व्यक्ति तथा सहयोगीहरूलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो । आयोजकले धार्मिक तथा सांस्कृतिक कार्यलाई सफल बनाउन सहयोग गर्ने सम्पूर्ण सहयोगीहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता कार्यमा निरन्तर साथ र सहयोगको अपेक्षा गरेको जनाएको छ ।

# अर्थमन्त्री हुँदा र नहुँदा वाग्लेको दोहोरो तर्क !

काठमाडौँ । रास्वपाको बालेन सरकारका अर्थमन्त्री नहुँदा स्वर्णिम वाग्लेले प्रतिनिधिसभामा रास्वपाको सांसद भएर बोले । "सरकारका अर्थमन्त्रीलाई निद्रा लाग्छ कि लाग्दैन मलाई थाहा छैन तर मलाई निद्रा लाग्न छोडेको छ, यो ऋणको व्ययभार असाध्य चर्को रूपमा आएको छ ।"

रास्वपा सरकारको अर्थमन्त्री भएर संसद्मा वाग्ले बोल्दै छन्, "ऋण लिँदैमा जहाजै डुब्ने र आकाशै खस्ने होइन । ऋण लिने हाम्रो बाध्यात्मक अवस्था हो । ३० खर्ब रुपियाँ ऋण त बोकेरै हिँड्या छ । आन्तरिक ऋण उठाउन थालेको सन् १९६२ देखि हो, सन् १९६३ देखि सोभियत सङ्घ र बेलायतबाट पहिलो विदेशी ऋण लिएको जस्तो लाग्छ ।"

अर्थमन्त्री वाग्लेले समिति बैठकमा पनि सुत्नको लागि ऋण लिनुपर्ने र ऋण नलिए देशै ठप्प हुने बताएका थिए ।

*(यो दोहोरो तर्क अहिले सामाजिक सञ्जालमा चर्चा भइरहेको छ । सरकारमा पुगेपछि नेका, एमाले, माओवादी, रास्वपा एउटै ड्याङका मुला भएको पुष्टि भइरहेको छ ।)*

**भक्तपुर...**

निर्माण गरिनेछ । योसिंख्योदेखि सल्लाघारीसम्मको प्रस्तावित ढललाई औचित्यको आधारमा खारेज प्रक्रिया अगाडि बढाइनेछ ।

५१) नगरको मूल सडकमा भारी सवारीसाधनहरूलाई क्रमश: निषेध गर्दै पैदलयात्रीमैत्री बनाउँदै लगिनेछ । नयाँ आवास क्षेत्रहरूमा भारी सवारी साधन प्रवेश निषेध गर्ने नीति लिइनेछ ।

५२) नगर क्षेत्रलाई ध्वनि, वायुलगायतको प्रदूषण न्यूनीकरण गर्न तथा नगरवासीहरूको स्वास्थ्यलाई उच्च प्राथमिकता दिँदै साइकल यात्रालाई प्रोत्साहित गरिनेछ ।

५३) आधुनिक प्रविधि जडान गरी कुहिने फोहरबाट कम्पोस्ट मल उत्पादन तथा नकुहिने फोहरलाई पुन: प्रयोग, पुन: उत्पादन विधि प्रयोग गरी फोहरमैलाको दीर्घकालीन व्यवस्थापन गर्न पहल गरिनेछ ।

**छ) खानेपानी** :

५४) परम्परागत खानेपानीको स्रोतको रूपमा रहेका इनार, कुवा, ढुङ्गेधारा र अन्य स्रोतको पहिचान गरी सुधार र संरक्षण गरिनेछ ।

५५) नगरका सबै बस्तीहरूमा मेलम्ची र नगरकोटको खानेपानीको पहुँच पुऱ्याउन वितरण प्रणालीलाई सुधार गर्ने र उचित स्थानमा डिप बोरिङ, खानेपानी ट्याङ्कीलगायत अन्य आवश्यक पूर्वाधार निर्माण र आकासेपानी सङ्कलन तथा जमिनमुनि पानी पुनर्भरणको वैज्ञानिक विधि अपनाइनेछ ।

**ज) कृषि** :

५६) नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल र कृषि चुन सहुलियत दरमा बिक्री गरी यसको प्रयोगमा नगरवासीहरूलाई उत्साहित गरिनेछ ।

५७) भनपा ८ मा निर्माणाधीन चिस्यान केन्द्र सञ्चालन गरिनेछ । भनपा ५ मा निर्मित तरकारी बजार सञ्चालनमा ल्याई समय-समयमा कृषि उत्पादन मेला सञ्चालन गरिनेछ ।

५८) समय-समयमा सस्तो बजार सञ्चालन गरी कृषि बजार प्रवर्द्धन गरिनेछ ।

५९) नगरवासी कृषकहरूको सूचीकरण गर्दै कृषि अभ्यास, उन्नत बीउबिजनको प्रयोग तथा जैविक विषादी प्रयोगसम्बन्धी विज्ञहरूबाट तालिम र माटो परीक्षणको व्यवस्था गरिनेछ । कृषकहरूलाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था गरिनेछ ।

**झ) सहकारी** :

६०) सहकारी संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुका साथै सीपमूलक तालिमहरू दिएर युवाहरूलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ । नगरवासीहरूलाई वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ ।

६१) सहकारी संस्थामा रहेका बचतकर्ताहरूको बचत रकम सुरक्षित गर्न सहकारी संस्थाहरूको नियमित अनुगमन गरिनेछ । बचतकर्ताहरूको बचत रकम हिनामिना गर्ने तथा ऋण लिएर समयमा चुक्ता नगर्नेहरूबाट असुल गर्न नगरपालिकामार्फत बचत रकम सुरक्षाको लागि आवश्यक सहजीकरण गरिनेछ ।

६२) सहकारी संस्थाको सामुदायिक विकास कोषलाई समुदायको हितमा प्रयोग गरिनेछ । 'एक सहकारी एक क्षेत्र सरसफाइ' नीतिलाई निरन्तरता दिइनेछ ।

६३) सहकारी संस्थाहरूलाई सामाजिक उत्तरदायित्वअन्तर्गत आदर निकेतन, स्वास्थ्य केन्द्र स्थापना र स्वास्थ्य शिविर सञ्चालन, व्यायामशाला सञ्चालनलगायतका अतिरिक्त गतिविधि सञ्चालन गर्न उत्साहित गरिनेछ ।

**ञ) युवा, महिला तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम** :

६४) नगरवासी युवाहरूलाई आत्मनिर्भर र स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, पाकशिक्षा, सिलाइ, विद्युत्, कम्प्युटर, हेयर कटिङ, ब्युटिसियन, फ्रिज, वासिङ मेसिन, मोबाइल, मोटरसाइकल, पानी तान्ने पम्प मर्मतलगायत सीपमूलक तालिमहरू दिइनेछ । साथै चिनियाँ, जापानी, अङ्ग्रेजी भाषा, साङ्केतिक भाषालगायतका भाषा प्रशिक्षण तथा कृत्रिम बौद्धिकता (एआई), डिजिटल व्यवसाय प्रवर्द्धन, फोटोग्राफी, भिडियोग्राफी, सङ्गीत, नृत्यलगायतका तालिमहरू सञ्चालन गरिनेछ ।

६५) सम्भावित आगलागी, बाढी पहिरोलगायतका विपद् प्रतिकार्यको तालिम दिई युवा स्वयम्सेवक टोली गठन गरी परिचालन गरिनेछ । साथै आवश्यक ठाउँमा फायर हाइड्रान्टहरू स्थापना गरिनेछ ।

६६) नगरवासी युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशीलता ऋणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६७) भक्तपुरको कला, संस्कृति, जीवनशैली, इतिहासलगायतमा अनुसन्धानका साथै डिजिटल माध्यमबाट प्रचारप्रसार गर्न युवाहरूलाई आवश्यक तालिम र सहजीकरण गरिनेछ ।

६८) शिक्षित युवाहरूका लागि लोकसेवा, शिक्षक सेवालगायत अन्य प्रशिक्षणको व्यवस्था गरिनेछ ।

६९) ज्येष्ठ नागरिकका लागि भनपा ६ अँचा पुखु परिसरमा आदर निकेतन सञ्चालनसँगै ज्येष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम गरिनेछ ।

७०) अपाङ्गता भएका नगरवासीहरूलाई आवश्यक तालिम तथा अपाङ्ग सहायक सामग्रीहरू उपलब्ध गराउनुका साथै खेलकुद र अतिरिक्त क्रियाकलापहरू गरिनेछ । अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ ।

७१) युवाहरूलाई लागूपदार्थ तथा मादक पदार्थको दुर्व्यसनीबाट टाढा राख्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

७२) नगरवासी ज्येष्ठ नागरिकहरूको सीपको उपयोग गर्नुका साथै एकल महिलाहरूलाई लक्षित गरी सीपमूलक तालिम तथा मनोपरामर्शका गतिविधिहरू सञ्चालन गरिनेछ ।

**ट) भौतिक पूर्वाधार निर्माण** :

७३) भनपा २ स्थित इन्द्रायणी द्योछेँ, भनपा ३ स्थित थन्थु दरबार, भनपा ४ स्थित इखालाछी मठ, भनपा ६ स्थित छुमा गणेश द्योछेँ र सुन्दरीगोपाल मन्दिर, भनपा ८ स्थित न्याकी देग: नारायण मन्दिर पुन: निर्माण र पुरानो जगाती पुल जीर्णोद्धार सम्पन्न गरिनेछ । भक्तपुरको गौरवको योजनाको रूपमा रहेका निर्माणाधीन भनपा ६ स्थित अरनिको सभाभवन, भनपा १ स्थित तकोकिवा बहुउद्देश्यीय भवन, भनपा ३ स्थित ऐतिहासिक पाहाँ छेँको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । त्यसैगरी, भनपा वडा नं. ७ हनुमानघाटको सत्तल पाटी पुन:निर्माण, भनपा ९ स्थित ख्वप अस्पतालको निर्माणाधीन प्रवेशद्वार, क्यान्टिन ब्लक तथा एम.आर.आई. भवन सम्पन्न गर्न आवश्यक बजेटको बन्दोबस्त गरिनेछ ।

७४) हनुमन्ते खोलामा टेवा पर्खालसहित खोला किनारको सडक (करिडोर) निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

७५) ख्वप कलेज अफ लको भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।

७६) आदिपद्म महाबिहार आगंछेँ निर्माण सम्पन्न गरिनेछ, थथुबहीको मूल प्रवेशद्वार निर्माण गरिनेछ ।

७७) ऐतिहासिक ९९ चोक उत्खनन् कार्यलाई अगाडि बढाउन दरबार क्षेत्रमा रहेका सरकारी कार्यालयहरूलाई उचित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ । भक्तपुर दरबार क्षेत्रस्थित वसन्तपुर दरबारको पुन:निर्माणसम्बन्धी अध्ययन गरिनेछ ।

७८) ऐतिहासिक ब्रह्मायणी मन्दिर तथा घाट पुन: निर्माणसँगै मङ्गलतीर्थ घाट तथा ताहाफल्चा, महेश्वरी घाट, कालीघाट, धालाखुसी घाटलगायत पुन: निर्माण कार्य अगाडि बढाइनेछ ।

७९) भनपा १० लाञ्चाफल्चादेखि ब्यारेकसम्मको नगरकोट सडक खण्डमा ढल निकास र पेटीसहित कालोपत्रे गरिनेछ । लिबाली आवास योजना तथा देको मिवा इटापाके आवास योजनाका सडकहरूको स्तरोन्नतिसँगै कालोपत्रे कार्य अगाडि बढाइनेछ ।

८०) कयुतामरु घाटको पुल निर्माण गरी सवारी साधनहरूलाई योसिंख्योबाट अरनिको राजमार्गसम्म आवतजावत गर्ने वैकल्पिक व्यवस्था गरिनेछ ।

८१) नगर प्रवेश गर्ने प्रमुख नाकाहरूमा सरसफाइ तथा हरियाली व्यवस्थापन गरिनेछ ।

८२) वडा वडाका सम्पदाहरू पुन: निर्माणका लागि छुट्टै बजेटको बन्दोबस्त गरिनेछ ।

८३) भनपा ५ स्थित पसिखेल सवारी पार्किङ क्षेत्र सञ्चालनमा ल्याइनेछ र अन्य उपयुक्त स्थानहरूमा पार्किङको व्यवस्था गरिनेछ ।

८४) देको मिवा इटापाके आवास योजनाका बाँकी भौतिक निर्माण कार्य सम्पन्न गर्न सहजीकरण गर्ने तथा गुठी जग्गासँग सम्बन्धित समस्या समाधानका लागि पहल जारी राखिनेछ ।

**ठ) विविध** :

८५) भनपा २ सानो ब्यासीस्थित भक्तपुर औद्योगिक क्षेत्रलाई हस्तकला तथा घरेलु उत्पादनमा आधारित औद्योगिक ग्रामको रूपमा विकास गर्न पहल गरिनेछ । भक्तपुर क्राफ्ट उद्योग सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८६) सरकारी, पर्ती तथा सार्वजनिक जग्गाहरूको अभिलेखीकरण गरी संरक्षण गरिनेछ र उक्त जग्गालाई सामूहिक हितमा उपयोग गरिनेछ ।

८७) नगरका महत्त्वपूर्ण पर्यटकीय स्थल तथा सम्पदा क्षेत्रहरूमा फ्रि वाइफाइको व्यवस्था गरिनेछ ।

८८) कर टोलीहरू परिचालन गरी घरदैलो कर सङ्कलन तथा अनलाइन कर सङ्कलन कार्य र अनलाइन नक्सा पास प्रक्रियाको थालनी गरिनेछ ।

८९) माटो जोडाइका घर निर्माणको नक्सापास प्रक्रियालाई सहजीकरण गरी नक्सापास दस्तुरमा छुट दिइनेछ ।

९०) बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ । व्यवसायीहरूको ढक तराजुको नवीकरणको व्यवस्था नगरपालिकामा नै गरिनेछ ।

९१) छाडा कुकुर तथा दोपाया, चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

९२) नगरपालिका क्षेत्रमा अस्थायी बसोबास तथा डेरामा बस्ने सबैको तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण गरिनेछ ।

९३) २०७२ सालको भूकम्प पीडितहरूलाई भग्नावशेष व्यवस्थापन तथा नक्सापास प्रक्रियामा सहजीकरण गरिनेछ ।

९४) कर्मचारी प्रशासनलाई चुस्त तथा सेवाग्राहीमैत्री बनाइनेछ । कर्मचारीहरूको कार्य मूल्याङ्कनको आधारमा दण्ड पुरस्कारको व्यवस्था गरिनेछ । कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी सेवा प्रवाहमा चुस्तता ल्याइनेछ ।

उपयुक्त नीति तथा कार्यक्रमको आधारमा आ.व. २०८३/८४ को बजेट प्रस्तुत गरिने प्रतिबद्धता व्यक्त गर्दछौँ ।



## सन्दर्भ : भारतमा कक्रोच विद्यार्थी प्रदर्शन

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन - २८

✍ रामरतन चौधरी

विश्वमै सबैभन्दा बढी युवा जनसङ्ख्या भएका देशहरूमध्ये भारत पनि पर्दछ । करिब १ अर्ब ४० करोड जनसङ्ख्या भएको भारतको आधा हिस्सा ३० वर्षभन्दा कम उमेरका युवाहरूको छ । यो सँगै भारतमा गरिबी तथा बेरोजगारीको दर पनि निकै ठुलो रहेको छ ।

सन् २०२६ जून १४ देखि भारतका विभिन्न सहरमा युवा-विद्यार्थीहरूले मोदी सरकारविरुद्ध विरोध प्रदर्शन सुरु गरे । भ्रष्टाचार, बेरोजगारी, प्रश्नपत्र लिक, सरकारी कार्यालयमा हुने अनियमितता र भारतीय जनता पार्टीको फासीवादी चरित्रविरुद्ध युवाहरूको असन्तोष बढ्नु स्वाभाविक हो ।

भाजपाका समर्थक र केही विश्लेषकहरूले यो प्रदर्शनलाई सिआईएद्वारा प्रायोजित भने । भारतका सेवा निवृत्त मेजर जनरल जीडी बक्सीले ‘नवभारत टाइम्स’ सँगको एउटा अन्तर्वार्तामा युवा-विद्यार्थीद्वारा भइरहेको अहिलेको प्रदर्शनमा ‘अमेरिकी डिप स्टेट’ र पश्चिमाहरूको संलग्नता रहेको आरोप लगाए । उनले ‘कक्रोच पार्टी’ को रिमोट अमेरिकाको हातमा रहेको र उक्त पार्टीलाई सिआईए निर्देशित र अमेरिकी गैरसरकारी संस्थाहरूबाट आर्थिक सहयोग प्राप्त हुने दाबीसमेत गरे । उनी भन्छन्, “कुनै पार्टी यति द्रुतगतिले सामाजिक सञ्जालमा छाउँछ भने हामीले शङ्का गर्नुपर्छ । सारा सामाजिक सञ्जालको नियन्त्रण अमेरिकी कम्पनीहरूको हातमा छ ।” *(नवभारत टाइम्स)*

भारतीय खुफिया एजेन्सी ‘रअ’ का पूर्वसदस्य लक्की विष्टले भारतमा उपद्रो मच्चाउन पाकिस्तान, बङ्गलादेशलगायतका विरोधी तत्त्वहरूले काम गरिरहेको आरोप लगाए । उनी भन्छन्, “यो आन्दोलनको ढाँचा हेर्दा विद्यार्थीहरूलाई प्रयोग गरिएको देखिन्छ । पाकिस्तानको आइएसआई (Inter Services Intelligence), बङ्गलादेशको डीजीएफआई (Directorate General of Forces Intelligence) र एनएसआई (National Security Intelligence) जस्ता विदेशी संस्थाहरू भारतमा उपद्रो मच्चाउन क्रियाशील छन् ।” *(नवभारत टाइम्स)*

### Neet को प्रश्नपत्र चुहावट

NEET–UG भारतमा चिकित्सा अध्ययनको प्रवेशद्वार हो । चिकित्सा शिक्षा पढ्नको निम्ति भारतका विद्यार्थीहरूले अनिवार्य रूपमा यसको परीक्षा दिनुपर्छ । सन् २०२६ को निम्ति मई ३ मा भारतका ५,००० भन्दा बढी केन्द्रबाट लगभग २२ लाख ८० हजार विद्यार्थीले प्रवेश परीक्षा दिए । तर, केही दिनमै एनटीए (National Testing Agency) मा प्रश्नपत्र चुहावटको उजुरी पर्‍यो । एनटीएले यसको अनुसन्धानको जिम्मेवारी सीबीआईलाई दियो । सीबीआईको अनुसन्धानले १ महिना अघिदेखि नै प्रश्नपत्र लिक भएको निष्कर्ष निकाल्यो । त्यसपछि सरकारको एनटीएले २०२६ मई १२ मा परीक्षा रद्द गरेर जून २१ मा पुन: परीक्षाको मिति घोषणा गर्‍यो । यसले वर्षौं तयारी गरेर परीक्षा दिएका विद्यार्थी र अभिभावकहरूमा चिन्ता बढ्नु स्वभाविक हो । परीक्षा रद्द भएपछि निराश बनेका केही विद्यार्थी (अहिलेसम्म १२ जना) ले आत्महत्या समेत गरे ।

यसभन्दा अगाडि पनि प्रश्नपत्र चुहावटको समस्या आएर सर्वोच्च अदालतसम्म मुद्दा पुगेको थियो । त्यस विषयमा केही व्यक्ति पक्राउ परे पनि परिवर्तन आएन । भारतका केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले सन् २०२७ बाट NEET लाई कम्प्युटरमा आधारित परीक्षा ढाँचामा सार्ने योजना घोषणा गरेका छन् । तर, पनि विद्यार्थीहरूको आक्रोश घटेको छैन ।

### प्रधानन्यायाधीशको टिप्पणी

सन् २०२६ मई १५ मा भारतीय सर्वोच्च अदालतका प्रधानन्यायाधीश सूर्यकान्तले बेरोजगार युवाहरूलाई ‘कक्रोच’ र ‘परजीवी’ भनेर टिप्पणी गरे । दिल्ली उच्च अदालतविरुद्ध सर्वोच्च अदालतमा दायर भएको एउटा अवहेलना मुद्दामा प्रधानन्यायाधीश सूर्यकान्त र न्यायाधीश जयमाल्या बागचीको बेन्चले मुद्दाको सुनुवाइ गर्न अस्वीकार गर्दै नक्कली डिग्री लिएका वकिलहरूलाई CBI ले अनुसन्धान गर्नुपर्ने टिप्पणी गरेका थिए । प्रधानन्यायाधीशले भने, “समाजमा प्रणालीमाथि पहिलेदेखि नै आक्रमण गर्ने परजीवीहरू नभएका होइनन् । के तपाईँ तिनीहरूसँग हात मिलाउन चाहनुहुन्छ ? कुनै रोजगारी नपाएका र कुनै पेशामा स्थान नभएका साङ्लाजस्ता युवाहरू जताततै फैलिएर कोही मिडिया बन्छन्, कोही सामाजिक सञ्जाल, कोही आरटीआई (Right to Information) को कार्यकर्ता बन्छन् । तिनीहरूले सबैलाई आक्रमण गर्छन् अनि तपाईँहरू अवहेलनाको निवेदन दर्ता गर्नुहुन्छ ?”

प्रधानन्यायाधीशको यो टिप्पणीप्रति धेरै मानिसले सामाजिक सञ्जालमा असन्तुष्टि पोखे । पछि प्रधानन्यायाधीश सूर्यकान्तले आफूले नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गर्नेहरूलाई मात्र यस्तो भनेको स्पष्टीकरण दिए । उनले सञ्चारमाध्यमको एउटा तप्काले आफ्नो कुरालाई गलत ढङ्गले प्रस्तुत गरेको पनि दाबी गरे । तर, विद्यार्थीहरूले उनको स्पष्टीकरणमा सन्तोष मानेनन् । यही सिलसिलामा ‘कक्रोच जनता पार्टी’ को जन्म हुन पुग्यो ।

### कक्रोच जनता पार्टी

कक्रोच जनता पार्टी जुन २०२६ मई १६ मा भारत महाराष्ट्रको छत्रपति सम्भाजी नगरका बासिन्दा ३० वर्षीय अभिजीत दीपकेले स्थापना गरेका हुन् । उनले पुणेबाट पत्रकारितामा स्नातक गरेका थिए भने अमेरिकाको बोस्टन युनिभर्सिटीबाट पब्लिक रिलेसन्समा स्नातकोत्तर तहको पढाइ पूरा गरे । उनी विगत दुई वर्षदेखि अमेरिकामा बस्दै आएका छन् ।

दीपके २०२० देखि २०२३ सम्म करिब तीन वर्ष ‘आम आदमी पार्टी’ मा आबद्ध भएर पार्टीको कम्युनिकेसन टोलीमा काम गरेका व्यक्ति हुन् । सन २०२० को दिल्ली विधानसभा चुनावमा अरविन्द केजरीवाल नेतृत्वको आम आदमी पार्टीले जितेको थियो । त्यतिबेला उनले युवा मतदाता लक्षित डिजिटल सामग्री बनाएका थिए । उनले दिल्ली सरकारको शिक्षा विभागको लागि सञ्चार सल्लाहकारको रूपमा समेत काम गरिसकेका छन् ।

प्रधानन्यायाधीशको टिप्पणीपश्चात् दिपकेले १६ मईमा एक ट्विट गरे, "What if all cockroahes come togethar" । त्यसैदिन उनले सामाजिक सञ्जालमा भारतीय जनता पार्टीलाई टक्कर दिनेखालको व्यङ्ग्यात्मक रूपमा ‘कक्रोच जनता पार्टी’ बनाए । यो पार्टीको सदस्यता प्राप्त गर्न बेरोजगार, अल्छी, निरन्तर अनलाइनमा बस्ने (प्रतिदिन कम्तिमा ११ घण्टा), व्यावसायिक रूपमा बकवास गर्ने क्षमता भएकाहरू चाहिने व्यङ्ग्यात्मक योग्यता सार्वजनिक गरे । सदस्यताको निम्ति धर्म, जात र लिङ्गलाई विचार नगरिने पनि उल्लेख गरे ।

कक्रोच पार्टीले ४ दिनभित्रै सामाजिक सञ्जालमा भाजपालाई उछिन्यो । यसको इन्स्टाग्राममा ३५०,००० भन्दा बढी साइन-अप र २२ मिलियनभन्दा बढी फलोअर पुगे । छोटो अवधिमै पार्टीको प्रचार व्यापक बन्यो । तर, यो पार्टी भारतीय निर्वाचन आयोगमा दर्ता गरिएको छैन । २०२६ मे २१ मामोदी सरकारको इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्रालयले सूचना प्रविधि ऐन, २००० को धारा ६९ (A) अन्तर्गत यो पार्टीको आधिकारिक खातामा प्रतिबन्ध लगाउने आदेश दियो ।

### पार्टीको घोषणापत्र

कुनै पनि प्रधानन्यायाधीशलाई अवकाशपछि राज्यसभाको पद प्रदान नगरिने, वैध मतलाई अवहेलना गर्ने अथवा मतदान अधिकार खोस्ने प्रमुख निर्वाचन आयुक्तलाई पक्राउ गरिने, संसद्को सङ्ख्या नबढाई महिलाहरूलाई ५० प्रतिशत आरक्षण (३३ प्रतिशतको सट्टा) दिइने, मन्त्रिपरिषद्मा ५० प्रतिशत महिलाहरूको लागि आरक्षणको व्यवस्था गरिने, अदानी समूह र रिलायन्स इन्डस्ट्रिज (अम्बानी) को स्वामित्वमा रहेका सबै मिडिया हाउसहरूको इजाजतपत्र रद्द गरिने, गोदी मिडिया एङ्करहरूको बैङ्क खाता छानबिन गरिने, एउटा दलबाट अर्को दलमा प्रवेश गर्ने विधायक वा सांसदलाई २० वर्षसम्म चुनाव लड्न र सार्वजनिक पद धारण गर्नबाट वञ्चित गरिने विषय कक्रोच जनता पार्टीको घोषणापत्रमा उल्लेख गरिएको छ ।

### प्रदर्शन

सीजेपीले भाद्र २३ गते भारतका शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै दिल्लीको जन्तरमन्तरमा विरोध प्रदर्शन गर्‍यो । २०२६ जूनमा सावित्रीबाई फुले पुणे विश्वविद्यालय (SPPU) मा दोस्रो विरोध प्रदर्शन भयो । त्यसपछि लखनउ, हैदरावाद, अमृतसर, बैङ्गलोर, जयपुर, नागपुरलगायतका ठाउँमा प्रदर्शन भए । लखनउमा वातावरणविद् सोनम वाङ्चुक (उनी अमेरिकाद्वारा प्रदान गरिने रेमन म्याग्सेसे पुरस्कार विजेता हुन्) ले हातमा गुलाबको फूल लिएर प्रदर्शनको समर्थनमा भाषण गरे । बैङ्गलोरमा प्रदर्शनकारीहरूले चर्चित पपगायक माइकल ज्याक्सनको "All i wanna say is that they dont really care about us." बोलको अङ्ग्रेजी गीत गाउँदै प्रदर्शन गरे । विद्यार्थीहरूले प्रहरीलाई दिनको निम्ति हातमा फूल लिएको पनि देखियो । जुन २० को दिन जन्तरमन्तरमा केही विद्यार्थीले थाल र चम्चा बजाउँदै प्रदर्शन गरे । विद्यार्थीहरूले शिक्षा क्षेत्रमा देखिएको बेथितिबारे जवाफदेही हुँदै शिक्षामन्त्रीले राजीनामा दिनुपर्ने माग राखेका छन् ।

लखनउमा भएको विद्यार्थी प्रदर्शनमा शिक्षकहरूले पनि साथ दिएका थिए । यो आन्दोलनको आयोजना सीजेपीले गरेको थिएन तर यसभित्र कक्रोच जनता पार्टी प्रवेश गर्‍यो । विरोध प्रदर्शनको उद्देश्य मन्त्रीको राजीनामा माग्नु पनि थिएन । सीजेपीको प्रवेशपछि आन्दोलनको स्वरूप फरक भएको विश्लेषकहरूको मत छ । लखनउको प्रदर्शनमा एउटा समूह दिपकेको पक्षमा थियो भने अर्को पक्ष त्यसको विरोधमा ।

जयपुरको शहीद स्मारकमा भइरहेको प्रदर्शनमा आफूलाई राष्ट्रवादी भन्ने एक व्यक्तिले दिपकेको गालामा थप्पड हाने । उनी आरएसएसका कार्यकर्ता राकेश गुरजर रहेको खुल्यो । दिपकेले आफूलाई भारत आउनुभन्दा पहिले पनि ज्यान मार्ने धम्की आएको गुनासो गरेका छन् ।

भारतीय कङ्ग्रेसको सङ्गठन NSUI (National Students Union Of India) ले पनि शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग्दै भारतका विभिन्न जिल्लामा मसाल जुलुस निकाल्यो । भारतीय कङ्ग्रेसका अध्यक्ष राहुल गान्धी पनि विद्यार्थीलाई समर्थन गर्दै सरकारविरुद्ध आन्दोलनमा उत्रिए । आन्दोलनले कस्तो रूप लिने हो, आउँदा दिनमा देखिने नै छ । अहिलेसम्म कक्रोच आन्दोलनको पक्षमा भारतीय सेना लागेको सार्वजनिक भएको छैन ।

*२०८३ असार ७ गते*

---

# विदेशी ऋणको भरमा देश चलेसम्म आत्मनिर्भर नहुने

देशमा उद्योग, कारखाना खोल्न जनताका आधारभूत आवश्यकता पूर्ति गर्न, रोजगारका पूर्वाधारहरू तयार गर्न आवश्यक भयो भने कुनै व्यापारी, उद्योगपति, व्यवसायी या सरकारले ऋण लिन सक्छन् । ऋण लिनुको अर्थ कहीं कतै कुनै काममा लगानी गर्न हो । लगानी देशको आवश्यकता परिपूर्ति गर्न या जनताका आधारभूत आवश्यकता पूर्ति गर्न गरिन्छ । सरकारले ऋण अनुत्पादक क्षेत्रमा लगानी गर्न नहुने विज्ञहरूको राय हो । सरकारले प्रत्येक वर्ष ऋण लिएको देखिन्छ । प्रत्येक वर्ष ऋण लिएको कारण नेपाल ऋणीको देश बनेको छ । आर्थिक वर्ष ०८३/८४ को लागि पनि सरकारले ६ खर्ब ५७ अर्ब २९ करोड रुपैयाँ ऋण लिने लक्ष्य राखेको छ । त्यसमध्ये वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब २८ करोड र आन्तरिक ऋणबाट ४ खर्ब १० अर्ब सङ्कलन गर्ने सरकारको लक्ष्य रहेको छ ।

अहिले नै देशको ऋण २९ खर्बभन्दा बढी पुगिसकेको छ । नेपाली ऋणीको देश बनेको छ । ऋणमाथि ऋण लिने सरकारको नीतिले देश ऋणमा डुबेको छ । अर्थविद्हरू त ऋण तिर्नकै लागि नेपाल सरकार ऋण लिन बाध्य भएको बताउँछन् । असार ५ गतेको कान्तिपुरमा ‘ऋण तिर्नकै लागि ऋण लिँदै सरकार’ शीर्षकको समाचार छापियो । सार्वजनिक ऋणको भार थप्दै गएको कारण विकास स्रोत जुटाउन समस्या परेको, राजस्वले सरकारको अनिवार्य दायित्व भुक्तानी गर्न समेत नपुगेपछि सार्वजनिक ऋणको आकार बढ्दै गएको विश्लेषण गरिएको छ । सार्वजनिक ऋणको सावाँ ब्याज भुक्तानीकै लागि ऋण लिनुपर्ने अवस्था सत्य हो भने यो राम्रो लक्षण होइन । ऋणको ऋण तिर्न बाध्य सरकारले देश विकास कसरी गर्छ ? सरकारलाई देशका कर्मचारी पाल्न नै धौ धौ परेको छ । ऋण लिएर देश सञ्चालन गर्नुपर्ने बाध्यता कसरी भयो ? ऋण लिएर देश कहिलेसम्म सञ्चालन गर्ने ?

देश र जनताको हक, हित र विकास गर्न छोडेर जसरी भए पनि दल ठुलो बनाउने, सरकारको नेतृत्व गर्ने सत्तामुखी राजनीतिले गर्दा सङ्कट देखिएको हो; अन्योल छाएको हो । सरकारको नेतृत्व गरेर राज्यबाट बढीभन्दा बढी दलको स्वार्थ पूरा गर्ने, आफ्ना मान्छे भर्ना गर्ने, नेता तथा कार्यकर्ता पाल्ने मानसिकताले गर्दा देश विकास नभएको हो; देश विकासमा पछि परेको हो । यो रोग विगतको सत्तारूढ दलमा मात्र होइन हालको सरकारमा पनि देखिएको छ । यसकारण, सरकारको नेतृत्व परिवर्तनले मात्र देश विकास हुन्छ; बहुमत जनताको पक्षमा ऐन-कानुन बनाउँछ भन्ने कुरा सत्य होइन । देशमा भएका असमान सन्धि-सम्झौता सबै ठुलै दलको कारण भएको हो । सरकारको नेतृत्व गर्ने दलहरू देश र जनताप्रति समर्पित भएनन् या विदेशमुखी भए । सरकार विदेशमुखी या विदेशी ऋण र अनुदानको भरमा चलेसम्म देश आत्मनिर्भर हुनेछैन ।

सरकारले अनुमान गरेअनुसार विदेशी शक्ति राष्ट्रले अनुदान दिएको छैन । सरकारले वर्षमा जे जति बनाउने योजना छ त्यो पनि पूरा गर्न सकेको छैन । ऋण उत्पादनमूलक वस्तुमा प्रयोग नहुने, अनुदान सोचेअनुसार नपाउने र विकास पनि लक्ष्यअनुसार पूरा गर्न नसक्ने हुँदा सरकारले गरेको अनुमान सोचेभन्दा धेरै अधुरो र अपूरो हुन्छ । सरकारले राजस्व सङ्कलन बढाउनुपर्छ । प्रगतिशील कर नीति अपनाएर आर्थिक वृद्धि दर बढाउनुपर्छ । सरकारले उद्योग, कारखाना, मन्त्रालय या विभागमा बाँकी रहेको अनेक कर या विद्युत् शुल्क उठाउनुपर्छ । गत जेठसम्ममा नेपालले तिर्न बाँकी ऋण २९ खर्ब ६१ अर्ब १९ करोड रहेको छ । गत वर्ष असारमा तिर्न बाँकी ऋण २६ खर्ब ७४ अर्ब ४ करोड थियो । देशको बजेटभन्दा ऋणको रकम बढेको छ । यो ऋणको भारले थिचेर नेपाली जनताले कहिलेसम्म सहेर बस्ने ? नेपाल ऋणमुक्त देश कहिले हुन्छ ? ऋण लिएर देश चलाउनुपर्ने यो परिस्थितिमा सरकार ‘राष्ट्रिय’ दलको नाउँमा देशको राज्यकोषबाट पैसा असुल्ने नीति ल्याउँछ । राजनीतिक दललाई पैसा बाँड्ने सरकारी नीति खोटपूर्ण छ । यो नीति नितान्त गलत छ । दल सञ्चालन सरकारले गर्ने होइन । सरकारी राज्यकोषले दल सञ्चालन गरेपछि दलले चन्दा उठाउँदैन भन्ने कुरा होइन । दलले चन्दा उठाए पनि नउठाए पनि दल सञ्चालन खर्च राज्यले व्यहोर्ने कुरा ठीक होइन । अत: सरकारले ‘राष्ट्रिय’ दलको नाउँमा निर्वाचनमा प्राप्त मतको आधारमा राज्यकोष लिने सरकारी नीति या राज्यकोष लिन दलसँग छलफलको प्रक्रिया अघि बढाउने कुरा नेपालको सन्दर्भमा एक मिल्दैन, दुई मिल्दैन । सत्तारूढ दललाई चेतना भया !

---

# मेचीनगरमा नेपाली भूमि अतिक्रमण तीव्र पार्दै भारत !

पूर्वी नेपालको मेची नगरपालिका वडा नं ४ मा भारतले हालै नेपालतर्फ नयाँ सहायक सीमास्तम्भ ठड्याएर नेपालको सीमा अतिक्रमण तीव्र पारेको सार्वजनिक भयो । रास्वपा सरकार प्रमुखले गत जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा ‘नेपालले भारतको सीमा मिचेको छ’ बोलेपछि भारतले नेपालको खुला सिमानामा अतिक्रमणको गति बढाउँदै छ ।




नेपालतर्फ ठड्याइएको सो सहायक सीमास्तम्भको नं ८६/३६ दिइएको छ । नेपालको सहमतिबिना भारतले एकतर्फी बनाएको सो सहायक सीमास्तम्भ बालेन सरकारले किन देखेन ? किन हटाएन ? लेण्डुप दोर्जेको नेपाली संस्करण रास्वपा हो र ? खुला सीमामा नेपाली भूमिमा भारतीय अतिक्रमण कहिले रोकिने ?

भारतले नेपालको सीमा यसरी मिच्नुमा ३५ वर्षयता पालैपालो सरकारमा गएका नेका, एमाले र माओवादीका सरकारहरू पनि दोषी छन् । अतिक्रमित नेपाली भूमि फिर्ता लिन ती सरकारहरूले भारतसँग निर्णायक वार्ता र सहमति किन गर्न सकेनन् ?

माओवादीको दस वर्षको सशस्त्र द्वन्द्वकालमा सीमा नक्सा बनाउन खटिएका नेपाली कर्मचारीलाई माओवादीले लखटेपछि ती कर्मचारीहरूलाई भारतमा बसालेर सीमा नक्सा बनाउन दिइएको थियो । त्यसबेला माओवादीले के भारतकै निर्देशनमा नेपाली कर्मचारीलाई लखटेको हो ? सो सीमा नक्सा खारेज नगरिएसम्म भारतले नेपाली भूमि अतिक्रमण रोक्ने छैन । यतिबेला रास्वपाको आँखा पनि खुल्ने अवस्था छैन ।

# जाँ मेल्ये र उनको 'इच्छापत्र'

✍ एक जिज्ञासु

फ्रान्सेली राज्य क्रान्ति चरमचुलीमा थियो । सन् १७९३ मा ज्याकोबिन क्रान्तिकारी रोबेस्पियरको नेतृत्वमा प्रजातान्त्रिक संविधान बन्यो । क्रान्तिको झिलिमिलीबिच संविधान जारी गरेको अधिवेशनले नोभेम्बरमा एउटा आदेश दियो । झन्डै १३० वर्षअघि फ्रान्सको एक गाउँमा जन्मेर अज्ञात जिन्दगी बिताएका एक (धर्म गुरु पादरी) को स्मरणमा उनको पूर्ण कदको सालिक खडा हुने भयो । धर्मका दोषहरूबारे खुलासा गर्ने प्रथम साहसी र इमानदार पादरीको रूपमा उनको सम्मान हुँदै थियो । ती पादरी थिए, जाँ मेल्ये (Jean Meslier) ।

जाँ मेल्ये सन् १६६४ मा फ्रान्सको एउटा सानो गाउँमा जन्मेका थिए । उनको पुर्ख्यौली गाउँ मजेघ्नी त्यसबेला फ्रान्सको मजाघिन मण्डलमा पर्थ्यो । उनका बुबा जुलाहा थिए । उनका बाबुआमा उनलाई पादरी बनाउन चाहन्थे । मेल्येले बाबुआमाको इच्छा पूरा गरिदिए । उनले मन लगाएर धर्मशास्त्रको अध्ययन गरे । गुरुकुलमा उनी अनुशासित विद्यार्थी थिए । त्यसैबेला उनले फ्रान्सेली दार्शनिक देकार्तका विचारहरूको गहिरो अध्ययन गरे । देकार्त भौतिक र आध्यात्मिक जगतको सञ्चालन ईश्वरले गर्छन् भन्थे । उनले प्रकृति र ईश्वर दुवैको अस्तित्वलाई अस्वीकार गरेनन् । यस्तो विचारलाई द्वैतवाद भनिन्छ । प्रतिभाशाली दार्शनिक भए पनि उनी धर्मसित जुध्न चाहँदैनथे । जन्मले उनी धनाढ्य कुलका थिए । उनको दर्शनले उनको धर्म र उनको वर्गको सेवा गर्‍यो ।

सन् १६८८ मा २४ वर्षको उमेरमा मेल्ये पादरी बने । अर्को वर्ष उनी शाम्पैँ भेगमा आफ्नो जन्म गाउँ नजिकै पर्ने एत्रेपैँका पादरी बने । त्यसबेला त्यो धर्मक्षेत्रमा १६५ जना बासिन्दा थिए । आफ्नो सादा जीवनबाट उनले त्यस भेगका बासिन्दाहरूलाई प्रभावित पारे । उनी सदा काममा व्यस्त रहन्थे । बर्सेनि आउने आफ्नो तलब गरिब गुरुवाहरूबिच बाँड्थे । उनको चरित्र निष्कलङ्क थियो । बोलीचाली होस् वा महिलाहरूसँगको व्यवहार होस्, उनी अत्यन्त नम्र र संयमी थिए । उनी आफूले विश्वास नगर्ने कुराहरूबारे अरूलाई उपदेश दिन हिच्किचाउँथे । त्यसकारण, सामान्य जनतालाई हेला गर्ने अन्य कुरा एउटा र काम अर्कै गर्ने पाखण्डी पादरीहरूभन्दा उनी जनताका प्रिय भए । भा र बौत्जिकोर्त इलाकाका दुईजना धर्मगुरुसँग उनी इसाई परम्पराअनुसार प्रायश्चित गर्थे । उनले भेटिरहने धर्मगुरुहरू निश्चित थिए ।

मेल्ये न्यायका दृढ पक्षपाती थिए र कहिलेकाहीँ उनी न्यायको पक्षमा दृढतापूर्वक लाग्थे । उनको गाउँको मौजाको मालिकको नाम दि तुइली थियो । त्यस सामन्तले किसानहरूलाई दुर्व्यवहार गर्थ्यो । सामन्तको मृत्युपछि मेल्येले उसको पक्षमा ईश्वरसँग प्रार्थना गर्न अस्वीकार गरे । रेइमका आर्कबिशप वा बडागुरु दि माइलीसामु विवाद पुगेपछि उनले मेल्येलाई निन्दा गरे । तर, त्यसपछिको आइतबार मेल्ये चर्चको मञ्चमा चढे र धर्मगुरुको फैसलाबारे असहमति व्यक्त गरे । उनले भने, "बिचरा सबै गाउँले पादरीहरूको हाल यस्तै हुन्छ । बडागुरुहरू मालिक बन्छन् र अन्य पादरीहरूको अपमान गर्छन्, तिनीहरूका कुरा सुन्दैनन् । त्यसैले यो चर्चको मालिकको निम्ति प्रार्थना गरौँ । एन्तोइन दि तुइलीको निम्ति परमेश्वरसामु प्रार्थना गरौँ । उसलाई फेर्दिनुस् र गरिब गुरुवाहरूलाई दुर्व्यवहार नगर्ने र टुहुराटुहुरीलाई नठग्ने दयावान बनाइदिनुस् भनी आशिष मागौँ ।" मेल्येको मन कुँडिने सुझाव सुनेर बडागुरुले मेल्येलाई चर्चमा बोलाए । त्यहाँ मेल्येलाई बेस्सरी झपारियो, उनको बदनाम गरियो र एक महिना कैदमा राखियो । यो सन् १७८३ को घटना थियो । त्यसबेला उनी १९ वर्षका थिए ।

धर्मगुरुहरूसँग मेल्येको ठाकठुक परिरहन्थ्यो । आफ्नो मठमा कम उमेरका परिचारिकाहरू राखेको हुँदा उनको दुईचोटि निन्दा भयो । तिनताक ४० वर्ष पुगेका महिलालाई मात्र चर्चमा परिचारिका राख्ने चलन थियो । आफू ३२ वर्षको छँदा मेल्येले २३ वर्षकी एक परिचारिका राखेका थिए । परिचारिकालाई निकाल्नुपर्ने माथिल्ला धर्मगुरुहरूको आदेश उनले टेरेनन् किनभने ती परिचारिका उनकी भतिजी थिइन् । आफू ५५ वर्षका छँदा उनले १८ वर्षकी अर्की परिचारिका राखेका थिए । त्यस कसुरमा उनलाई रेइम चर्चमा एक महिनाको लागि कैद गरिएको थियो । यसैबेलादेखि उनले आफ्नो जीवनको सम्पूर्ण अनुभव र चिन्तन समावेश गरेर पुस्तक लेख्न थाले । सन् १६८५ मा फ्रान्सका सम्राट लुई १४ औँले क्याथोलिक धर्मलाई राजधर्म र एकमात्र वैध धर्मको मान्यता दिएका थिए । क्याथोलिक धर्म कट्टर धर्म थियो, फ्रान्समा बस्ने अन्य धर्मावलम्बीले आफ्नो धर्म फेर्नुपर्ने बाध्यता थियो । त्यसबेला क्याथोलिक संसारमा धर्मसँग जुध्नु एकदम खतरनाक मानिन्थ्यो । अन्य धर्म वा नास्तिकताबारे उच्चारणमात्र गर्ने पादरीलाई पनि राजबन्दीलाई जस्तो व्यवहार गरिन्थ्यो । १६ औँ शताब्दीको पूर्वार्द्धमा जर्मनीबाट फैलेको सरल र नरम प्रोटेस्टेन्ट धर्मगुरु मार्टिन लुथरको धर्म सुधार आन्दोलनले गर्दा क्याथोलिक पादरीहरूलाई धर्मकर्ममा कडिकडाउ गरिएको थियो । क्याथोलिक धर्म र फ्रान्सेली राजतन्त्रको घाँटी जोडिएको थियो । मानिसहरूको धार्मिक आस्थाले नै राजमुकुट जोगाइरहेको विषयमा फ्रान्सेली राजदरबार, कुलीन र धर्मगुरुहरू सजग थिए । फेरि रेइमका बडागुरु दि माइली कट्टर क्याथोलिक थिए । त्यसैले मेल्येले भित्रभित्रै पुस्तकको काम गरिरहे र आफ्नो धार्मिक क्रियाकलापलाई चुपचाप जारी राखे । उनी अनावश्यकरूपमा सहिद बन्नुलाई बुद्धिमत्तापूर्ण मान्दैनथे ।

मेल्ये एत्रेपैँ चर्च छोडेर कहिल्यै अन्त गएनन् । बाहिरी दुनियाँमा जीवनभर उनी अज्ञात रहे । ४० वर्ष धर्मको सेवा गरेर सन् १७२९ जून महिनामा ६५ वर्षको उमेरमा उनको मृत्यु भयो । मर्ने बेला उनी बिरामी थिए । भनिन्छ, जीवनबाट वाक्क भइसकेका उनले आवश्यक औषधिमुलो गर्न अस्वीकार गरेका थिए । उनले खानालगायत केही पनि सेवन गर्न मानेनन्, एक गिलास वाइन पनि पिएनन् । आफ्नो इच्छापत्रमा उनले आफूसँग बचेको सानोतिनो जायजेथा आफ्ना धर्मक्षेत्रका गरिब बासिन्दाहरूलाई दान गरेका थिए । आफ्नो शव बगैँचामा गाडियोस् भन्ने उनको अन्तिम इच्छा थियो ।

मेल्येले आफूलाई गलत लागेको विचारबारे आजीवन गोप्य अध्ययन र मन्थन गरे ।

मेल्येको मृत्युपछि उनको घरमा केही पुस्तक र कागतपत्रहरू फेला परे । ईश्वरका विरुद्ध उनले अध्ययन गरेका पुस्तकहरू बाइबल र अन्य केही धर्मग्रन्थहरूमात्र थिए । ती धर्मग्रन्थ पढेर उनी घोत्लिन्थे । उनले धर्मग्रन्थहरूको आलोचनात्मक अध्ययन गरे र बाइबलभित्रका बाझिने सन्दर्भहरू पहिल्याए । मेल्येका कागतपत्रहरूको चाङमा काम्ब्राइका बडागुरु फेनेलोँका सूत्रहरूको एउटा संस्करण फेला पर्‍यो । ती सूत्रहरू ईश्वरको अस्तित्व र उसका गुणहरूको बारेमा थियो । त्यसैगरी, त्यस चाङमा जेसुइट पुरोहित तौमेमीँका 'आलोचना' पनि भेटियो । त्यो नास्तिकताबारे थियो । ती सूत्रहरूमा मेल्येले आफ्नै हातले पानाका छेउछाउमा टिप्पणीहरू लेखेका थिए । मेल्ये बिरामी छँदै बेलायतमा थोमस वुलस्टोन नामका एक पादरीले यशु क्राइस्टका चमत्कारहरू झूटा भएको प्रमाण दिँदै पुस्तक लेखेर लन्डनभरि त्यसका ६० हजार प्रतिहरू बेचेका थिए । तर, मेल्ये वुलस्टोनभन्दा एक पाइला अगाडि थिए । उनले यशुमात्र नभई सम्पूर्ण धर्मको वैचारिक विषयमाथि सबैभन्दा प्रभावशाली प्रहार गरे । त्यसो त गाउँले मेल्येलाई बाहिरी संसारबारे धेरै जानकारी थिएन ।

पुस्तकहरूको खातमा मेल्येले नै लेखेको पुस्तकका हस्तलिखित तीन प्रतिहरू फेला परे । तिनको नाम उनले 'मेरो इच्छापत्र' राखेका थिए । पुस्तकमा उनको धर्मक्षेत्रका बासिन्दाहरू र मेजिएघ्सको संसद्का प्रवक्ता लेघौक्सलाई सम्बोधन गरिएको थियो । ६३३ पृष्ठ लामो त्यस पुस्तकको एक प्रति अभिलेखालयमा राखियो । एक प्रति रेइमका बडागुरु आफैले राखे । तेस्रो प्रति मेल्येकै गिर्जाघरमा राखिएको थियो । मेल्येले आफ्नो छिमेकी धर्मक्षेत्रका पादरीहरूलाई 'मेरो इच्छापत्र' बारे जानकारी गराउन दुइटा चिठी लेखेका थिए । चिठीमा उनले ती पादरीलाई आफ्नो गिर्जाघर सैं. मियोँलका मुख्य कर्मचारीसँग आफ्नो पुस्तकको एकप्रति छोड्ने जानकारी गराएका थिए । तर, गरिब जनतालाई सत्यबारे शिक्षित हुन नदिने दुष्ट परम्परा जोगाउन आफ्नो पुस्तकलाई दबाइने पो हो कि भन्ने उनलाई चिन्ता थियो । यसै चिन्ताले गर्दा उनले पुस्तकका तीन प्रति बनाएर राखेका थिए । मेल्येको घरमा एउटा खैरो खाम पनि भेटियो । त्यसमा धर्मक्षेत्रका बासिन्दाका निम्ति उनको सन्देश थियो । खामको पछिल्तिर यस्तो लेखिएको थियो, "मैले मान्छेहरूका कमीकमजोरी, दुर्व्यवहार, फोस्रोपन, मूर्खता र दुष्टताहरू देखेँ र पहिल्याएँ । मैले तिनलाई घृणा गरेँ र नीच मानेँ । तिनको विषयमा मैले आफ्नो जीवनकालमा बोल्ने आँट गरिनँ । तर, कम्तीमा मर्ने बेला वा मरेपछि म त्यसबारे बोल्नेछु । यी कुरा सबैलाई थाहा हुँदैन भन्ने हेतुले मैले यो संस्मरण लेखेँ किनभने यसलाई हेरेपछि र पढेपछि चाहनेहरूका निम्ति यो सत्यको प्रमाण बन्नेछ ।"

मेल्येको घरको खोजबिनपछि रुष्ट बनेका कट्टर पादरीहरूले उनको लाससँग बदला लिए । उनीहरूले इसाई विधि नपुर्‍याई उनको अन्त्येष्टि गरे । उनको अन्तिम इच्छाअनुसार उनलाई बगैँचामा गाडियो तर लासलाई शवपेटिकामा राखिएन । मेल्ये भौतिकवादी थिए । जीवित अवस्थामै उनले आफ्नो लासमाथि जे गरे पनि आफूलाई फरक नपर्ने जनाइसकेका थिए । उनले लेखेका थिए, "तिनीहरूले मेरो शरीरलाई जेसुकै गरून् । त्यसलाई च्यातचुत पारून्, काटकुट गरून्, पोलून् वा पकाऊन् अनि त्यसलाई खाऊन् । चाहेमा तिनीहरूले मनलाग्दो अचार वा चटनी दलेर खाऊन् । त्यसले मलाई कत्ति पनि फरक पर्दैन । म उनीहरूको पहुँचभन्दा



पर हुनेछु । मलाई केहीले तर्साउन सक्नेछैन ।"

मेल्ये शान्तिपूर्वक मरे । सन् १८३५ मा अर्थात् उनको मृत्युको १०६ वर्षपछि उनको पुस्तकको एक प्रति प्रसिद्ध फ्रान्सेली दार्शनिक एवम् क्रान्तिकारी लेखक भोल्टेयरको हातमा पुग्यो । खासमा भोल्टेयरले धार्मिकहरूलाई नै ८ असर्फी घुस ख्वाएर त्यो पुस्तक हात पारेका थिए । लगत्तै उनले त्यसका सयौँ प्रतिहरू छपाएर १ असर्फी मूल्यमा आफ्ना साथीहरूमाझ वितरण गरे । यसरी फ्रान्सको पठित समाजमा मेल्येको पुस्तक पुग्यो । भोल्टेयर त्यस कृतिबाट अत्यन्त प्रभावित भएका थिए । उनले एक पत्रमा आफ्नी भतिजीलाई लेखे, "जाँ मेल्येलाई पढ्नू, बारम्बार पढ्नू ।" १७६२ मा भोल्टेयरले मेल्येको 'मेरो इच्छापत्र' बाट आवश्यक अंशहरूमा जोड दिँदै एउटा सङ्क्षिप्त संस्करण छपाए । त्यो पुस्तक पेरिसमा सयौँको सङ्ख्यामा हातहातै बिक्यो । लेखक एक पादरी हुनाले र धर्मबारे गहिरो विश्लेषण गरिएको हुनाले त्यस पुस्तकले फ्रान्सेली पाठकहरूमा गहिरो छाप छोड्यो । त्यस पुस्तकमा भोल्टेयरले 'मेरो इच्छापत्र' मा अभिव्यक्त विचारलाई आफ्नो अनुकूल प्रस्तुत गरेका थिए । भोल्टेयर द्वैतवादी थिए । उनी धर्ममाथि ठाडै प्रहार गर्दैनथे । उनी 'प्राकृतिक ईश्वर' को कुरा गर्थे र धर्मको नाममा हुने क्रूर व्यवहारको विरोध गर्थे । उनले मर्ने बेला मेल्येले ईश्वरको नाम लिएको झूटो प्रसङ्ग मेल्येको जीवनीमा घुसाएका थिए । यो भोल्टेयरको बौद्धिक धोका थियो । पुस्तकको सग्लो फ्रान्सेली संस्करणमा भने सन् १८६४ मा केही सयको सङ्ख्यामा हल्यान्डबाट प्रकाशित भयो । त्यसअघि नै यसका अनेक सङ्क्षिप्त संस्करणहरू फ्रान्समा लोकप्रिय भइसकेका थिए । फ्रान्सेली क्रान्तिताका ईश्वरको प्रतिनिधि ठानिने राजतन्त्रका विरुद्ध हतियारको रूपमा यस पुस्तकले काम गर्‍यो ।

भोल्टेयर र बाबेफपन्थी माघेशलजस्ता फ्रान्सेली क्रान्तिको शङ्खघोष गर्ने क्रान्तिकारी लेखकहरू 'मेरो इच्छापत्र' बाट प्रभावित थिए ।

**'मेरो इच्छापत्र' मा त्यस्तो के छ ?**

१० वर्ष लगाएर लेखिएको "'मेरो इच्छापत्र' ९९ पाठमा समेटिएको छ । पुस्तकको सार यस्तो छ- 'संसारका सम्पूर्ण धर्म र दिव्य कुरा भ्रामक छन्, झूटा र पाखण्डी छन्, बहुसङ्ख्यक जनसमूहलाई धनीमानी शासकहरूले थिचोमिचो गर्न तिनको आविष्कार भएको थियो । आस्था भनेको अन्धभक्ति हो र यसको जगमा अर्थ न बर्थका अन्तर्विरोधी कुराहरू हुन्छन् । यशु क्राइस्टलगायत पुरानो र नयाँ करारका भविष्य वक्ताहरू एक पागलका भ्रमहरू हुन् । इसाई धर्मले झूटो सिद्धान्त बताउँछ र यसको नैतिक शिक्षा सबै प्राकृतिक शिक्षासँग बाझिन्छ । यसले आमोदप्रमोदलाई गलत भन्छ, गरिबीलाई सदाचार भन्छ र एउटामा थप्पड खाँदा अर्को गाला थाप्नुलाई न्याय भन्छ । आत्मा अमर छैन बरु पदार्थकै रूप हो र व्यक्ति मरेपछि त्यो पनि मर्छ ।"

मेल्येले स्वर्गको मोह र नर्कको भयबारे लेखेका छन्, "एउटाको सौन्दर्य र भव्यता अनि अर्काको त्रासदी र कुरूपताबारे तिनीहरूले बताउने सबैथोक कथा मात्र हो । मृत्युपछि आशा गर्नुपर्ने राम्रो वा तर्सिनुपर्ने डरलाग्दो केही छैन ।"

'मेरो इच्छापत्र' मा ८ प्रमाणहरू छन् । पहिलो प्रमाण भन्छ - सबै धर्महरू एकअर्कासँग बाझिन्छ, एकले अर्काको निन्दा गर्छन्, त्यसकारण ती सबै सही हुनसक्दैनन् र तिनीहरू जम्मै सत्यको एउटै सिद्धान्त वा ईश्वरबाट जन्मेका हुँदैनन् । यसकारण, धर्महरू नितान्त मान्छेका आविष्कार हुन् । जसले ईश्वरको रचना गरे तिनले उसको नाम र अधिकारलाई आफूले चाहेको जस्तै ऐन कानुन स्थापित गर्न प्रयोग गरे । ईश्वरकै जालो बिछ्याएर उनीहरूले समाजमा प्रतिष्ठा पाए र अन्य मान्छेलाई अधीनमा राखे । प्रत्येक धर्मले आफ्नो कुरा सत्य हो भनी अरूलाई मनाउनुपर्ने हो । तर, तिनीहरूले एकअर्कासँग बाझाबाझ गरे तथा लडाइँहरू लडे । शत्रुलाई पोलेर तथा रगत बगाएर पनि तिनीहरूले एक अर्कालाई मनाउन सकेनन् ।

दोस्रो प्रमाण भन्छ - सबै धर्महरूको जग आस्था हो । आस्था 'अन्धभक्ति' हो । 'तर्क र इन्द्रियबाट प्राप्त ज्ञानको प्रकाश' सँग यसको शत्रुता छ । अन्धभक्तिलाई ईश्वरका चमत्कारहरूले मेटाउँछन् । सबै धर्ममा यस्ता चमत्कारहरू पाइन्छन् । कतिले अरू धर्मका चमत्कार चोरेका पनि छन् । यति धेरै चमत्कारहरू गर्ने यशु क्राइस्ट वास्तवमा 'पूरै पागल थिए भन्ने देखापर्छ, त्यसकारण सुरुमा इसाई धर्म कट्टरतामात्र थियो ।' ईश्वरका चमत्कारहरू उसको खोटरहित झिलिमिली, करुणा, विवेक र न्यायसँग मेल खाँदैनन् । त्यसकारण, ईश्वरीय चमत्कारहरू विश्वासयोग्य छैनन् ।

तेस्रो प्रमाण भन्छ - भविष्य वक्ताहरूका दृष्टि र दिव्य वचनहरू पागलहरूका प्रलाप हुन् । उदाहरणको लागि, तीमध्ये केहीले निर्दोष जीवजन्तुको क्रूर र बर्बर बलि दिनाले ईश्वर खुसी हुन्छन् भनेका छन् । 'नतर्सिकन मैले कहिल्यै सोच्न सक्दिनँ, राजा सोलोमनले आफ्नो मन्दिरका लागि दिएको घिनलाग्दो नरबलि र निर्दोष पशुपक्षीको बलि कस्तो हुँदो हो ! उनले २२ हजार चौपाया र १ लाख २० हजार भेडा र बाखाको घाँटी रेटेका थिए । कस्तो संहार हो ! कस्तो रगतको आहाल ! निर्दोष जीवजन्तुको कस्तो छाला कढाइ हो ! कति मासु पोलिएको र उसिनिएको होला ! ओज, भव्यता, करुणा र विवेकका अनन्त खानी मानिने परमेश्वरले आफ्नो लागि बलि दिने कसाही र जल्लादहरू किन ( हत्याराहरू) रूचाएका होलान्, उनले आफ्ना मठमन्दिरलाई किन कुरूप वधशाला बनाउन चाहेका होलान् ? यसलाई कसरी सही मान्ने, कसरी यस्तो कल्पना गर्ने ?'

चौथो प्रमाण भन्छ - बाइबलका भविष्य वाणीहरू कहिल्यै पूरा भएनन् । यशु क्राइस्टका दुई 'निरर्थक र बौलाहा' भविष्यवाणीको बारेमा मेल्येले लेखेका छन् । यशुले आफ्ना अनुयायीहरूलाई तिनका पापहरूबाट मुक्त गर्ने बताए तर, "हामीले कुनै पनि मान्छेमा यसको सङ्केत पाउँदैनौँ किनभने उनीहरू सधैँ र अहिले पनि अरू धर्मावलम्बीजस्तै सबैखाले अनैतिकताका शिकार भइरहन्छन्, आफ्ना दुष्ट उत्तेजनाका दास भइरहन्छन् ।" यशुले स्वर्गको अधिराज्य नजिकै छ भनेका छन् । त्यस्तो हुन्थ्यो भने मेल्ये भन्छन्, "स्वर्गको राज्य धेरै पहिले आइसक्नुपर्ने थियो । किनभने उनले उपदेश र वचन दिएको २ हजार वर्ष बितिसकेको छ ।"

पाँचौँ प्रमाण भन्छ - इसाई नैतिकता खस्किनुमा तीन प्रमुख कारणहरू छन् । एक, यस धर्मले दु:खकष्ट झेल्नु नै महानतम् सदाचार हो भन्छ । यसको अर्थ हो दीनदु:खी हुन मन पराउनु नै महान् सद्गुण हो । यो एकदम अप्राकृतिक भनाइ हो । दुई, मांसल विचार, आकाङ्क्षा र प्रेमलाई यस धर्मले अनन्त सजायको भागी हुनुपर्ने अनैतिकता भनी निन्दा गर्छ । जुन मानव जातिको रक्षा र वृद्धिका लागि एकदम प्राकृतिक, उपयुक्त र आवश्यक छ । तीन, यस धर्मले दुष्टहरूको पक्ष लिने र असल र दुर्बललाई दबाउने विचारमा जोड दिन्छ । जस्तो, तिम्रा शत्रुलाई माया गर, तिमीलाई हानि गर्ने बैगुनीहरूलाई गुण गर, अनैतिक व्यक्तिको प्रतिकार नगर, चोटपटक र दुर्व्यवहारलाई चुपचाप सहिराख । यसले आजको स्थितिलाई नै मलजल गर्छ । आज जङ्गली कानुनको रजाइँ छ ।

छैटौँ प्रमाण भन्छ - इसाई धर्मले राजनीतिक निरङ्कुशताको मतियारले जस्तै काम गर्छ । पुस्तकको यस खण्डमा मेल्येले धर्मसम्बन्धी कम्युनिस्ट बुझाइहरू दिएका छन् । धर्मले प्रतिकार गर्नु वा विद्रोह गर्नुलाई ईश्वरविरुद्धको पापको रूपमा प्रस्तुत गर्छ । धर्मगुरुहरूको आध्यात्मिक शक्तिले राजामहाराजा र हुनेखानेहरूको सत्तासामु जनसमूहलाई झुकाउन वा सत्ताको दास तुल्याउन मद्दत गर्छ । धर्म सत्ताधारीहरूको जनता दबाउने साधन हो ।

सातौँ प्रमाण भन्छ - ईश्वरको अस्तित्व छैन । प्रकृतिमा पाइने सौन्दर्य, नियम र परिपूर्णता प्राकृतिक तवरले नै सिर्जना भएको हो । भौतिक पदार्थको निम्ति सृष्टिकर्ता चाहिँदैन किनभने पदार्थ र गति दिक र कालमा अनन्त फैलेको छ । अझ समाजमा विद्यमान धृष्टता, दरिद्रता, नैतिकता र अनैतिकताले कोही पनि सर्वशक्तिमान, सर्वगुणी र सर्वज्ञ छैन भन्ने देखाउँछ । हुन्थ्यो भने, उसले ती द्वेषहरूलाई रोकथाम गर्थ्यो वा तिनलाई निमिट्यान्न पार्थ्यो । मेल्येले ईश्वरलाई कपोलकल्पित भनेका छन् । कोही व्यक्ति नैतिकवान् हुनका लागि ईश्वर चाहिँदैन ।

आठौँ प्रमाण भन्छ - आत्मा आध्यात्मिक र अजम्बरी हुँदैन । यो धर्मको नाममा गरेको झूटा प्रचार हो । पशुपक्षीमा होस् वा मानिसहरूमा, आत्मा पदार्थकै परिष्कृत रूप हो । प्राणी मरेपछि उसको आत्मा पनि मर्छ । पशुपक्षीहरू निर्जीव मेसिन हुन् भन्ने धार्मिक कथनप्रति मेल्ये आक्रोश पोख्छन् । यस्तो प्रवृत्तिले गर्दा जीवजन्तुहरूप्रतिको मानवीय दयामाया कमजोर हुने उनको विचार छ ।

इच्छापत्रको अन्तिम भाग सबैभन्दा शक्तिशाली र प्रसिद्ध छ । त्यसमा धर्मकर्म र त्यसको भरमा मोटाउने राजनीतिक र आर्थिक व्यवस्थालाई अन्त्य गर्न एउटा महान् क्रान्तिको सशक्त आह्वान गरिएको छ, नयाँ समाजको खाका कोरिएको छ ।

मेल्येको पुस्तक आकारका दृष्टिले निकै ठुलो छ । धर्मग्रन्थहरू र प्राचीन इतिहासका प्रचुर सन्दर्भहरू लिइएको छ । यसको भाषा जटिल छ । विचारहरू दोहोरिरहँदा पाठकलाई निरस लाग्ने हुनाले यसका सङ्क्षिप्त संस्करणहरू र यसबाट निकालिएका अंशहरू बढी प्रचलित छन् । फ्रान्सेली भाषामै पनि यसको सग्लो संस्करण झन्डै अढाइ सय वर्षपछि (सन् १९७०) मात्र ठुलो सङ्ख्यामा छापिएको थियो । यसको सग्लो अङ्ग्रेजी संस्करण निस्किन झन्डै ३०० वर्ष (सन् २००९) कुर्नुपर्‍यो । चिनियाँ, अरबी, रुसीलगायत संसारका प्रमुख भाषाहरूमा यसको अनुवाद भइसकेको छ ।

सोभियत सङ्घमा दोस्रो विश्वयुद्ध अगाडि नै मेल्येको पुस्तकका दुई संस्करण छापिएका थिए । २० औँ शताब्दीमा रुसी सग्लो संस्करण फ्रान्सेली र अङ्ग्रेजी भाषामा भन्दा पहिले (सन् १९३७) छापिएको थियो ! युद्धपछि पनि अनेक रुसी संस्करणहरू प्रकाशित भए । विश्व प्रसिद्ध सोभियत 'दर्शनकोश' मा मेल्येको पुस्तकबारे यस्तो लेखिएको छ - 'मेरो इच्छापत्र' समाज र यसको भविष्यबारे शिक्षा दिने प्रथम कृति हो । धर्म र चर्चको आफ्नो अनुभवले मेल्येलाई निरन्तर भौतिकवादी र नास्तिक निष्कर्षहरूतिर धकेल्यो । उनले सामाजिक अन्यायहरूको आलोचना गरे, साथै सामूहिक स्वामित्वमा आधारित समाजको निर्माण गर्नुपर्ने आह्वान गरे । उनको विचारमा परिश्रम गर्ने जनता एकजुट भएर आफ्ना शोषकहरूको विरुद्ध आफैले विद्रोह गर्नुपर्छ । यो नै एउटा नौलो समाजतर्फ लम्किने पहिलो पाइला हो । त्यो नौलो समाजमा कोही धनी गरिब हुनेछैन, कोही शोषक र शासित हुनेछैन, कोही बेकामे र कोही ढाड भाँचिने गरी काम गर्ने (श्रमिक) हुनेछैन ।

मेल्ये लामो समयसम्म इतिहासको खण्डहरमा रहे । "तिमीले भनेको कुरामा म सहमत छैन, तर तिम्रो बोल्न पाउने अधिकारको रक्षा गर्न मैले प्राण दिनेछु" भन्ने भोल्टेयरले समेत उनका विचारमा मनपरी काँटछाँट र थपथाप गरे । तर, भोल्टेयरकै स्वदेशी भाइ र समकालीन एवम् कार्ल मार्क्सका प्रिय लेखक दिदेरोले मेल्येको मर्मलाई परिष्कार गरे । मान्छेको आकाङ्क्षाबारे मेल्येले लेखे, "पृथ्वीका शासकहरू र सम्पूर्ण कुलीनहरूलाई गुरूपुरोहितहरूको साहसले झुन्ड्याउनुपर्छ, कुल्चिनुपर्छ ।" दिदेरोले भने, "संसारको अन्तिम पुरोहितको साहसले अन्तिम राजालाई नकुल्चिँदासम्म मान्छे मुक्त हुनेछैन ।"

मेल्ये दिदेरोका प्रथम पुरोहित थिए ।

**सन्दर्भ स्रोतहरू :**

१. भोल्टेयर, लाइफ अफ जाँ मेल्ये, सुपरस्टिसन इन अल एजेज ।
२. ब्रायन म्याक्लिन्टन, जाँ मेल्येज टेस्टामेन्ट ।
३. अलेक्सान्द्रा पोरादा, ले टेस्टामेन्ट बाइ जाँ मेल्ये ।
४. जाँ मेल्ये अर्कात्, मार्क्सिस्ट डट अर्ग ।
५. राहुल साङ्कृत्यायन, दर्शन दिग्दर्शन ।
६. आइ. फ्रोलोभ, डिक्सनरी अफ फिलोसफी ।

भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५



**समाजलाई...**

गरेको विकास र प्रगति उल्लेखनीय रहेको बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीले निरन्तर जनताको सेवा गर्दै आएको र यसका काम तथा उपलब्धिबारे देशव्यापी रूपमा चर्चा हुने गरेको उल्लेख गर्नुभयो ।

उहाँले नेमकिपालाई विकासविरोधी भन्ने आरोप लगाउनेहरूलाई भक्तपुरमा भएका विकास निर्माणका कार्यले गलत साबित गरिरहेको बताउँदै क्षेत्रफलका हिसाबले भक्तपुर सानो भए पनि यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विद्यालय, कलेज र सांस्कृतिक संस्थाहरू रहेको, विभिन्न सांस्कृतिक गतिविधि सञ्चालन तथा अन्तर्राष्ट्रिय भ्रमण र आदानप्रदानका कार्यक्रमहरू भइरहेको बताउनुभयो ।

उहाँले भक्तपुर विश्व सम्पदा सहरका रूपमा परिचित रहेको उल्लेख गर्दै नगरले देशको मात्र नभई अन्तर्राष्ट्रिय समुदायको समेत सेवा गरिरहेको धारणा राख्नुभयो ।

उहाँले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अझ सुदृढ बनाउँदै लैजानुपर्ने, भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको शिशु स्याहार केन्द्रलाई थप नमुनायोग्य बनाउनुपर्ने सुझाव दिँदै नगर प्रहरी परिचालनलाई अझ चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुपर्ने तथा विदेशमा अध्ययन गरेका दक्ष जनशक्तिलाई आफ्नै नगर र जिल्लाको सेवामा योगदान दिन प्रेरित गर्ने सन्देश प्रवाह गर्न नगरपालिकाले अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुजना सैँजुले विकास र सुशासनका क्षेत्रमा भक्तपुर नगरपालिकाले स्थापित गरेको मोडल उदाहरणीय रहेको बताउनुभयो । उहाँले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर बजेट निर्माण तथा कार्यान्वयन गर्ने कार्य अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्दै गइरहेको उल्लेख गर्दै भक्तपुर नगरपालिका विकास, सुशासन र सेवा प्रवाहका दृष्टिले 'प्रकाशस्तम्भ' का रूपमा स्थापित भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले पार्टीको घोषणापत्रलाई शिरोधार्य गर्दै जनताको सहयोग, जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासबाट प्राप्त उपलब्धिहरू सम्भव भएको उहाँले बताउनुभयो ।

सांसद सैँजुले कुनै पनि संस्था एक वा दुई व्यक्तिको निर्णयले मात्र सफलतापूर्वक सञ्चालन हुन नसक्ने उल्लेख गर्दै सामूहिक भावना, साझा जिम्मेवारी र सहकार्यबाट गरिएका कामहरू दिगो हुने धारणा व्यक्त गनुभयो ।

भक्तपुरमा समाजवादी कार्यशैलीअनुसार काम अगाडि बढिरहेको र राष्ट्रिय सम्पत्तिको संरक्षण तथा संवर्द्धनमा विशेष ध्यान दिइएको उहाँको भनाइ थियो ।

उहाँले सभ्यता र संस्कृतिको संरक्षणलाई समृद्ध समाज निर्माणको आधार मान्दै सभ्यता नभएको देश पछाडि पर्ने बताउनुभयो । समाजवादको महत्त्वपूर्ण पक्ष नै सभ्यता, संस्कृति र सम्पदाको संरक्षण तथा पुस्तान्तरण भएको उल्लेख गर्दै भक्तपुरले यस क्षेत्रमा उल्लेखनीय कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्वागत मन्तव्य राख्दै नगरको गौरवमय यात्राबारे प्रकाश पार्दै नगरसभाले २०८३/८४ को नीति तथा कार्यक्रमलाई आधार बनाई आवश्यक बजेट निर्माण गरी अगाडि बढ्ने बताउनुभयो ।

उपप्रमुख जोशीले भक्तपुर नगरपालिकाले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै डिजिटलाइज्ड नगर निर्माणतर्फ महत्त्वपूर्ण कदमहरू अघि बढाएको स्पष्ट पार्दै जनप्रतिनिधिहरूले इमानदारीपूर्वक जनताको सेवामा समर्पित भएर काम गरिरहेको र नगरवासीको विश्वास र अपेक्षाअनुसार विकास निर्माण तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै अगाडि बढ्न प्रतिबद्ध रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल र ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले नगरपालिकाबाट सञ्चालित शैक्षिक र स्वास्थ्य संस्थाहरूले सर्वसाधारणलाई दिँदै आएको सुलभ र गुणस्तरीय सेवाबारे चर्चा गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवाद ज्ञापन गर्नुभएको उक्त उद्घाटन कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

आइतबार बसेको नगरसभाको पहिलो बैठकले उद्घाटन समारोहलाई भव्यताका साथ सम्पन्न गर्न विशेष योगदान पुऱ्याउनुहुने प्रमुख अतिथि एवं नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित), वाग्मती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाईं र सुजना सैँजुलगायतप्रति धन्यवाद ज्ञापन गरेको छ ।

नगर सभाको आगामी बैठक असार ९ गते दिनको १ बजे बस्ने गरी स्थगित गरेको छ । उक्त सभामा भक्तपुर नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि छलफल सुरू हुनेछ ।

**विद्यार्थीलाई...**

विद्यार्थीहरूलाई पुस्तक, झोला र विद्यालय पोशाकमा सहभागी भए गोली नहानिने बताएको र निर्णायक आन्दोलनको लागि पेट्रोल बम र घरेलु हतियारसमेतलाई प्रवेश गराएको उक्त प्रतिवेदनमा उल्लेख भएको सार्वजनिक भइरहेको छ ।"

भदौ २३ गते निहत्था जनतामाथि गोली हान्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कारवाही हुनु जरूरी भएकोमा सचिव सुवालले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "गएको फागुन २१ गतेको प्रतिनिधिसभाको चुनावमा देशभक्त जनता एक हुन नदिइँदा उपद्रव मच्चाउनेहरू संसद् र सरकारमा पुगेको पनि सार्वजनिक भइरहेको छ । यो परिणामको लागि विदेशी पैसाबाट सञ्चालित गैरसरकारी संस्थाहरूको पैसा खाने र फेसबुकमा पोस्ट गर्नेहरू पनि दोषी हुन् ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले शारदा मा.वि. भक्तपुरकै एक प्रतिष्ठित र शैक्षिक अभियानमा अग्रणी भूमिका निर्वाह गर्दै आएको विद्यालय भएको बताउँदै विद्यालयको भौतिक उपलब्धिसँगै शैक्षिक उपलब्धि हासिल गर्न जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले विद्यालयको उन्नतिमा समुदायको निरन्तर साथ र सहयोग आवश्यक भएको हुँदा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको उत्साहका लागि सामूहिक प्रयास झन् बढ्दै जाने आवश्यकता बोध गर्दै अतिथि गोसाईंले समाज विज्ञान र प्रविधिमा निरन्तर अगाडि बढिरहेकोले शिक्षण विधि र शैक्षिक प्रगतिका लागि प्रविधिको क्षेत्रमा पनि अगाडि बढाउनेतर्फ सबैले सोच्नुपर्ने बेला आएको बताउनुभयो ।

भूकम्पपछि नेपालभरका सांस्कृतिक सम्पदाहरू भत्केको र त्यसको निर्माण भक्तपुरको मोडेलमा सरकार अगाडि बढ्नुपर्नेमा त्यसरी अगाडि नबढेकोमा चिन्ता व्यक्त गर्दै उहाँले विदेशीसँग हात नफैलाई समाज र समुदायलाई साथमा लिएर निर्माणको काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यालयले शिक्षा क्षेत्रमा गर्दै आएको योगदानको चर्चा गर्दै विद्यालयको प्रगतिको कामना गर्नुभयो ।

भ.न.पा वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले शैक्षिक प्रगतिका लागि स्थानीय तहले विद्यालयलाई आर्थिक सहयोग गर्ने गरेको बताउँदै भूकम्पले विद्यालयको भवन क्षति तुल्याए पनि यहाँको शैक्षिक अभियानमा क्षति नपुगोस् भन्ने अभिप्रायले जनप्रतिनिधिहरूले काम गरिरहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक रोशनराज तुइतुईले विद्यालय भवनको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । भक्तपुर नगरपालिका शिक्षा शाखा प्रमुख साधुराम फुयाल, विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् शिक्षाप्रेमी हिमालयश्वरलाल मूल, शिक्षकहरू विनय कोजु, सुशीला कर्माचार्यलगायतले बोल्नुभएको थियो । कार्यक्रमको सभापतित्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर सुवालले गर्नुभएको थियो ।

**अनुसन्धानमूलक...**

नतिजा हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

कानुन अध्येता विजयराम माकले विद्यालयले चौतर्फी विकासको लागि पठन संस्कृतिलाई उच्चतम प्राथमिकतामा राखी पुस्तकालय अभ्यासलाई प्रश्रय दिई मौलिक पहिरनलाई विकास गर्नुपर्ने विचार राख्नुभयो ।

विद्यालयको शैक्षिक प्रगतिको लागि वागीश्वरी माविका प्र.अ कृष्णप्रसाद कर्माचार्य, नवीन आविका प्र.अ प्रकाश गोसाईं, शिक्षासेवी धर्मसुन्दर तुलाधर, कृष्णमान दिवाकर, कानुन अध्येता तुलसीनारायण दन्डेख्वा, सत्यनारायण कासुलालगायतले आ-आफ्नो सुझाव दिनुभएको थियो ।

सभापतिको आसनबाट बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेंले काम गर्दा आउने अवरोधलाई उत्प्रेरणा र ऊर्जाको रूपमा लिनुपर्ने कुरामा जोड दिँदै कुनै पनि संस्थाको विकासको लागि नियमितभन्दा थप समय खटेर काम गर्नुपर्ने विचार राख्नुभयो ।

उक्त कार्यक्रममा विद्यालयका प्र.अ न्हुछेबहादुर खाताख्वोले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने सञ्चालन शिक्षक उद्धव दाहालले गर्नुभएको थियो ।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं
चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण**

आर लामा

# 'तिमी मेरो आत्मा तिमी मेरो श्रृङ्गार'

'तिमी मेरो आत्मा, तिमी मेरो शृङ्गार' - यो हो आफ्नी मायालुप्रति गरिएको एक प्रात्मीय अभिव्यक्ति । सभ्यता र संस्कृतिको विकास हुँदै जानुको अर्थ भाषा र अभिव्यक्तिको उचाइ पनि बढ्दै जानु हो । अभिव्यक्तिको उचाइ र व्यापकता पनि मानिसको वैचारिक क्षितिज सँगसँगै जाने गर्छ ।

कार्ल मार्क्स युवा अवस्थादेखि नै आफ्नो शैक्षिक गहिराइ र व्यापकताबारे प्रसिद्ध छन् । उनले जेनीको बारेमा आफ्ना बुबालाई एक पत्रमा लेखेका थिए- जेनीको अर्थ सुन्दरता हो र सुन्दरताको अर्थ जेनी हुन् । जेनी र युवा मार्क्सको प्रेम कथा एक आदर्श प्रेमकथा हो । त्यसमा भावनाका गहिराइ र विचारको व्यापकता थियो । दुवैको प्रेम र विवाहले मानव समाजलाई अगाडि बढाउन सहयोग पुग्यो । संसारमा सर्वहारा क्रान्ति र वैज्ञानिक समाजवादबारे चर्चा चलेसम्म जेनीको प्रेम, विवाह र योगदानलाई मानिसले बिर्सने छैनन् ।

त्यसो त नेपोलियनको प्रेम-पत्रबारे पनि मानिसहरू चर्चा गर्ने गर्छन् । तर, नेपोलियनकी मायालुले समाजको निम्ति के योगदान गरिन् भन्ने कुरामा कमलाई मात्रै थाहा छ । तर, नेपोलियन आफ्नै महत्त्वाकाङ्क्षाको एक मूर्ति थिए भने समाजको शिखरमा पुगेका मानिसहरूलाई नै आफ्नो लोग्ने रोज्ने केटीहरूको पनि समाजमा कमी छैन । त्यो त आईमाई स्वभावैले महत्त्वाकाङ्क्षी हुन्छन् भन्ने चलन छ । खालि लुगा, गहना, रूप र सम्पत्तिलाई लोग्ने सम्झने आईमाईहरूको त सांस्कृतिक स्तरमै प्रश्न चिन्ह खडा हुन्छ । सांस्कृतिक स्तर माथिल्ला जातले मात्रै उठ्ने होइन, अध्ययनको विषय, सङ्गत र उँचो जीवनको उद्देश्यप्रतिको दृढता र लगनशीलताले निर्धारित गर्छ ।

इन्डोनेसियामा सुकार्नोको साम्राज्यवादविरोधी भावनामा कसैले शङ्का गर्दैनन् तर उनलाई 'हृदयलाई अलग्याई' हिँड्ने राष्ट्रपति पनि भन्ने गर्छन् । १९५२ मा ५१ वर्षको सुकार्नोले २८ वर्षकी आइमाईलाई आफ्नो 'प्रेमको स्रोत' सम्झे र राष्ट्रपतिको बोझलाई उठाउन पर्याप्त सन्तोष र स्फूर्तिको निम्ति मद्दत मागे । सुकार्नो स्वास्नीमानिसबाट आमाको स्नेह, प्रेमिकाको जोश र साथीको सहयोग चाहन्थे । त्यसैको निम्ति ५ वटा केटाकेटी भएकी र पारपाचुके भएकी एक आईमाईसँग उनले दोस्रो विवाह गरे ।

दोस्रो विश्व युद्धको अन्ततिर ५० वर्षको टिटोले १८ वर्षकी जोभान्कासँग प्रेम गर्न थाले । जोभान्का त्यसबेला सर्वियाली गुरिल्ला दलका एक नायिका थिइन् । १९५२ मा टिटो प्रधानमन्त्री भएपछि जोभान्कासँग विहाह गरे । तर, २५ वर्षपछि पनि टिटोले जोभान्कालाई भन्दा आफ्नो पार्टी र देशलाई नै पहिलो स्थान दिए ।

प्रमुखता केलाइदिने हो र को के हो भनी चिन्ने उपाय नै मानिसले दिने प्रमुखताबाट थाहा हुन्छ । लेनिनको विचारमा यौन र वैवाहिक समस्याहरू मुख्य सामाजिक समस्याको एक अङ्गमात्र हो । त्यसैलाई ठूलो समस्याको एक मुख्य भाग बनाएमा त्यसले चिन्तनलाई फिक्का पारिदिन्छ र श्रमिक महिलाहरूको वर्गीय चेतनालाई धमिल्याई दिन्छ । क्रान्तिको समयमा त्यो खतराको कुरा हुन्छ ।

व्यक्तिगत जीवन देशको राजनीति र सिद्धान्तसँग कति गाँसिएको हुन्छ भन्नेबारे लुम्वुवाको अन्तिम पत्र एक उदाहरण बन्न सक्छ । १९६१ फेब्रुअरी महिनामा 'अफ्रिकी सङ्घर्ष' भन्ने एक ट्युनिसियाली पत्रमा पेट्रिस लुम्वुवाले आफ्नो प्रिय पत्नीलाई लेखे- मैले लेखिएका यी शब्दहरू तिमी कहाँ पुग्नेछन् वा छैनन्, तिमीले यी शब्दहरू पढ्दा म जीउँदो हुँला वा हुँदिन मलाई थाहा छैन । हाम्रो देशको स्वतन्त्रताको लागि गरेको सङ्घर्षको अवधिमा मैले कहिल्यै हाम्रो पवित्र उद्देश्यको विजयमाथि शङ्का गरिनँ । त्यसैको निम्ति मैले र मेरा साथीहरूले आफ्ना सारा जीवन समर्पण गर्यौं । हामीले हाम्रो देशको निम्ति सम्मानपूर्वक जीउने अधिकार, धोखा विनाको इज्जत र बन्धनविनाको स्वतन्त्रता भन्ने एउटा कुरा मात्र चाहेका थियौं ।

बेल्जियमेली उपनिवेशवादीहरू र तिनीहरूका पश्चिमी देशहरूले कहिले पनि यस कुरालाई चाहेनन् । संयुक्त राष्ट्र सङ्घमाथि हामीले हाम्रो सारा आशा राखेर सहयोगको लागि अनुरोध गरेका थियौं र त्यसका केही उच्च ओहदाका अधिकारीहरूबाट प्रत्यक्ष वा अप्रत्यक्ष, खुला वा गुप्त रूपले समर्थन पनि पाएका थियौं ।

तिनीहरूले हाम्रा केही देशवासीहरूलाई भ्रष्ट पारे, केहीलाई किने र सत्यलाई बङ्ग्याउन र हाम्रो स्वतन्त्रतालाई कलङ्कित पार्न सबथोक गरे । म बाँचु अथवा मरूँ, स्वतन्त्र हुन्छु वा कारागारमा हुन्छु, यो मेरो व्यक्तिगत प्रश्न होइन भन्ने कुरा म बताउँछु । मुख्य कुरो स्वतन्त्रता कुल्चिँदै गएको हाम्रा दुःखी जनताको देश कङ्गोको हो ।

तिनीहरूले हामीलाई कारागारमा थुनेर राखे पनि, तिनीहरूले हामीलाई जनताबाट टाढा राखे तापनि मेरो विश्वास डग्मगिने छैन ।

मलाई थाहा छ, ढीलो वा चाँडो मेरो जनताले आफ्नो भित्री र बाहिरी शत्रुहरूमाथि विजय पाउनेछन् अनि तिनीहरू पवित्र भूमिमा आफ्नो लाजमर्दो, मर्न लागेको उपनिवेशवादको 'विरोधमा' एक भएर उठ्नेछन् भन्ने कुरा म मेरो हृदयदेखि गम्भीर रूपले अनुभव गर्दै छु ।

हामीहरू एक्लै छैनौं । एसिया, अफ्रिका, स्वतन्त्र जनता र आफ्ना स्वतन्त्रताका निम्ति लडिरहेका सबै ठाउँका जनता सधैं लाखौं कङ्गोली जनतासँग रहनेछन्, हाम्रो देशमा एकजना उपनिवेशवादी बाँकी भएसम्म सङ्घर्ष गर्न छाड्ने छैनन् ।' लुम्वुवाले आफ्ना छोराहरूलाई लेखे-

कङ्गोको भविष्य उज्यालो छ र म तिमीहरूबाट यस्तै हरेक कङ्गोबाट हाम्रो स्वतन्त्रता र सार्वभौमिकतालाई फेरि फिर्ता लिने पवित्र कामको सफलताको आशा गर्छु ।

इज्जतबिना स्वतन्त्रता हुँदैन, न्यायबिना इज्जत हुँदैन र स्वतन्त्रताबिना स्वतन्त्र मानिसहरू हुँदैनन् ।

निर्दयता, बेइज्जती, यातनाले मलाई कहिले दयाको भिक्षा माग्न लगाउन सक्ने छैन, हेला गरिएर बाँच्नुभन्दा मैले चोखो सिद्धान्तहरू त्याग्नुभन्दा म हाम्रो देशको इज्जतमा दृढ विश्वास र ठूलो आस्था राखेर आफ्नो टाउको उँचो उठाएर मर्न मनपराउँछु ।

इतिहासले बोल्ने दिन पनि आउनेछ । तर, त्यो ब्रुसेल्स, पेरिस, वाशिङटन या संयुक्त राष्ट्र सङ्घमा पठाइने इतिहासजस्तो हुनेछैन ।

त्यो इतिहास उपनिवेशवाद र त्यसका टहलुवाबाट स्वतन्त्रता पाइसकेको देशहरूमा पढाइने छन् ।

मेरो निम्ति नरुनु । मेरो पीडित देश आफ्नो स्वतन्त्रता र मुक्तिको रक्षा गर्न सक्ने छ भन्ने मलाई थाहा छ ।'

थाइसचिल जेलबाट लेखेको पत्रसँग लुमुम्बा पनि सहिद भए । त्यो उच्च भावना सबै मायालु, जहान र छोराछोरीहरूलाई के थाहा ! व्यक्तिगत सुखसुविधालाई नै आफ्नो देश र जनताको स्वार्थभन्दा माथि राख्ने तल्लो स्वार्थबाट मुक्ति पाउन आदर्श व्यक्तिहरूबाट प्रेरणा लिनु मात्रै एउटा उपाय छ ।

एउटा रुसी उखानजस्तै दाँत देखाउनुको अर्थ नै हाँस्नु हुँदैन । प्रेम प्रदर्शन गर्नु वा माया देखाउनु नै साँचो आत्मीयता होइन । त्यो एक जाल र धोखा पनि हुन्छ ।

अब युवक युवतीले सिक्नुपर्ने बेला आयो- मेरो देश, मेरा जनता र मेरो शृङ्गार । नत्र जतिसुकै पढे लेखे पनि, सम्पत्ति र स्तर भए पनि, त्यो आत्मा र शृङ्गार, सभ्यता र संस्कृति, प्रगति र विकास 'भैंस के आगे वीणा बजाना' मात्रै होइन न भैंसीको अगाडि बेनबाजा बजाउनु पनि हुनेछ ।

*वर्ष १, अङ्क ११, १० फागुन २०३६*

**सरकारको...**

पकवानहरूमा पाइने पोषक तत्त्वबारे विस्तृत चर्चा गर्नुभयो । खाना आहारमात्र नभई औषधि पनि हुने भन्दै उहाँले हाम्रा पुर्खाको रैथाने ज्ञानमा लुकेको विज्ञानका विभिन्न पाटाबारे केलाउनुभयो ।

फ्याटी एसिड, एमिनो एसिड र फ्लेबोनोइड मिसाएको सन्तुलित आहार खानाले निरोगी बन्न सकिने उहाँको मूल सन्देश थियो ।

शिक्षक राजामान बिजुक्छेंले 'शोभा भाउजू' बारे विभिन्न सम्झनाहरू सुनाउनुभयो ।

'शोभा भाउजू' घरबाहिर मात्र नभएर घरमा पनि सफल बुहारी बन्नुभएको चर्चा गर्दै उहाँले भन्नुभयो, "उहाँले देश र जनताको सेवा गर्ने 'दाइ' को आदर्श अनुरूप जीवनयापन गर्नुभएको थियो ।"

भक्तपुर काण्डको बेला 'शोभा भाउजू' ले समाजका सबै यातना सहनुभएको र कहिल्यै चित्त नदुखाउनुभएको उहाँले स्मरण गर्नुभयो ।

नर्सिङ समाजकी अध्यक्ष देविका दनेखुले मानसिक रूपमा सशक्त हुनाले नै नेतृ शोभा प्रधानले दुईपल्ट क्यान्सरको सामना गर्नुभएको बताउनुभयो ।

क्यान्सरको औषधिमा आज पनि देश पछाडि नै रहेको उहाँले गुनासो गर्नुभयो ।

मानसिक स्वास्थ्यसम्बन्धी चर्चा गर्दै उहाँले देशमा पुरुषभन्दा बढी महिलाहरू मानसिक रोगको सिकार भइरहेको तथ्यिर उतार्नुभयो । उहाँले गाउँमा भन्दा बढी सहरमा, देशमा भन्दा बढी विदेशमा र धनीभन्दा बढी गरिब महिलाहरू बर्सेनि मानसिक रोगको सिकार हुने गरेको तथ्याङ्कहरू पेस गर्नुभयो ।

आयोजक समितिको तर्फबाट बोल्दै नेक्रामसङ्घका अध्यक्ष अनुराधा थापामगरले नेतृ प्रधानले आफ्नो युगको लागि मात्र नभई आउँदो युगका लागि पनि समर्पित जीवन बाँच्नुभएको विचार राख्नुभयो ।

एक महिला घरको चुलोचौकोमा मात्र सीमित नभई आमूल परिवर्तनका लागि सङ्घर्षशील हुन सक्ने एक उदाहरणको रूपमा नेतृ प्रधान सदा स्मरणीय रहने उहाँले बताउनुभयो ।

सभामा आयोजक समितिकी सदस्य पवित्रा शाहीले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चालन गङ्गा वैद्यले गर्नुभएको थियो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३